सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

३ माघ २०८२, शनिबार (17 Jan 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २६८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

अभियोग संशोधनले खोल्यो पीडितको बचत फिर्ता हुने कानुनी ढोका

■ न्याय कसलाई चाहिएको ? सहकारीपीडितलाई कि नेतालाई ?

अहिलेको कानुनी प्रावधानअनुसार सहकारी ठगी मुद्दामा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दासमेत जोडिँदा अन्तिम फैसला नभएसम्म पीडितले बचत फिर्ता नपाउने अवस्था छ। तर, अब अभियोगपत्र संशोधन भएमा कुनै पनि बखत सहकारीका सञ्चालक र पीडितबिच मिलापत्र भई बचत फिर्ता हुन सक्छ।

सहकारीपीडितले न्याय नपाउने अवस्थाको अन्त्य भएको छ

● **डा. नारायण कँडेल,** अधिवक्ता



महान्यायाधिवक्ता कार्यालयको निर्णयले सहकारीका सञ्चालकले पीडितलाई पैसा फिर्ता दिन पाउने अवस्था सिर्जना भएको छ। संसारभरको फौजदारी न्याय प्रणाली पीडितमैत्री हुन्छ र पीडकलाई मात्र सजाय हुनुपर्छ। एक व्यक्तिप्रति राजनीतिक पूर्वाग्रहप्रेरित मुद्दा लगाइँदा देशभरका पीडितले न्याय नपाउने अवस्था सिर्जना भएकोमा अहिले त्यसको अन्त्य भएको छ।

कांग्रेस-एमालेको पकडमा रहेको नेपाल बारको भने आपत्ति

पोखरामा **रोहितराज पराजुली**

अदालतमा वर्षौंसम्म मुद्दा लम्बिँदा सहकारीपीडितले बचत फिर्ता नपाउने विद्यमान अवस्थालाई चिर्दै महान्यायाधिवक्ताको कार्यालयले गरेको अभियोगपत्र संशोधनको निर्णयले पीडितको रकम फिर्ता हुने कानुनी बाटो खोलिदिएको छ। यसबाट 'हाम्रो बचत सावाँ-ब्याजसहित फिर्ता पाउनुपर्छ' भन्ने पीडितहरूको मुख्य सरोकार पनि सम्बोधन हुने देखिन्छ।

रकम फिर्ता गरेर मिलापत्र गर्न मिल्ने गरी महान्यायाधिवक्ताको कार्यालयले बुधबार सहकारी ठगीको कसुरमा लगाइएका संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा अभियोगपत्र संशोधन गर्न स्वीकृति दिएको थियो। रास्वपा सभापति रवि लामिछानेले दिएको निवेदनलाई आधार बनाएर महान्यायाधिवक्ताको कार्यालयले त्यस्तो निर्णय गरेको हो।

हालको कानुनी प्रावधानअनुसार सहकारी ठगी मुद्दामा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दासमेत जोडिएको अवस्थामा मुद्दाको अन्तिम फैसला नभएसम्म पीडितहरूले बचत फिर्ता नपाउने अवस्था छ। तर, ती अभियोग संशोधन भएमा कुनै पनि बखत सहकारीका सञ्चालक र बचतकर्ताबिच मिलापत्र हुन सक्छ।

सहकारी ठगी प्रकरणमा हजारौँ सर्वसाधारणको अर्बौँ रुपैयाँ फसेको छ। अहिलेसम्मको मुद्दा अभियोजन प्रक्रियामा कसैलाई जोगाउने त कसैमाथि प्रतिशोध साध्ने नियतसहित अधिक अपराध गर्ने गरेको आरोप लाग्दै आएको छ। बचतकर्ताको रकम फिर्तालाई प्राथमिकता

» पृष्ठ २ मा क्रमशः

● **सूर्यदर्शन सहकारीपीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठ भन्छन्–**

हाम्रो सरोकार बचत रकम फिर्ता पाउनुपर्‍यो भन्ने हो, त्यसका लागि अदालतमा चलेको मुद्दा पनि फिर्ता लिन तयार छौं



हामीले मुद्दा-मामिला गरेको तीन वर्ष हुन लाग्यो। तर, केही उपलब्धि भएको छैन, बचतकर्ताहरूले केही पनि पाएका छैनन्। हाम्रो मुख्य सरोकार हामीले गरेको बचत रकम फिर्ता पाउनुपर्‍यो भन्ने हो। पीडितहरूको पैसा फिर्ता हुने अवस्थामा हामी सबैसँग मिलापत्र गर्न तयार छौं। अदालतमा चलेको मुद्दासमेत फिर्ता लिन तयार छौं। मिलेर समाधान हुने कुरामा जति हुन्छ, लचिलो भएर सहकार्य गर्न तयार छौं।

महान्यायाधिवक्ता कार्यालयले रवि लामिछाने, जिबी राई, छविलाल जोशीलगायतमाथि लगाइएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा संशोधन गरेर सहकारी ठगीको मुद्दा मात्रै यथावत् रहने निर्णय गरेको रहेछ। हामी भन्छौं- सहकारी ठगीको मुद्दा पनि मिलाऔं। बचतकर्ताले आफ्नो बचत फिर्ता पाउने वातावरण बनाऔं। जसले बचत हिनामिना गरेको हो उनीहरूले तिरून्, नभए राज्यले आफ्नो कोषबाट फिर्ता गर्ने व्यवस्था मिलाओस्। हामी पीडितहरूलाई आफ्नो रकम फिर्ता पाए हुन्छ, अरू केही चाहिएको छैन।

सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा फिर्तापछि हामीलाई अब जिबी राई पनि आउँछन् कि भन्ने आशा पलाएको छ। अब बचतकर्तासँग उधारो कुरा नगर्रौं, हामी धेरै समस्यामा परिसकेका छौं। बचत रकम सुनिश्चित हुने अवस्था बनाऔं, अब गुमराहमा राख्ने काम नहोस् भन्ने कामना छ।

रवि लामिछाने 'देश बनाउँछु, देशमा भएको बेथिति, भ्रष्टाचार अन्त्य गर्दै सुशासन कायम गर्छु' भनेर हिँडेको मानिस हो। उसलाई सधैं मुद्दा मात्र लगाएर अल्झाउने गर्नुहुँदैन। 'केही गर्छु' भनेर आएका र हिँडेका व्यक्तिलाई वातावरण पनि मिलाइदिनुपर्छ। हामी रविलाई भन्छौं- तपाईंले सूर्यदर्शन सहकारीमा तिर्नुपर्ने बिगो कति छ, त्यो ल्याएर सहकारीमा तिर्नुहोस्। त्यो रकम मुद्दाको फैसला नभएसम्म सहकारीमा सुरक्षित हुन्छ। भोलि अदालतले फैसला गर्दा दोषी देखिए सोही रकमबाट तिर्नुपर्ने पैसा असुल गर्रौंला, निर्दोष भए तपाईंले जम्मा गरेको पैसा फिर्ता गर्रौंला। जसले जे गरे पनि आखिरमा नमिली कसैलाई सुख छैन, त्यसैले मिल्ने र मिलाउने काममा ढिलाइ नगर्रौं र नहोस् भन्ने हाम्रो चाहना हो।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

कांग्रेस अब गगनको काँधमा

कांग्रेस विशेष महाधिवेशन र नयाँ नेतृत्वलाई निर्वाचन आयोगको मान्यता, बदलियो कांग्रेसभित्रको शक्तिसन्तुलन, देउवा समूह राजनीतिक र कानुनी प्रतिवादमा जाने



● **गगन थापा,** सभापति

आजबाट कांग्रेसमा कुनै गुट छैन, गुटगत भागबन्डा हुनेछैन, लाग्नेछैन। जिम्मेवारी फरक होला, तर भुइँतहमा रहेका सदस्य र तपाईंको केन्द्रीय सभापतिको समान हैसियत हो, हुनेछ। तपाईंहरूको चाहना नै हाम्रो निर्णयको आधार हुनेछ। अब कांग्रेस बदलिएको छ, बदलिनेछ। कांग्रेसले मूल्य र सिद्धान्तविपरीत गएर कुनै सम्झौता गर्नेछैन। सत्ताका लागि जोसँग जहिले पनि अप्राकृतिक गठबन्धन गर्ने कुरा अन्त्य हुनेछ।



● **विश्वप्रकाश शर्मा,** उपसभापति

विधिवत् प्रक्रियाअनुसार आयोगबाट जे निर्णय भएको छ, यसलाई नवीन नेपालका लागि नवीन कांग्रेसको सुरुवातका रूपमा लिनुपर्छ। पार्टीका सबै अग्रज नेताहरूलाई सविनय निवेदन गर्न चाहन्छौं। इतिहासको घडीमा विधि र प्रक्रियाको यो घडीमा पुरानो आवेगका कुरा बिर्सनुपर्छ। एकताबद्ध भएर अघि बढ्नुपर्छ। कोटकचरीतिर लागेर समय खेर नफाल्न म सबैलाई आग्रह गर्छु।

पर्शुराम काफ्ले/नयाँ पत्रिका

निर्वाचन आयोगले कांग्रेसको आधिकारिकताको विवाद निरूपण गर्दै विशेष महाधिवेशनबाट सभापतिमा निर्वाचित गगन थापा नेतृत्वको केन्द्रीय कार्यसमितिलाई मान्यता दिएको छ। नयाँ केन्द्रीय कार्यसमितिलाई अद्यावधिक गर्ने आयोगको शुक्रबारको निर्णयसँगै आधिकारिकता विवाद निरूपण भएको छ। यसले कांग्रेसभित्रको शक्तिसन्तुलनलाई पूर्णतः उल्ट्याइदिएको छ।

१४औं महाधिवेशनबाट सभापतिमा निर्वाचित शेरबहादुर देउवा समूहले भने सेटिङमा आयोगको निर्णय आएको आरोप लगाउँदै राजनीतिक र कानुनी प्रतिवाद गर्ने घोषणा गरेर मुद्दा सर्वोच्च अदालतसम्म लैजाने जनाउ दिएको छ। यस्तो अवस्थामा कांग्रेसको विवाद अब न्यायालय प्रवेश गर्न सक्ने देखिएको छ।

शुक्रबार थापा समूहसँग र देउवा समूहसँग छलफल गरेपछि साँझ बसेको आयोग पदाधिकारी बैठकले विशेष महाधिवेशन, त्यसबाट निर्वाचित नेतृत्व र नयाँ केन्द्रीय कार्यसमितिलाई मान्यता दिने निर्णय गरेको हो। आयोगले पार्टीको विधान, प्रक्रिया र दर्ता अभिलेखका आधारमा आधिकारिकताको

» पृष्ठ २ मा क्रमशः



नेपाली कांग्रेसको आधिकारिकता विवाद निरूपणमा निर्वाचन आयोगले मूलतः तीन आधार लिएको छ। आयोगले औपचारिक विज्ञप्तिमार्फत आधारहरू नखुलाए पनि उसले कांग्रेस विधानको दफा १७ (२०) लाई हेरेको छ। यसअनुसार विशेष महाधिवेशन बाध्यकारी व्यवस्था भएको र महाधिवेशन पार्टीको सर्वोच्च निकाय भएकाले त्यसले गठन गरेको केन्द्रीय समितिलाई अद्यावधिक गर्न उपयुक्त हुने आयोगको ठहर छ। पार्टीका ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरेकोलाई पनि आयोगले आधार मानेको छ। त्यस्तै, महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षर दर्ता गरेको ९० दिनभित्र विशेष महाधिवेशन गरिएकाले पनि वैधानिक भएको आयोगको ठहर छ।

निवर्तमान कार्यवाहक सभापति पूर्णबहादुर खड्का

आयोगको निर्णय षड्यन्त्रपूर्ण छ, राजनीतिक र कानुनी लडाइँ लड्छौं



आयोगको निर्णय प्रक्रियागत, कानुनी र वैधानिक रूपमा षड्यन्त्रपूर्ण छ। हामी यो निर्णय खारेज गर्छौं र प्रतिवाद गर्छौं। निर्वाचन आयोगले संस्थापन पक्षलाई एकपटक पनि नबोलाई आयोगकै विगतको प्रक्रियालाई बेवास्ता गरेर निर्णय गरेको छ। हामी राजनीतिक, वैधानिक र कानुनी लडाइँ लड्छौं। यो निर्णय धेरै समयदेखिको सेटिङमा भएको हो। यसको हामी राजनीतिक र वैधानिक प्रतिवाद गर्छौं। केन्द्रीय कार्यसमिति बसेर आन्दोलनको निर्णय लिन्छौं।

देउवा समूहले बोलायो केन्द्रीय समिति बैठक

निर्वाचन आयोगबाट आधिकारिकता नपाएपछि कांग्रेसको शेरबहादुर देउवा समूहले शनिबार बिहान केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ। समूहका कार्यवाहक सभापति पूर्णबहादुर खड्काले केन्द्रीय पदाधिकारी, सदस्य, आमन्त्रित सदस्य र प्रदेश कार्यसमिति सभापतिहरूलाई बोलाएका छन्। पार्टीकै लेटरहेडमा बैठक बोलाइएको सूचना आएको छ। खड्काले आयोगको निर्णयविरुद्ध राजनीतिक र वैधानिक लडाइँ लड्ने चेतावनी दिइसकेका छन्। देउवा समूहले आन्दोलन घोषणा गर्ने तयारी गरेको छ।

कांग्रेस विभाजन हुनु लोकतन्त्रका लागि दुःखद : ओली



● **एमालेको राजधानी प्रदेश कमिटीले शुक्रबार आयोजना गरेको कार्यक्रममा एमाले अध्यक्ष ओलीले भने–**

नेपाली कांग्रेस विभाजन हुनु नेपालको लोकतन्त्रका लागि दुःखद विषय हो। लोकतन्त्र लुटिएको, पिटिएको, प्रणाली घायल बनाइएको र संविधान मिचिएको अवस्थामा देशका लागि एकजुट भएर लड्नुपर्ने वेला कांग्रेस आपसी संघर्षमै अल्झिएको देख्दा चिन्तित छौं। यी काम कसले गराइरहेको छ र किन भइरहेको छ भन्ने प्रश्न गम्भीर छ।

झ्यालबाट नयाँ



मेरो जुत्ता फिर्ता गरिदिनुहोला



जेन-जी विद्रोहका क्रममा घाइते भएका प्रकाश बोहराको जुत्ता आन्दोलनको प्रतीक बन्यो, उनलाई भेटून भने एक महिनासम्म अस्पतालमा कोही गएनन्

ईशान बाल तथा महिला अस्पताल प्रा. लि.
ISHAN CHILDREN AND WOMEN'S HOSPITAL PVT. LTD.
टोखा-०५, बसुन्धारा, काठमाडौं
31 YEARS OF SERVICE ISHAN HOSPITAL
ISO 9001:2015 Certified



स्वास्थ्यमा सशक्त आमा,
भविष्यमा सक्षम बालबालिका

किन ईशान अस्पताल ?

- बालमैत्री
- विशेषज्ञ चिकित्सकहरूद्वारा २४ सै घण्टा आपतकालीन सेवाहरू
- बहु-विशिष्टिकृत बाल सेवाहरू
- सम्पूर्ण नवजात शिशु, बाल तथा किशोर उपचार र सेवाहरू
- आघात/अर्थोपेडिक उपचार
- NICU/PICU सेवा
- CT Scan
- शनिबार सहित बिहान ७ बजे देखि बेलुका ८ बजेसम्म OPD सेवाहरू
- शनिबार सहित दैनिक खोप सेवाहरू (बाल बालिका देखि ज्येष्ठ नागरिक सम्म)
- बहु-विषय क्लिनिक: डाउन सिन्ड्रोम र अटिजम
- २४ सै घण्टा ल्याब तथा एक्स-रे सेवाहरू
- 4D अल्ट्रासाउन्ड सेवा


Contact US:
facebook.com/ishan.hospital.2025 ishanhospital.com.np tiktok.com/@ishanhospital
+977-1-4959560 +977 9846991669 info@ishanhospital.com.np

■ झापा ५ 'इलेक्सन इपिसेन्टर'

ओलीको बिरासतलाई बालेनको चुनौती

प्रतिस्पर्धा कडा हुने अनुमानबिच मतदाता उत्साही

चियापसलदेखि सामाजिक सञ्जालसम्म र दमकदेखि गौरीगन्जसम्म चुनावी बहस




झापामा **चिरञ्जीवी घिमिरे**

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचन नजिकिँदै गर्दा झापा क्षेत्र नम्बर ५ राष्ट्रिय राजनीतिको केन्द्रविन्दु बन्दै गएको छ। पूर्वप्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी ओली र काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र शाह (बालेन)बिच प्रत्यक्ष प्रतिस्पर्धा हुने निश्चित भएसँगै यो क्षेत्रलाई 'इलेक्सन इपिसेन्टर'का रूपमा हेरिन थालिएको छ।

ओली र बालेनजस्ता दुई फरक पुस्ता, फरक

» पृष्ठ २ मा क्रमशः



■ **'लक्की'को घरमा बालेनको चुनावी 'हेडक्वार्टर'**

बिहीबार झापा आइपुगेका बालेनका सहयोगीले दमक ५ मा डेराको टुंगो लगाइसकेका छन्। रास्वपा नेतृ विन्दु सिटौला 'लक्की'को घर बालेनको चुनावी केन्द्र बनाइने सहमति भएको छ। बालेन मनोनयनको अघिल्लो दिन झापा आइपुग्ने तयारीमा छन्। विन्दु रास्वपाको समानुपातिक सूचीका लागि प्राइमरी इलेक्सनमा भाग लिएकी नेतृ हुन्। बालेनको सचिवालयका अनुसार चुनाव परिचालनका लागि अन्य घर पनि आवश्यक पर्ने भएकाले त्यसको पनि खोजी भइरहेको छ।

सामाजिक सञ्जालको दुरुपयोगमा कडाइ गर्न आयोगको ध्यानाकर्षण

सामाजिक सञ्जालमार्फत मतदातालाई प्रभावित पार्ने प्रयास बढ्दै गएको भन्दै त्यसप्रति आयोग सचेत र कडा हुनुपर्नेमा विघटित संसद्का प्रमुख राजनीतिक दलहरूको जोड

नयाँ पत्रिका

विघटित संसद्का प्रमुख राजनीतिक दलहरूले आसन्न निर्वाचन प्रभावित पार्ने उद्देश्यले सामाजिक सञ्जालको व्यापक दुरुपयोग हुन थालेको भन्दै त्यसलाई नियन्त्रण गर्न निर्वाचन आयोगको गम्भीर ध्यानाकर्षण गराएका छन् । निर्वाचन आचारसंहिता कार्यान्वयनमा लैजानुअघि शुक्रबार आयोगले आयोजना गरेको अन्तिम छलफलमा सहभागी नेताहरूले सामाजिक सञ्जालमार्फत मतदातालाई प्रभावित पार्ने प्रयास बढ्दै गएको भन्दै त्यसप्रति आयोग सचेत र कडा हुनुपर्नेमा जोड दिएका हुन् ।

कांग्रेस प्रचार विभाग प्रमुख मीन विश्वकर्माले पहिले 'मसल्स' र त्यसपछि 'मनी'को दुरुपयोग हुने गरेकोमा अहिले सूचना प्रविधि र सामाजिक सञ्जाल निर्वाचन प्रभावित पार्ने मुख्य माध्यम बन्दै गएको बताए । 'पहिले मसल्सको दुरुपयोग हुन्थ्यो, त्यसपछि पैसाको कुरा आयो, तर अहिले सामाजिक सञ्जालमार्फत मतदातालाई प्रभावित पार्ने सम्भावना झन् बढेको छ,' उनले भने, 'फलानो प्रधानमन्त्रीको कति भोट आउँदै छ भनेर सर्वेक्षणका नाममा निर्वाचन शब्दकै दुरुपयोग भइरहेको छ ।'

उनले सामाजिक सञ्जालको दुरुपयोग नियन्त्रण र व्यवस्थापन गर्ने क्षमता निर्वाचन आयोगसँग हुनुपर्नेमा जोड दिए । साथै पार्टी-पार्टीबिचको प्रतिस्पर्धामा राष्ट्रिय झन्डाको अत्यधिक प्रयोग भइरहेको भन्दै झन्डालाई राजनीतिक प्रतिस्पर्धाको साधन बनाउन नपाइने व्यवस्था गर्न पनि आग्रह गरे । सबै विषय समेट्न खोज्दा आचारसंहिता 'उँट'जस्तै बनेको र कार्यान्वयन कठिन हुन सक्ने उनको भनाइ थियो ।

एमाले सचिव डा. राजन भट्टराईले उम्मेदवारी दर्तापछि चुनावको १७ दिनअघिबाट मात्र घरदैलो र प्रचार गर्न पाउने व्यवस्था अव्यावहारिक रहेको बताए । '६ गते उम्मेदवारी दर्ता गरेर उम्मेदवारलाई घरमै बस भन्न खोजिएको हो ? मतदाताले पनि उनीहरूलाई बस्न दिन्छन् ?' उनले प्रश्न गरे, 'यस्ता अव्यावहारिक प्रावधान सच्याउनुपर्छ ।' उनले मनी र मसल्सको प्रयोग नियन्त्रण गर्न प्रभावकारी अनुगमन प्रणाली आवश्यक रहेको भन्दै आयोगको तयारीमाथि प्रश्न उठाए ।

नेकपाका नेता वर्षमान पुनले प्रधानमन्त्री तथा मन्त्रीहरूबाटै अमुक दल वा व्यक्तिलाई लक्षित गर्दै 'पुरानालाई होइन, नयाँलाई जिताउनुस्' भन्ने अभिव्यक्ति आएको भन्दै गम्भीर आपत्ति जनाए । 'राज्यशक्ति र स्रोत-साधनको दुरुपयोग नहोस् भन्नेमा निर्वाचन आयोग अत्यन्त संवेदनशील हुनुपर्छ,' उनले भने, 'गैरदलीय सरकार भनिए पनि संघ, प्रदेश र स्थानीय तहका सरकार छन् । आचारसंहिता राम्रो छ, तर कार्यान्वयन हुन्छ कि हुँदैन ?' सूचना प्रविधि क्षेत्रको अनुगमनमा पनि आयोगले विशेष ध्यान दिनुपर्ने उनको माग थियो ।

छलफलमा रास्वपा, जसपा नेपाल, राप्रपा र नेमकिपाका नेताहरूले फेक आइडीमार्फत भइरहेको निर्वाचनकेन्द्रित भ्रमपूर्ण प्रचार नियन्त्रण गर्न आयोग सक्षम हुनुपर्नेमा जोड दिए । छलफलमा जसपा नेपालका केशव झा, जसपा नेपाल अशोक राई समूहका महासचि सुरेन्द्र झा, राप्रपाका नेता केदारबहादुर अधिकारी, नेमकिपाका सरोजराज गोसाईंसहितका नेताहरू सहभागी थिए ।

प्रमुख आयुक्त- 'नो नट एगेन' प्रचार निषेध

प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले उम्मेदवार र दलले आफ्नो पक्षमा मात्र प्रचार गर्न पाउने र कुनै दल वा उम्मेदवारलाई 'फेरि जिताउनै हुँदैन' भन्ने किसिमको प्रचार पूर्ण रूपमा निषेध गरिएको बताए । 'नो नट एगेन'जस्ता प्रचार गर्न पाइँदैन । म मात्र सक्षम, अरू सबै अयोग्य भन्ने अर्थ लाग्ने निषेधको राजनीति आचारसंहिताबाट कडाइका साथ रोकिएको छ,' उनले भने ।

भण्डारीले पैसाको चलखेल रोक्न दलहरूबिच सहमति देखिएको भन्दै त्यसका लागि धन्यवाद दिए । 'पैसाको चलखेल भए आयोगलाई जानकारी दिनुस्, निवेदन नै दिनुपर्दैन,' उनले भने, 'मत किन्ने प्रयास भए उम्मेदवारको मनोनयन नै खारेज हुन सक्छ ।'

आचारसंहिता कडा देखिए पनि यसको कार्यान्वयनले प्रतिस्पर्धी दलहरूलाई नै लाभ पुग्ने उनको धारणा थियो । आयोगले १२ पुसमै निर्वाचन आचारसंहिता, २०८२ स्वीकृत गरिसकेको छ, जुन उम्मेदवारी दर्ताअगावै लागू हुनेछ ।

कस्तो छ आचारसंहिता ?

आचारसंहिताअनुसार कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा स्रोत-साधन प्रयोग गर्न, सरकारी वा सार्वजनिक संस्थाभित्र चुनावी गतिविधि गर्न, विद्यालय क्षेत्रभित्र प्रचार गर्न पाइँदैन । दल वा उम्मेदवारको चुनाव चिह्न अंकित कपडा, टोपी, झोला, ब्याच, स्टिकर, ट्याटुजस्ता सामग्री उत्पादन, प्रयोग, बिक्री-वितरण वा प्रदर्शन गर्न पनि निषेध गरिएको छ ।

चरित्रहत्या हुने गरी प्रचार गर्न, बालबालिकालाई चुनावी गतिविधिमा प्रयोग गर्न, निषेधित समय र स्थानमा जुलुस वा सभा गर्न, सार्वजनिक यातायात अवरुद्ध हुने गतिविधि गर्न नपाइने उल्लेख छ । सामाजिक सञ्जालमा गलत, भ्रामक, द्वेषपूर्ण सूचना प्रवाह गर्न, फेक एकाउन्ट वा झुटा साइट सञ्चालन गर्न, हेट स्पिच प्रयोग गर्न तथा मत सर्वेक्षण र परिणाम सार्वजनिक गर्नसमेत रोक लगाइएको छ ।

यसैगरी, मतदाताको गोपनीयता भंग गर्ने, मतदानमा खटिएका कर्मचारीलाई हतोत्साहित गर्ने तथा निर्वाचनको स्वच्छता र निष्पक्षता प्रभावित पार्ने कुनै पनि गतिविधि गर्न नपाइने आचारसंहितामा स्पष्ट गरिएको छ ।

ओलीको...

पृष्ठ १ बाट क्रमशः

शैली र फरक राजनीतिक पृष्ठभूमिका नेताबिचको भिडन्तले झापा ५ मात्र होइन, समग्र देशको ध्यान तानेको छ । चियापसलदेखि सामाजिक सञ्जालसम्म, दमकदेखि गौरीगन्जसम्म चुनावी बहस तातिएको छ । लामो बिरासत बोकेको यस क्षेत्रमा यसपटक पनि ओलीले प्रतिस्पर्धा गर्ने निश्चित छ ।

झापा ५ एमाले अध्यक्ष ओलीको परम्परागत निर्वाचन क्षेत्र हो । ०४८ देखि अहिलेसम्म भएका प्रायः सबै निर्वाचनमा यही क्षेत्रबाट प्रतिस्पर्धा गरेका ओली ६ पटक संसद्मा पुगिसकेका छन् । ०६४ मा पराजय भोगे पनि त्यसयता उनले यो क्षेत्र आफ्नो बलियो आधारका रूपमा जोगाइरहेका छन् । यसपटक पनि एमाले दमक नगर समितिले ओलीलाई झापा ५ बाट सर्वसम्मत उम्मेदवार सिफारिस गरेको छ ।

उता, ०७९ मा काठमाडौं महानगरको मेयर जितेपछि राष्ट्रिय राजनीतिमा नयाँ तरंग ल्याएका बालेन अहिले रास्वपाका वरिष्ठ नेता र प्रधानमन्त्रीका घोषित उम्मेदवार हुन् । ओलीको 'कोर एरिया' मानिने झापा ५ बाटै चुनाव लड्ने निर्णयसँगै उनको चर्चा झन् चुलिएको छ । बालेनले दमकमा डेरा खोजिसकेपछि यो प्रतिस्पर्धा केवल चर्चामा सीमित नरही व्यवहारमै प्रवेश गरेको छ ।

दमक बहुमुखी क्याम्पसका पूर्वक्याम्पस प्रमुख मोहन भण्डारीका अनुसार दुई चर्चित पात्रबिचको प्रतिस्पर्धाले मतदातामा असाधारण उत्साह देखिएको छ । 'यो निर्वाचन मनोवैज्ञानिक रूपमा पनि फरक छ । ओलीलाई हराउन बालेन यहीं आएका हुन् भन्ने बुझाइ मतदातामा छ । त्यसैले प्रतिस्पर्धा निकै कडा हुने देखिन्छ,' भण्डारी भन्छन् ।

एमाले भने यस क्षेत्रलाई अझै पनि सुरक्षित ठान्छ । एमाले झापाका अध्यक्ष प्रेम गिरीले ओलीको चाहना र संगठनको सिफारिस दुवै झापा ५ मै केन्द्रित रहेको बताए । 'अध्यक्षज्यूले यहीँबाट चुनाव लड्ने निर्णय गर्नुभएको छ । संगठन बलियो छ, जनसमर्थन हाम्रो पक्षमा छ,' गिरीको दाबी छ, 'कसैको इसारामा सिँगौरी खेल्न आएका व्यक्तिका कारण क्षेत्र छाड्ने कुरा हुँदैन । यो हाम्रो सुरक्षित क्षेत्र हो ।' अध्यक्ष गिरीले एमालेको संगठनको बल र नागरिकको समर्थनमा विगतभन्दा धेरै मतान्तरमा ओलीले निर्वाचन जित्ने दाबी गरे ।

रास्वपा झापाका कार्यवाहक सभापति प्रकाश पाठक भने बालेनको आगमनसँगै पार्टीको संगठनात्मक उत्साह उल्लेखनीय रूपमा बढेको बताउँछन् । 'झापा ५ नै अब निर्वाचनको इपिसेन्टर बन्नेछ । ओलीविरुद्धको प्रतिस्पर्धा यसपटक निर्णायक हुन्छ,' पाठकले भने, 'हामीले ओलीविरुद्ध पहिला पनि स्वर्णिम वाग्लेलाई उठाउन माग गरेका थियौं । बालेन आउँदा त त्योभन्दा राम्रो भयो ।'

०७९ को निर्वाचनमा ओलीले ५२ हजार ३१९ मतसहित विजयी भएका थिए । त्यतिवेला कांग्रेसका खगेन्द्र पाण्डव अधिकारीले २३ हजार ७४३ र रास्वपाका सुरेशकुमार पोखरेलले ११ हजार ७५९ मत पाएका थिए । यहाँ समानुपातिकतर्फ एमालेले ३५ हजार ८७२ र रास्वपाले १८ हजार २०५ मत ल्याएको थियो । यसपटक झापा ५ मा कुल एक लाख ६३ हजार ३७९ मतदाता छन् । तीमध्ये नौ हजार ९० नयाँ मतदाता थपिएका छन्, जसले चुनावी गणितलाई थप अनिश्चित बनाएको छ ।

हकप्रद शेयर आवेदन म्याद थप सम्बन्धी सूचना

सारथी इक्विटी फण्ड लिमिटेडको मिति २०८२/१०/०२ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस कम्पनीद्वारा जारी गरिएको हकप्रद शेयर खरिदका लागि आवेदन दिने म्याद थप गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

यसअघि मिति २०८२ साल पौष ३० गतेसम्म कायम रहेको हकप्रद शेयर खरिद आवेदन दिने म्याद, मिति २०८२ साल माघ २१ गतेसम्म कायम रहनेसबै शेयरधनी महानुभावहरूको जानकारी लागी अनुरोध गर्दछौं । यस सम्बन्धी अन्य शर्त तथा विवरणहरू यसअघि प्रकाशित सूचनाअनुसार यथावत् रहने व्यहोरा समेत जानकारी गराउँदछौं ।

सम्बन्धित सबै शेयरधनी महानुभावहरूलाई तोकिएको थप गरिएको म्यादभित्र आवेदन दिन अनुरोध गर्दछौं ।

बागमती प्रदेश सरकार,
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भक्तपुर अस्पताल, भक्तपुर
नेपाल

विद्युतीय वोलपत्र रद्ध गरिएको सूचना

प्रकाशित मितिः २०८२/१०/०३

यस अस्पतालले सुरक्षा गार्डको सेवा खरिद सम्वन्धी विद्युतीय वोलपत्र (BHB/G/NCB-11/82/83) विद्युतीय खरिद प्रणालीको माध्यमबाट मिति २०८२/०६/१३ मा आव्हान गरेकोमा प्राविधिक कारणबस रद्ध गर्नुपर्ने भएकाले उक्त विद्युतीय वोलपत्र रद्ध गरिएको व्यहोरा सम्वन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

नि. अस्पताल निर्देशक

कांग्रेस...

पृष्ठ १ बाट क्रमशः

निष्कर्ष निकालेको जनाएको छ ।

आयोगको निर्णयपछि थापा नेतृत्वको कांग्रेसले त्यसलाई ऐतिहासिक र निर्णायक कदमका रूपमा स्वागत गरेको छ । कांग्रेस नेतृत्वले आन्तरिक विभाजन अन्त्य गर्दै सबै धारलाई समेटेर 'नयाँ कांग्रेस' निर्माण गर्ने र विशेष महाधिवेशनबाट पारित नीति तथा कार्यक्रम तत्काल कार्यान्वयनमा लैजाने प्रतिबद्धता व्यक्त गरेको छ । तर, विवाद राजनीतिक रूपमा थामिन्छ कि सर्वोच्च अदालतसम्म पुगेर नयाँ अध्याय सुरु हुन्छ भन्ने प्रश्न यथावत् छ ।

कांग्रेसको आधिकारिकता दाबी गर्दै शुक्रबार सुरुमा देउवा नेतृत्वको समूह आयोग गएको थियो । त्यहाँबाट फर्केर देउवा समूहले आयोजना गरेको पत्रकार सम्मेलनमा कार्यवाहक सभापति पूर्णबहादुर खड्काले विशेष महाधिवेशन पार्टीले आयोजना नगरेको उल्लेख गर्दै त्यसलाई मान्यता दिए देशव्यापी आन्दोलन गर्ने चेतावनी दिए । त्यसलगत्तै थापा नेतृत्वको समूह निर्वाचन आयोग पुगेको थियो । थापा नेतृत्वको कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा र पुष्पा भुसालले विशेष महाधिवेशन विधानसम्मत भएको जिकिर गरेका थिए ।

दुवै पक्ष कानुनविद्हरूसहित आयोग गएका थिए । दुवै समूह आयोगमा युवाहरूको भिडसहित गएका थिए । आयोगमा दिनभरि देउवा र थापा समूहका युवाहरूले आफ्नो पक्षमा नाराबाजी र प्रदर्शन गरेका थिए ।

बुधबार कांग्रेसको विशेष महाधिवेशनले गगन थापा नेतृत्वमा १३४ सदस्यीय केन्द्रीय कार्यसमिति गठन गरेको थियो । शेरहादुर देउवा नेतृत्वको कांग्रेस केन्द्रीय समितिले बुधबारै तत्कालीन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्मा तथा सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई पाँच वर्षका लागि पार्टीको साधारण सदस्यसमेत नरहने गरी निष्कासन गरेको थियो । कारबाहीसम्बन्धी चिठी बुधबारै आयोगमा पुगेको थियो । विशेष महाविधेशन पक्षधरले पनि पार्टीको विशेष महाविधेशनअघि, त्यस क्रममा र पछि निर्वाचन आयोगलाई दस्ताबेज बुझाइसकेको छ ।

शुक्रबार कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले कार्यवाहक सभापति खड्कालगायतलाई स्वागत गर्दै सम्बोधन गरेका थिए । तर, थापा समूहको कुरा सुने, तर सम्बोधन गरेनन् ।

देउवा समूहमा वरिष्ठ अधिवक्ता खम्बबहादुर खाती, वरिष्ठ अधिवक्ता शेरबहादुर केसीलगायतले वैधानिकताको दाबी पेस गर्ने दस्ताबेज तयार गरेका थिए । थापा समूहमा वरिष्ठ अधिवक्ता सीताराम केसीको नेतृत्वमा यदुनाथ खनालगायत कानुनविद्हरूको समूहले तयार विशेष महाधिवेशनको वैधानिकताका पक्षमा दस्ताबेज तयार गरेका थिए ।

निर्वाचन आयोगमा उपसभापति शर्माले मुलुक, विधि र पद्धति साक्षी राखेर विशेष महाधिवेशन सकिएको भन्दै विधिसम्मत रूपमा आयोगले निर्णय लिने विश्वास व्यक्त गरेका थिए । उनले दुई दिनभित्र १६५ क्षेत्रमा प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवार टुंग्याउन लागिरहेको, चुनावी घोषणापत्रको टिम, परिचालन समितिको टिमले काम गरिरहेको उल्लेख गर्दै छिट्टै निर्णय लिन अनुरोध गरेका थिए । 'कांग्रेसको आन्तरिक कारणले निर्वाचन रोकिनु हुँदैन । आयोगको निर्णयपछि हामी देशभर निर्वाचनको माहोल बनाउएर जान प्रतिबद्ध छौँ ' शर्माको भनाइ थियो ।

देउवा समूहका कार्यवाहक सभापति खड्काले कानुनविद्हरूसँगै कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीसामु भनेका थिए, '४० प्रतिशत महाधिवेशन प्रतिनिधिलाई विशेष महाधिवेशन माग्ने अधिकार छ, बोलाउने अधिकार केन्द्रीय कार्यसमितिले निर्णय गर्छ । केन्द्रीय कार्यालयले केन्द्रीय कार्यसमितिको निर्णय कार्यान्वयन गर्छ । तर, उहाँहरूले मागेअनुसार पहिलो विकल्प नियमित महाधिवेशन गरियोस् भन्ने थियो । नियमित महाधिवेशनमा अघि बढेपछि विशेष महाधिवेशनको औचित्य छैन भनेर केन्द्रीय कार्यसम्पादन समितिले नियमित महाधिवेशनको प्रक्रिया अघि बढाएका वेला पार्टीलाई क्षति पुऱ्याउने उद्देश्यले भेला प्रेरित थियो ।' उनले अवैधानिक विशेष महाधिवेशनका नाममा भेला बोलाइएको उल्लेख गर्दै आफूहरू आधिकारिक रहेको जिकिर गरेका थिए ।

आयोगले आफ्नो समूहलाई आधिकारिकता नदिए आन्दोलनमा जाने चेतावनी उनले शुक्रबार दिउँसै दिएका थिए । पार्टी कार्यालय सानेपामा आयोजित पत्रकार सम्मेलनमा खड्काको भनाइ थियो, 'पार्टी विधान, संविधान र निर्वाचनसम्बन्धी ऐन र दलसम्बन्धी ऐनको आधारमा भन्दा तलमाथि भएर यदि निर्वाचन आयोगले षड्यन्त्र र दबाबमा परेर संविधान र लोकतन्त्रमाथि बडारिएको कालो बादललाई साथ दिँदै अन्यथा निर्णय गऱ्यो भने कांग्रेसले देशभर आन्दोलन गर्नुबाहेक हामीसँग विकल्प हुनेछैन । प्रत्येक गाउँमा, वडा-वडामा नेपाली कांग्रेस चारतारे झन्डा र रुख लिएर, हाम्रो उद्देश्य लिएर जान बाध्य नपारियोस् । यसका लागि तम्तयार भएर रहन हामी सबैलाई आह्वान गर्छु ।'

कार्यवाहक निर्वाचन आयुक्त भण्डारीले विधि र प्रक्रियाका आधारमा निर्णय लिने बताएका थिए । थापा र देउवा समर्थक दुवै कार्यकर्ताले दिनभर आयोग परिसरमा धर्ना र नाराबाजी गरेका थिए भने आयोगको निर्णयपछि देउवा समर्थकले विरोधमा नाराबाजी गरेका थिए ।

आयोगको निर्णयपछि कसले के भने ?

आयोगले मान्यता दिएपछि कांग्रेस उपसभापति विश्वप्रकाश शर्माले आयोगको निर्णयबाट आगामी दिनका लागि समेत ऐतिहासिक नजिर कायम भएको बताएका छन् । 'विधिवत् प्रक्रियाअनुसार जे भएको छ, यसलाई नवीन नेपालका लागि नवीन कांग्रेसको सुरुवातका रूपमा लिनुपर्छ,' शर्माले फेसबुक लाइभमा प्रतिक्रिया दिँदै भने, 'मुद्दा-मामिला र कोटकचरीतिर लागेर समय खेर नफाल्न म सबैलाई आग्रह गर्छु ।'

राजनीतिक र वैधानिक प्रतिवाद गर्ने देउवा पक्षको प्रतिक्रियाबारे शर्माले भने, 'पार्टीका सबै अग्रज नेताहरूलाई इतिहासको यो घडीमा, विधि र प्रक्रियाको यो घडीमा पुरानो आवेगका कुरा बिर्सनुपर्छ, एकताबद्ध भएर अघि बढ्नुपर्छ भनेर आग्रह गर्न चाहन्छु ।'

उनले ६ माघमा प्रतिनिधिसभा निर्वाचनमा उम्मेदवारी चयनसम्बन्धी प्रक्रिया अघि बढिसकेको र अब विधिवत् निर्णय लिने बताए । 'उम्मेदवार सिफारिस हुनुभएको छ । यसबारे तयारी विवरणलाई हेरेर कांग्रेसको कामको गति अघि बढाउनेछौं । निर्वाचन परिचालन समिति, घोषणापत्र लेख्ने समिति, संसदीय बोर्डका बारेमा निर्णय भइसकेको छ । आयोगबाट अद्यावधिकको काम सकिएपछि अब नवीन सुरुवातको क्रममा जानेछौँ,' शर्माले भने । उनले पुरानो च्याप्टरलाई छाडिदिन देउवा पक्षसँग अनुरोध गरेका छन् । उनले जिल्ला सभापति, प्रदेश सभापतिहरूलाई पनि आवेगको विषय नबनाउन, पार्टीलाई एकजुट बनाउन अनुरोध गरेका छन् ।

आयोगको निर्णयलगत्तै देउवा समूहले निर्णय खारेज गर्ने तथा त्यसविरुद्ध राजनीतिक र वैधानिक लडाइँ लड्ने चेतावनी दिएको छ । निवर्तमान कार्यवाहक सभापति खड्काले उनीहरूको समूहको केन्द्रीय समितिको बैठक बसेर आन्दोलनको घोषणा गर्ने पनि चेतावनी दिए । 'यो निर्णय प्रक्रियागत, कानुनी र वैधानिक रूपमा षड्यन्त्रपूर्ण छ । हामी यो निर्णय खारेज गर्छौं । निर्वाचन आयोगले संस्थापन पक्षलाई एकपटक पनि नबोलाएर निर्णय गरेको छ । हामी राजनीतिक, वैधानिक र कानुनी लडाइँ लड्छौं । यो निर्णय धेरै समयदेखिको सेटिङमा भएको हो,' खड्काले भने, 'यसको हामी राजनीतिक र वैधानिक प्रतिवाद गर्छौं । केन्द्रीय कार्यसमिति बसेर आन्दोलनको निर्णय लिन्छौं ।'

आयोगको निर्णयले विधि, विधान र पद्धति स्थापित भयो : थापा

निर्वाचन आयोगबाट आधिकारिता पाएसँगै कांग्रेस सभापति गगनकुमार थापाले पार्टीका सबै पक्षलाई एकताबद्ध हुन आह्वान गरेका छन् । आयोगको निर्णयले विधि, विधान र पद्धति स्थापित भएको तथा आयोगले संविधान, प्रचलित कानुन र पार्टीको विधानअनुसार निर्णय गरेको पनि उल्लेख गरेका छन् ।

'नेपाली कांग्रेसमा विधि, विधान र पद्धति स्थापित भएको छ, विशेष महाधिवेशन कुनै विवादको विषय थिएन । निर्वाचन आयोगले संविधान, प्रचलित कानुन र पार्टीको विधानअनुसार निर्णय गरेको छ । यसप्रति हामी आभारी छौं,' सभापति थापाले शुक्रबार साँझ जारी गरेको विज्ञप्तिमा भनेका छन् ।

पार्टी नेताको चाहनाले मात्र होइन आमसदस्यको चाहनाले चल्ने पनि आयोगको निर्णयले स्थापित गरेको उल्लेख गरेका छन् । 'अब नेपाली कांग्रेस आफ्नो मूल जरामा, आफ्नो मूल्य-मान्यता र आदर्शमा फर्केको छ,' उनले भनेका छन्, 'यो विधि-विधानले प्रधानता पाएको हो, जय-पराजयको विषय होइन, कुनै अलमल नपरौं, सबै संयम होऔं, जिम्मेवार बनौं, एकताबद्ध रहौं ।'

उनले अब कांग्रेस नवीन ऊर्जा र एकतासहित रूपान्तरणको दिशामा अगाडि बढेको पनि बताएका छन् । 'सुधारको यात्रा सुरु भइसकेको छ । अब उच्च आत्मविश्वास र व्यापक तयारीका साथ आसन्न निर्वाचनमा एकढिक्का भई लाग्नुपर्नेछ,' थापाले भनेका छन् ।

यस परिस्थितिमा कांग्रेसलाई अगाडि बढाउन पूर्वसभापति शेरबहादुर देउवालगायत पार्टीमा विभिन्न तह र निकायमा रहेका नेताबाट पार्टीको लोकतान्त्रिक प्रक्रियालाई सहज रूपमा लिई पूर्ण साथ रहनेछ भन्ने विश्वास पनि व्यक्त गरेका छन् । 'आजबाट कांग्रेसमा कुनै गुट छैन, गुटगत भागबन्डा हुनेछैन, लाग्नेछैन, जिम्मेवारी फरक होला, तर भुइँ तहमा रहेका सदस्य र तपाईंको केन्द्रीय सभापतिको समान हैसियत हो, हुनेछ । तपाईंहरूको चाहना नै हाम्रो निर्णयको आधार हुनेछ,' थापाले भनेका छन्, 'अब कांग्रेस बदलिएको छ, बदलिनेछ । कांग्रेसले मूल्य र सिद्धान्तविपरीत गएर कुनै सम्झौता गर्नेछैन । सत्ताका लागि जोसँग जहिले पनि अप्राकृतिक गठबन्धन गर्ने कुरा अन्त्य हुनेछ ।'

गगन पार्टी कार्यालय जाने

निर्वाचन आयोगबाट आधिकारिकता प्राप्त गरेपछि कांग्रेस सभापति गगनकुमार थापा नेतृत्वका नेता अब पार्टी केन्द्रीय कार्यालय सानेपा जाने भएका छन् । एक-दुई दिनभित्रै सहज परिस्थिति बनाएर उनी कार्यालय जान लागेका हुन् । हुन त देउवा समूहले शनिबार सानेपास्थित पार्टी कार्यालयमै केन्द्रीय कार्यसमिति बैठक बोलाएको छ ।

'हामीले आधिकारिकता पाएको अवस्थामा पार्टी कार्यालय प्रवेश गर्छौं । मुठभेडको अवस्था अब बन्दैन भन्ने विश्वास छ । शान्ति सुरक्षाको प्रश्नमा आवश्यक परेमा प्रशासनको सहयोग लिएर हामी जान्छौं,' केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले नयाँ पत्रिकासँग भने । अहिले देउवालाई समर्थन गरिरहेको तरुण दलको एक समूह पार्टी कार्यालयमा बस्दै आएको छ । थापा नेतृत्वका नेतालाई रोक्न उक्त समूह बसिरहेको छ । थापा पक्षका एक युवा नेताका अनुसार करिब ३० जनाको समूह कार्यालयमा बसेको जानकारी छ ।

जेन-जी आन्दोलनदेखि विशेष महाधिवेशनसम्म

कांग्रेसभित्र विवादको नयाँ अध्यायको सुरुवात २३ र २४ भदौमा भएको जेन-जी आन्दोलनपछि भएको हो । महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बदलिँदो राजनीतिक परिस्थितिमा नेतृत्व परिवर्तनको आवाज उठाउन थाले । उनीहरूले जेन-जी आन्दोलनलाई आत्मसात् गर्नुपर्ने र यस्तो अवस्था सिर्जना हुनुमा कांग्रेस नेतृत्व पनि जिम्मेवार रहेको अभिव्यक्ति दिए । संस्थापन पक्ष जेन-जी आन्दोलनका माग आत्मसात् गर्न तयार नभए त्यसको राजनीतिक सम्बोधन गर्नुपर्नेमा थापा-शर्माले जोड दिँदै आए ।

यही बहसबाट विशेष महाधिवेशनको विषय सतहमा आयो । महामन्त्रीद्वयले मंसिरभित्र नियमित महाधिवेशन गर्नुपर्ने माग अघि सारे । साथै, विशेष महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिको हस्ताक्षर संकलन गर्ने तयारीमा उनीहरूनिकट नेता सक्रिय भए । यस अभियानलाई डा. शेखर कोइरालाले पनि समर्थन गरे । र, उनीनिकट नेता गुरुराज घिमिरेले हस्ताक्षर अभियानको अगुवाइ गरे ।

यसैबिच, सभापति शेरबहादुर देउवाले २८ असोजमा केन्द्रीय समिति बैठकमार्फत उपसभापति पूर्णबहादुर खड्कालाई कार्यवाहक सभापतिको जिम्मेवारी सुम्पने घोषणा गरे । त्यसपछि उनी पत्नी आरजुसहित उपचारका लागि सिंगापुर गए । देउवाले नेतृत्व छाडेको संकेतका रूपमा थापा, शर्मालगायत नेताहरूले उनलाई 'राजनेता' भन्दै सार्वजनिक प्रशंसा गरे । देउवा जेन-जी आन्दोलनमा प्रदर्शनकारीको कुटपिटमा परेका थिए ।

तर, २१ फागुनको निर्वाचनअघि महाधिवेशन गर्ने कि पछि गर्ने भन्ने विषयमा नयाँ विवाद सुरु भयो । महामन्त्रीद्वय थापा र शर्माले मंसिरमा १४औं महाधिवेशनको कार्यकाल समाप्त हुने भएकाले त्यही मितिमा नियमित महाधिवेशन हुनुपर्नेमा जोड दिए । यहीबिच, विशेष महाधिवेशनको माग गर्दै पार्टीका ५४ प्रतिशत महाधिवेशन प्रतिनिधि (२,४८८ जना)ले २९ असोजमा निवेदन र हस्ताक्षर दर्ता गराएपछि निर्वाचनअघि नै नियमित वा विशेष महाधिवेशन गर्नुपर्ने दबाब थप चर्कियो ।

निर्वाचनअघि महाधिवेशन गर्ने कि पछि भन्ने विवादका कारण केन्द्रीय समिति बैठकसमेत बस्न सकेन । बल्लतल्ल बसेको बैठकमा महामन्त्री थापाले १६ देखि १९ पुससम्म महाधिवेशन गर्ने प्रस्ताव राखे भने सहमहामन्त्री महेन्द्र यादवले २७ देखि ३० वैशाखसम्म गर्ने प्रस्ताव अघि सारे । प्रस्तावमा सहमति नजुटेपछि बैठक फेरि अवरुद्ध भयो ।

देउवा सिंगापुरमै रहँदा पार्टीका पूर्वपदाधिकारीहरू विमलेन्द्र निधि, कृष्णप्रसाद सिटौला, प्रकाशशरण महत, विजय गच्छदार, प्रकाशमान सिंह र डा. शशांक कोइराला प्रभावशाली बने । यी नेताहरू फागुनपछि नियमित महाधिवेशन गर्नुपर्ने पक्षमा थिए ।

तर, थापा र शर्माले देउवामाथि निरन्तर दबाब बढाएपछि अन्ततः २६ देखि २८ पुससम्म नियमित महाधिवेशन गर्ने कार्यतालिकामा सहमति जुट्यो । १५ मंसिरको केन्द्रीय समिति बैठकले उक्त कार्यतालिका पारित गऱ्यो ।

तर, वडादेखि केन्द्रसम्म सात तहका संगठनको अधिवेशन गर्ने समयतालिका अव्यावहारिक बनेपछि वडा अधिवेशन नै हुन सकेन । क्रियाशील सदस्यताको टुंगो पनि लाग्न सकेन । यसबिच थापाले वडा र क्षेत्रको अधिवेशन सम्पन्न गरेर मात्र केन्द्रीय महाधिवेशन गर्ने प्रस्ताव राखे, जसलाई संस्थापन पक्षले स्वीकार गरेन । केन्द्रीय कार्यसमिति र केन्द्रीय कार्यसम्पादन समितिमा थापा-शर्मा पक्ष अल्पमतमा रह्यो ।

यसपछि महामन्त्री थापाले पार्टी विधानअनुसार २८ पुसभित्र विशेष महाधिवेशन गर्नुपर्ने अडान दोहोऱ्याउँदै आए । तर, केन्द्रीय कार्यसम्पादन समितिले १६ पुसमा वैशाख अन्त्यतिर नियमित महाधिवेशन गर्ने निर्णय गर्दै विशेष महाधिवेशनको मागको औचित्य समाप्त भएको ठहर गऱ्यो । यसको प्रतिवाद गर्दै थापा र शर्माले विशेष महाधिवेशन आह्वान हुने घोषणा गरे ।

विशेष महाधिवेशन पक्षधर प्रतिनिधिले २७ र २८ पुसमा विशेष महाधिवेशन आह्वान गरे र महामन्त्रीद्वयले सहभागी हुन सार्वजनिक आह्वान गरे । तयअनुसार २७ पुसमा विशेष महाधिवेशन सुरु भयो । आयोजकले सभापति देउवा र कार्यवाहक सभापति खड्कालाई सहभागी गराउन प्रयास गरे पनि देउवाले निम्तो स्वीकार गरेनन् । देउवा सुरुदेखि नै विशेष महाधिवेशनको विपक्षमा थिए र यसले पार्टी विभाजनतर्फ लैजाने चेतावनी दिँदै आएका थिए ।

संस्थापन पक्ष अनुपस्थित भएपछि महामन्त्री थापा र शर्माले विशेष महाधिवेशन उद्घाटन गरे । बन्दसत्रले कार्यविधि पारित गर्दै निर्वाचन प्रक्रिया अघि बढायो । त्यसपछि बुधबार संस्थापन पक्षले महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री फर्मुल्लाह मन्सुरलाई निलम्बन गर्ने निर्णय गऱ्यो । जवाफस्वरूप विशेष महाधिवेशनको हलले नयाँ नेतृत्व चयन गर्दै पार्टीको आधिकारिकतामा कानुनी दाबी गर्ने निर्णय गऱ्यो । आयोगले अन्ततः विशेष महाविधेशन र नयाँ केन्द्रीय कार्यसमितिको अभिलेख कांग्रेसको आधिकारिक अभिलेखाम अद्यावधिक गर्ने निर्णयसँगै सोमबार वैधानिकता दियो ।

अभियोग संशोधनले...

पृष्ठ १ बाट क्रमशः

नदिँदा समस्या समाधान हुन सकेको छैन । जबकि, पीडितहरूको मुख्य सरोकार नै 'हामीलाई कसले राजनीति गऱ्यो भन्ने होइन, हाम्रो बचतको सावाँ-ब्याज कसरी फिर्ता आउँछ' भन्ने छ ।

जिबी राईको समूहले सञ्चालन गरेका पाँचवटा सहकारीको मुद्दामा संगठित अपराध र सम्पत्ति शुद्धीकरणको कसुर लगाएकाले मुद्दा मिलापत्र हुन नसक्ने अवस्था छ । त्यसकारण पीडितलाई ध्यानमा राखी अभियोग संशोधनका लागि अनुमति दिइएको महान्यायाधिवक्ताको कार्यालयले जनाएको छ । यद्यपि, यसका लागि सम्बन्धित जिल्ला अदालतले अनुमति दिनुपर्ने हुन्छ ।

सहकारीपीडितहरू पनि महान्यायाधिवक्ताको कार्यालयको निर्णयबाट छिटो बचत रकम फिर्ता पाउने आशा बढेको बताउँछन् । पोखराको सूर्यदर्शन सहकारीपीडित संघर्ष समितिका संयोजक किरण श्रेष्ठले आफूहरूको मुख्य माग नै बचत फिर्ता रहेको बताए । 'हाम्रो सरोकार बचत रकम फिर्ता पाउनुपऱ्यो भन्ने हो, त्यसको सुनिश्चितता भए अदालतमा चलेको मुद्दासमेत फिर्ता लिन तयार छौँ । हामीले मुद्दा-मामिला गरेको तीन वर्ष हुन लाग्यो । तर, केही उपलब्धि भएको छैन, बचतकर्ताले केही पनि पाएका छैनन्,' उनले नयाँ पत्रिकासँग भने, 'महान्यायाधिवक्ताको कार्यालयले रवि लामिछाने, जिबी राई, छविलाल जोशीलगायतमाथि लगाइएको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा संशोधन गरेर सहकारी ठगीको मुद्दा मात्रै यथावत् रहने निर्णय गरेको रहेछ । हामी भन्छौं, सहकारी ठगीको मुद्दा पनि मिलाऔं । बचतकर्ताले आफ्नो बचत फिर्ता पाउने वातावरण बनाऔं । जसले बचत हिनामिना गरेको हो उनीहरूले तिरून्, नभए राज्यले आफ्नो कोषबाट फिर्ता गर्ने व्यवस्था मिलाओस् ।'

रवि लामिछानेका कानुन व्यवसायी डा. नारायण कँडेलले अभियोग संशोधनसम्बन्धी महान्यायाधिवक्ता कार्यालयको निर्णयले जिबी समूहले सञ्चालन गरेका सहकारीको रकम फिर्ता पाउनका लागि अब पीडितलाई सहज हुने दाबी गरे । 'महान्यायाधिवक्ता कार्यालयको निर्णयले सहकारीका सञ्चालकले पीडितलाई पैसा फिर्ता दिन पाउने अवस्था सिर्जना भएको छ,' उनले भने, 'संसारभरको फौजदारी न्याय प्रणाली पीडितमैत्री हुन्छ र पीडकलाई मात्र सजाय हुनुपर्छ ।'

मुलुकी फौजदारी कार्यविधि संहिताअनुसार यस्ता मुद्दामा मिलापत्र गरेर मुद्दा टुंग्याउन मिल्दैन । अर्थात् जिबी राईलगायत सञ्चालकले आफ्नो सबै श्रीसम्पत्ति बेचेर सहकारीका बचतकर्तालाई तिर्छु भन्दा पनि पाउने अवस्था थिएन । यसले गर्दा अभियुक्त जेलमा सड्ने, तर पीडितको हातमा भने शून्य हुने अवस्था थियो । अब महान्यायाधिवक्ताको कार्यालयको निर्णयले मिलापत्र हुन सक्छ ।

संसारभरको फौजदारी न्याय प्रणाली पीडितमैत्री हुने र सोहीअनुसार महान्यायाधिवक्ता कार्यालयले निर्णय गरेको कँडेलको तर्क छ । एक व्यक्तिप्रति राजनीतिक पूर्वाग्रहप्रेरित मुद्दा लगाइँदा देशभरका पीडितले न्याय नपाउने अवस्था सिर्जना भएकोमा अहिले त्यसको अन्त्य भएको उनले बताए ।

कँडेलका अनुसार लामिछानेलाई मात्र यी मुद्दा लगाउन नमिल्ने भएकाले जिबी राईसहितका सञ्चालकलाई पनि सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा थपेर पूरक अभियोग लगिएको थियो । त्यसमा मुछिएकी कांग्रेसकी तत्कालीन सांसद माया राईलगायतलाई भने सामान्य ठगी मुद्दा मात्र चलाइएको थियो ।

पूर्वमहान्यायाधिवक्ताकै निरन्तरता

सहकारी ठगीको मुद्दामा सकेसम्म मिलापत्र गर्ने नीति विगतदेखिकै सरकारको छ । तत्कालीन केपी ओली नेतृत्वको सरकारको पालाका महान्यायाधिवक्ता रमेश बडालले पनि यसअघि नै सहकारी ठगीमा संलग्नहरूले पीडितको सावाँ-ब्याज भुक्तानी गरेमा मुद्दा नचलाउने वा मिलापत्र गराउने नीति अघि सारेका थिए । बडालको तर्क थियो कि राज्यले अभियुक्तलाई जेलमा पालेर राख्नुभन्दा पीडितको पैसा फिर्ता गराउनु बढी न्यायपूर्ण हुन्छ । अहिलेको निर्णयले त्यही 'पीडितकेन्द्रित' न्याय प्रणालीलाई बलियो बनाएको छ ।

यसका लागि बडालको कार्यकालमा दुईपटक परिपत्र भएको थियो । त्यसअघि ०८० को मंसिरमा पनि सर्वोच्च अदालतका केही फैसलाको नजिरका आधारमा महान्यायाधिवक्ता कार्यालयले सहकारी ठगी मुद्दामा मिलापत्रलाई जोड दिन निर्देशन दिएको थियो ।

कांग्रेस-एमालेको पकडमा रहेको नेपाल बारको आपत्ति

कांग्रेस र एमालेनिकट कानुन व्यवसायीको पकड रहेको नेपाल बार एसोसिएसनले भने अभियोग संशोधनसम्बन्धी महान्यायाधिवक्ताको निर्णय फिर्ता लिन माग गरेको छ । शुक्रबार एक विज्ञप्ति जारी गर्दै बारले उक्त निर्णयप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

बार महासचिव केदारप्रसाद कोइरालाले महान्यायाधिवक्ता सविता भण्डारी बरालले बुधबार अभियोगपत्र संशोधनका सम्बन्धमा लिएको निर्णय फिर्ताको माग गरेका हुन् । बारमा हाल कांग्रेस र एमालेनिकट कानुन व्यवसायीको गठबन्धन छ

लामिछानेविरुद्धको सम्पत्ति शुद्धीकरण र संगठित अपराधका मुद्दा फिर्ता लिइ केवल ठगी र सहकारी ठगीको मुद्दा मात्र विचाराधीन रहने गरी महान्यायाधिवक्ताबाट लिइएको निर्णय सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तविपरीत रहेको बारको दाबी छ । 'फौजदारी न्याय प्रशासन स्वतन्त्र, निष्पक्ष र पारदर्शी हुनुपर्दछ भन्ने मान्यता नेपाल बार एसोसिएसनले निरन्तर राख्दै आएको छ । मुद्दा फिर्तासम्बन्धी उक्त निर्णय प्रचलित कानुनी व्यवस्था र यसअघि सर्वोच्च अदालतले मुद्दा फिर्तासम्बन्धी प्रतिपादन गरेका सिद्धान्तविपरीत छ,' बारले भनेको छ, 'यस प्रकारको छनोटपूर्ण निर्णयले अदालतको क्षेत्राधिकारसमेतमा आघात पुगी स्वतन्त्र न्यायपालिकाको अवधारणामा नै असर पुऱ्याउँदछ ।'

रास्वपा सभापति लामिछानेविरुद्ध चितवनका साथै काठमाडौं, पर्सा, रुपन्देही र कास्की जिल्ला अदालतहरूमा ठगीका मुद्दा विचाराधीन छन् । यिनैमध्ये चितवनबाहेकका जिल्लाहरूबाट दुईवटा कसुर उनका हकमा अभियोग कायम नरहने गरी अभियोगपत्र संशोधनको निर्णय भएको थियो ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्नयाँ
शनिबार ३ माघ ०८२
nayapatrikaofficial @nayapatrika

‘मेरो जुत्ता फिर्ता गरिदिनुहोला’

जेन-जी विद्रोहका क्रममा घाइते भएका प्रकाश बोहराको जुत्ता आन्दोलनको प्रतीक बन्यो, उनलाई भेट्न भने एक महिनासम्म अस्पतालमा कोही गएनन्

आन्दोलन



● शिवहरि घिमिरे



राष्ट्रिय ट्रमा सेन्टरको चौथो तलास्थित बेड नम्बर ४५१ मा सुतिरहेका छन्, जेन-जी आन्दोलनका घाइते प्रकाशबहादुर बोहरा। शय्यानजिकै माथिपट्टि झुन्डिएको छ, चन्द्रसूर्य अंकित नेपालको झन्डा। प्रकाश सुतिरहेको ओछ्यानको आडैमा ठड्याइएका छन्, उनले टेक्ने दुइटा बैसाखी। उनको नजिकै सानो बेन्चमा कुरिरहेकी छिन्, ६० वर्षीया आमा नन्दा बोहरा। प्रकाश सुतिरहेका वेला घाउ चस्किन्छ। उनी बर्बराउँछन्। निद्रामा ऐया-ऐया भन्छन्। छोराको घाउ दुखाइले नन्दा छट्पटाउँछिन्, छोरालाई थम्थम्याउँछिन्।

नारायण नगरपालिका- ८ दैलेखका प्रकाशलाई २३ भदौमा नयाँबानेश्वरस्थित संसद् भवनबाहिर प्रहरीले चलाएको गोली लाग्यो। गोलीले देब्रे खुट्टाको घुँडाभन्दा माथिको हड्डी नै उड्यो। मासु छियाछिया भयो। पछिल्लो चार महिनादेखि प्रकाश अस्पतालमै छन्। बेडमा छट्पटाइरहेका २९ वर्षीय प्रकाश घरीघरी सोच्छन्, ‘मेरो खुट्टा पुरानै अवस्थामा फर्किएला कि नफर्किएला ?’

उनै प्रकाशको रगत लतपतिएको जुत्ता जेन-जी आन्दोलनको प्रतिबिम्ब बन्यो। आन्दोलनमा सरकारले मच्याएको बर्बरतालाई चित्रण गर्‍यो। जुत्ता लगाउने प्रकाश भने ऐया-ऐया भन्दै अझै ट्रमा सेन्टरको चौथो तलामा दिन कटाउँदै छन्। डाक्टरले भनेअनुसार उनको उपचार तालिका निकै लामो छ। उनको खुट्टाले राम्ररी टेकेर हिँड्न सक्ने हुन अझै चार-पाँच वर्षसम्म उपचार गर्नुपर्छ।

प्रकाश वेला-वेला निद्रामै बर्बराउँछन्। दुखाइ कम हुँदा अस्पतालको शय्याबाटै बाहिरी दृश्य नियालिरहन्छन्। मोबाइलबाट हरेक दिनको अपटेड हेर्छन्। ‘आन्दोलनमा होमिएर गोली खायौं। यो त्याग खेर जानुभएन’ उनले सुनाए, ‘देशले स्थायित्व र परिवर्तन पाओस्, युवाहरू अरूको देशमा पुगेर बेचिन नपरोस्, रोजगार र शिक्षा स्वास्थ्य सहज बनोस्, मुख्य त देशको भलो होस्।’

प्रकाश यता अस्पतालको बेडमा लडिरहँदा उता उनको जुत्ता आन्दोलनको प्रतीक बन्यो। ‘मेरो जुत्ता त्यसरी भाइरल बनिरहेको छ भन्ने मलाई केही दिनपछि मात्रै थाहा भयो, अझ मेरो नै जुत्ता हो भनेर मिडियामा आएकै थिएन,’ प्रकाशले सुनाए,‘एक महिनापछि मात्रै मेरो जुत्ता हो भन्ने विषय खुलेको थियो, तर मलाईचाहिँ यो मेरो जुत्ता हो भन्ने सामाजिक सञ्जालमा हेर्दा नै लागेको थियो।’ प्रकाशलाई त्यो जुत्ता त्यहाँ कसरी छाडियो भन्ने सम्झना पनि छ। संसद् भवनबाहिर गोली लागेर उनी ढलेपछि उनलाई एम्बुलेन्समा चढाउन कठिन भएपछि साथीभाइले जुत्ता खोलिदिएका थिए। त्यो जुत्ता प्रकाशले जेठमा नेपालगन्जमा ३५ सयमा किनेका थिए।

गोली लागेपछि प्रकाशको खुट्टामा हालसम्म चारपटकसम्म अपरेसन भइसकेको छ। उनको खुट्टालाई सीधा र हिँड्न सक्ने बनाउन केही अपरेसनको आवश्यक हुने चिकित्सकले बताउँदै आएका छन्। पछिल्लो चार महिनादेखि त्यही बैसाखीको भरमा छन्। जेन-जी आन्दोलनपछि उथलपुथल र राजनीतिक अवस्था देख्दा प्रकाशलाई अझै सडकमा उत्रिन मन लाग्छ। उनी सरकारलाई अझै घच्घच्याउन चाहन्छन्।

जेन-जी आन्दोलनपछि दुई सयभन्दा बढी घाइते ट्रमा सेन्टरमा उपचारका लागि आएका थिए। अरू सबै घाइते निको भए। कतिपय फलोअपमा आउँछन्। तर, प्रकाशको भने उपचार प्रक्रिया नै लामो छ। उनको खुट्टामा लगाइएका टाँका बिस्तारै निको हुँदै छन्। पहिलेभन्दा दुखाइ र खुट्टाको अवस्था सुधार हुँदै गएको छ। तर, गोली लागेको खुट्टा केही छोटो भएकाले उनले टेक्न सक्दैनन्। तर, थेरापी र अन्य केही अपरेसनपछि भने खुट्टा टेक्न मिल्ने र पुरानै अवस्थामा पुग्न सक्ने चिकित्सकहरूले बताउँदै आएका छन्।

■ एक महिनासम्म कोही पुगेनन् भेट्न

उपचारपछि फर्किएका साथीहरू उनलाई भेट्न अस्तालमा गइरहे। तर, घाइते भएको करिब एक महिनासम्म उनलाई भेट्न सरकार र जेन-जी अगुवाका तर्फबाट कोही गएनन्। ‘कोही भेट्न आएनन्, म एक्लै छु जस्तै लागिरह्यो,’ उनले भने। आन्दोलनको आइकन बनेको जुत्ता प्रकाशको हो भन्ने थाहा पाएपछि गृहमन्त्री ओमप्रकाश अर्याल र जेन-जी आन्दोलनका अगुवा सुदन गुरुङसहित केही जेन-जी युवाहरूले उनलाई भेटे। प्रधानमन्त्री सुशीला कार्की प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै ट्रमा सेन्टर र निजामती अस्पतालका घाइते भेट्न पुगेकी थिइन्। तर, प्रकाशसँग भने त्यतिवेला भेट भएन। गृहमन्त्री अर्याल र स्वास्थ्यमन्त्री सुधा शर्मा पनि मन्त्री भएपछि अन्य घाइते भेट्न अस्पताल पुगे। तर, प्रकाशसँग भेट भएन। गृहमन्त्री भने प्रकाश र अन्य घाइतेलाई भेट्न पटक-पटक अस्पताल पुगेका थिए। घाइते परिचयपत्र दिन पनि गृहमन्त्री अर्याल पुगेका थिए। प्रधानमन्त्री कार्कीसँग भेट्न बैसाखी टेकेर उनीलगायत अन्य घाइतेहरू प्रधानमन्त्री कार्यालयमा २० दिनअघि भेट्न पुगेका थिए। प्रकाशलगायत अन्य घाइतेलाई भेट्न प्रमुख ठुला दलका नेताहरू पनि अस्पताल पुगेनन्। जेन-जी आन्दोलनको अगुवा तथा अभियन्ता भन्नेहरू बाहिरी राजनीतिमा बढी चासो दिन थालेको र आफ्नो स्वार्थमा लागेको घाइते प्रकाशको बुझाइ छ। ‘यो आन्दोलन जेका निम्ति भयो त्यो लक्ष्य पूरा हुनुपर्छ, अहिले र भोलि बन्ने सरकारले घाइते तथा पीडित पक्षलाई बेवास्ता गर्न मिल्दैन, उनीहरूले घाइते र सहिद परिवारको म्यान्डेटलाई बुझ्नुपर्छ,’ प्रकाश भन्छन्, ‘तर पदको लालच र लोभले आन्दोलनको मर्मलाई कमजोर पारिनुभएन, हामीले जे चिताएर आन्दोलनमा जाँदा गोली खायौं त्यसको मर्म पूरा होस्।’







ट्रमा सेन्टरमा उपचाररत
प्रकाशबहादुर बोहरा आमा नन्दाका साथमा

■ कतार पुलिस बन्ने सपना अधुरै

जेन-जी आन्दोलनका घाइते भएका प्रकाश केही दिनदेखि काठमाडौंमा आउनुको कारण थियो, कतार प्रहरीमा जानका लागि आवश्यक प्रक्रिया चाल्नु। अनलाईनबाट उनले कतार प्रहरीका लागि आवश्यक कागजात पठाइसकेका थिए। त्यसअघि १८ महिना रसियामा आर्मीको जागिरे बनेर फर्किएका उनलाई त्यो परिचयले पनि कतार प्रहरीमा छिर्न सजिलो थियो। उनका गाउँमा दाइ र भाइ पनि उनीसँगै कतार प्रहरीमा जान तयारी गरिरहेका थिए। तर, २३ भदौको जेन-जी आन्दोलनलाई आत्मसात् गरेका प्रकाशको कतार प्रहरी बन्ने सपना चकनाचुर बनेको छ। ‘उताबाट भिसा केही दिनमा आउनेवाला थियो, तर के सोचेको थिएँ के भयो,’ प्रकाशले सुनाए। एचए पढेका प्रकाश पढाइमा पनि अब्बल छन्। तर, नेपालमा जागिर पाउन समस्या हुने र तलब पनि थोरै हुने भएकाले उसको सुरुदेखिकै सोच विदेश जाने थियो।

> हामीले गरेको आन्दोलनको मूल विषयलाई नै गिजोल्न थालियो। आन्दोलनको मर्मलाई सफल पार्न अझै दिइएको छैन। अब चुनावपछि आउने सरकारले यस्तो नगरोस्। आर्थिक क्रान्ति होस्, युवाहरू विदेश पलायन हुन नपरोस्। शिक्षा र स्वास्थ्य यही देशभित्र सजिलै पाइयोस्। स्थिर सरकार होस्।

■ रसियाबाट बाँचेर फर्किए

०८० को मंसिरतिर प्रकाश रसिया पुगेका थिए। त्यहाँ पुग्न उनले १२ लाख पैसा खर्च गरेका थिए। द्वन्द्वरत देश रसियामा पुगेपछि उनी सेना बने। रसियन सेनाका रूपमा बन्दुक बोकेर युक्रेनसँगको युद्धमा होमिए। त्यहाँ उनी मुस्किलले गोलीबाट बचे। उनीसँगै गएका थुप्रै साथीहरू त्यतै अस्ताए। युद्ध मैदानमा १८ महिना बिताएर मुस्किलले बाँचेर नेपाल फर्किए। उनी छुट्टी मागेर चार महिनाअघि मात्रै नेपाल आइपुगेका थिए। प्रकाशले त्यहाँ कमाएको पैसाले गएको ऋण तिर्‍ें। गाउँमा घर बनाए। नेपाल आएपछि फेरि रसिया जाने सोच त्यागे। त्यसपछि उनले कतारतिर जाने योजना थालेका थिए।

खुट्टा पुरानै अवस्था नपुगे परिवारको दुःख कसरी टार्ने उनलाई चिन्ता छ। प्रकाशका बुबा-आमा, एकजना दाइ, दुईजना बहिनी, श्रीमती र एक छोरा छन्। उनकी श्रीमती दैलेखकै एक अस्पतालमा नर्सको रूपमा काम गर्छिन्।

कुरुवा बसेकी आमा नन्दा छोरालाई कहिले निको होला र घर जान पाइएला भनेर बसेकी छिन्। ‘रसियामा छँदा एक दिन फोन नआउँदा मुटु ढुकढुक हुन्थ्यो, अब त छोरा बाँचेर फर्कियो भन्ने लागेको थियो, नेपाल फर्किएपछि यहाँ काम खोज्ने प्रयास पनि गर्‍यो। तर, काम भेटिएन। घर बस्नुभन्दा अझै केही वर्ष विदेशमै जान्छु भनेर काठमाडौं आएको थियो, सरकारले गोली हानेर यो हालतमा पुर्‍यायो,’ उनी भन्छिन्।

हाल प्रकाशको उपचार खर्च सबै निःशुल्क भइरहेको छ। तर, कतिपय औषधि भने अस्पतालमा नपाउने भएकाले आफैंले किन्ने गरेको आमा नन्दा बोहराले बताइन्। नन्दा रसिद काट्न घरी अस्पतालको भुइँतलामा ओर्लिन्छिन्, कहिले चौथो तलामा उक्लिन्छिन्। निको भएपछि प्रकाशलाई रोजगार दिनुपर्नेलगायत माग परिवारले राखेका छन्।

■ त्यो दिन सम्झिँदा...

प्रकाशले जेन-जी आन्दोलन हुँदै छ भन्ने खबर सामाजिक सञ्जालबाटै थाहा पाएका थिए। आन्दोलनमा जान्छु भन्ने मुड बनाए। किनकि देशको बेरोजगारी, कुशासनदेखि उनी आक्रोशित थिए। २३ भदौ बिहान नयाँबानेश्वरस्थित डेराबाट निस्किए। उनलाई आन्दोलनको नीति, नेतृत्व इत्यादिबारे धेरै थाहा थिएन। उनलाई यति मात्र लागेको थियो,‘देश परिवर्तन भएन। परिवर्तनका लागि अहिले आन्दोलन नगरे कहिले गर्ने ?’

प्रकाश ११ बजे माइतीघर पुगे। त्यहाँ पुग्दा उनीजस्ता थुप्रै युवाहरू देखिए। सडकमा युवाहरूले नारा घन्काइरहेका थिए। विद्यार्थीदेखि अलि अधबैंसे उमेरका मानिसहरू त्यहाँ धेरै थिए। भिड देखेर प्रकाशलाई झन् जोस जाग्यो। उनीहरू माइतीघरबाट नारा लगाउँदै बानेश्वर चोक पुगे। उनीहरू त्यहाँ पुग्नुअघि नै प्रहरीले पानीका फोहोर र अश्रुग्यास हान्न थालिसकेका थियो। त्यहाँबाट प्रकाश र उनका केही साथी नयाँबानेश्वर चोकबाट बिजुलीबजारतिर फर्किए। त्यहाँ फेरि अर्को ग्रुप भेटियो। प्रकाशको टिम त्यही ग्रुपसित बानेश्वरतर्फ मोडियो। बानेश्वर चोक पुग्दा फेरि अश्रुग्यास हानिरहेको थियो। बानेश्वर चोक कटेर संसद भवनतर्फ लागे। नारा लगाउँदै र भिडियो बनाउँदै उनीहरू संसद् भवनतिर गइरहेका थिए। युवाहरूले संसद् भवनको भित्ता फोड्दै गरेको देखे। कोही रेलिङ तानिरहेका थिए। ‘हामी नारा लगाउँदै त्यहाँ पुगेका थियौं। त्यत्तिकैमा मेरो खुट्टामा ड्यांग गोली लाग्यो। म सडकमा गर्ल्याम्मै ढलें। त्यसपछि उठ्न र सर्न खोजें। सकिनँ। अरू साथीहरू दौडिए म भएतिर आए। मलाई उठाए। गोली लागेर ढले पनि पूरै होस थियो। तर, एउटा खुट्टामा कुनै महसुस थिएन।’

त्यतिवेला उनको खुट्टाबाट रगतको भल बगेको थियो। खुट्टा रबरजस्तै बनेको थियो। रगतले जुत्ता भिजिसकेको थियो। गोली लागेको देब्रे खुट्टाको जुत्ता साथीहरूले खोलेर सडकमै फालिदिए। उनको हातमा हेलमेट पनि थियो। त्यो पनि त्यही सडकमै फालेर उनलाई एम्बुलेन्समा बसालेर अस्पताल लगियो। ‘एउटा जुत्ता गोली नलागेको खुट्टामा थियो। नजिकै एम्बुलेन्स कराइरहेको थियो। साथीहरूले एम्बुलेन्समा बसाले। त्यहाँबाट ट्रमा सेन्टरमा ल्याइयो।

प्रकाशलाई तत्काल अपरेसन गर्नुपर्छ भनेर अपरेसन थिएटरमा लगियो। १०-१२ घण्टा लामो अपरेसन भयो। गोलीले मासु र हड्डी छियाछिया भएकाले अपरेसनमा धेरै समय लाग्यो।

२४ घण्टापछि भदौ २४ गते साँझ मात्र उनी ब्युँझिए। ब्युझिँदा अस्पतालको आइसियू कक्षमा थिए। त्यति नै वेला उनले सबै जल्यो, ध्वस्त भयो भनेको मात्रै सुने। उनको वरपर अरू बिरामी पनि थिए। चिकित्सकहरू आपसमा कुराकानी गर्दै थिए। प्रकाशलाई के भएछ भन्ने लाग्यो। उनले चिकित्सक र अस्पताल पुगेका आफन्तहरूलाई सोधे। सिंहदरबारदेखि प्रधानमन्त्री कार्यालय पनि जलेको थाहा पाएपछि उनलाई छटपटी भयो। देशको धरोहर सम्पदा जलाउँछु भनेर उनले एकमनले पनि सोचेका थिएनन्। २३ गते प्रहरीले चलाएको गोलीबाट सहिद हुने र घाइते हुनेहरूको संख्या सुन्दा उनी अस्पतालको बेडमै रोए।

प्रकाश भन्छन्, ‘हामीले गरेको आन्दोलनको मूल विषयलाई नै गिजोल्न थालियो। जेन-जी आन्दोलनको मर्मलाई सफल पार्न अझै दिइएको छैन।’ हाल जेन-जी आन्दोलनलाई सरकारले जनआन्दोलन भनेर निर्णय गरिसकेको छ। हाल जेन-जीकै सरकार भए पनि धेरै कुरा पूरा नभएकोमा प्रकाश असन्तुष्ट छन्। ठुला दलहरूले युवाहरूलाई पालो दिन नखोजेको, चुनाव भाँड्न लागेको, जेन-जी सरकारले जेन-जीकै माग बेवास्ता गरेकोप्रति प्रकाश आक्रोशित छन्। ‘अब चुनावपछि आउने सरकारले यस्तो नगरोस्। जेन-जी घाइते मात्रै नभएर समग्र जेन-जीहरूको हितमा काम गरोस्, जेन-जीहरूको समस्या समाधान गरोस्,’ उनी भन्छन्, ‘देशमा आर्थिक क्रान्ति होस्, युवाहरू विदेश पलायन हुन नपरोस्। शिक्षा र स्वास्थ्य यही देशभित्र सजिलै पाइयोस्। स्थिर सरकार होस्।’

■ जुत्ता फिर्ता गर्न प्रकाशको अनुरोध

जेन-जी आन्दोलनपछि रगताम्य भएको प्रकाशको जुत्ता विश्वभरि छायो। २३ भदौमा उनले लगाएको सेतो जुत्तामध्ये एउटा नयाँबानेश्वरमा छोडिएको थियो। एउटा ट्रमा सेन्टरमा उपचारका क्रममा चिकित्सकले खोलिदिएका थिए। बानेश्वरको सडकमा छोडिएको उनको जुत्ता आन्दोलनकै प्रतीक बन्यो। उक्त जुत्ता कसैले लगेको भए फिर्ता दिन प्रकाशले अनुरोध गरेका छन्। ‘त्यो जुत्तालाई सम्हालेर राख्ने मन छ, तर कहाँ छ थाहा छैन,’ प्रकाशले भने, ‘यदि कोहीसँग भए फिर्ता गरिदिनुहोला।’

गोली लागेपछि प्रकाशको खुट्टाको हालसम्म चारपटक अप्रेसन भइसकेको छ। उनको खुट्टालाई सीधा र हिँड्न सक्ने बनाउन केही अपरेसनको आवश्यक हुने चिकित्सकले बताउँदै आएका छन्। पछिल्लो चार महिनादेखि बैसाखीको भरमा छन्। जेन-जी आन्दोलनपछि उथलपुथल र राजनीतिक अवस्था देख्दा प्रकाशलाई अझै सडकमा उत्रिन मन लाग्छ। उनी सरकारलाई अझै घच्घच्याउन चाहन्छन्।

खम्पा विद्रोह उत्थान र पतनको नालीबेली

चर्चा



● टेकराज थामी

२४ भदौ ०३१ को बिहान ठिक ९:४५ बजे । खम्पा लडाकुका कमान्डर गे वाङ्दीसहितको टोली दार्चुलाको छाङरु गाउँस्थित तिंकर पहाडबाट बैंसीतर्फ झर्दै मात्रै के थिए, एम्बुस थापेर बसेका नेपाली सेनाबाट गोलीको वर्षा सुरु भयो । वाङ्दी पक्षले पनि जवाफी फायर खोले । दुई पक्षबिचको दोहोरो भिडन्त दिनभरजसो चल्यो । यही क्रममा कमान्डर वाङ्दी सेनाको गोलीबाट घटनास्थलमै ढल्न पुगे ।


घटनाले आक्रमक लडाकुको मनोबल एकाएक जमिनमा गिराइदियो । उनीहरूले हतियार घटनास्थलमै छाडे । र, तिंकरको लेक छिचोलेर लिपुलेकतर्फ फरार भए । घटनास्थलमा सेना पुग्दा अन्य पाँच लडाकुका शव पनि यत्रतत्र छरिएका थिए । त्यसबाहेक लडाइँमा प्रयोग भएका अत्याधुनिक हातहतियार, गोलीगट्ठा र वायरलेसका सेट पनि फेला परे । वाङ्दीको साथबाट भने सुनको जन्तर, सुनैको औंठी र ४० हजार ९९२ रुपैयाँ बरामद भयो ।

खम्पा विद्रोहका कमान्डर वाङ्दीको यो अवसान एउटा सामान्य परिघटना मात्रै थिएन, न संयोगवश नेपाली सेनासँग टकराउन पुग्दा उत्पन्न क्षतिको परिणाम नै थियो । यो त्यस्तो विद्रोहको अन्त्य थियो, जसलाई जुन शक्तिले जन्मायो, सम्हारमा पनि उही सहभागी थियो । त्यो थियो, अमेरिका । जसका लागि उसले आफ्नो खुफिया एजेन्सी सिआइए (सेन्टर इन्टिलिजेन्स एजेन्सी) प्रयोग गरेको थियो । पत्रकार तथा लेखक राजेन्द्र कुँवरबाट लिखित पुस्तक 'नेपाली दृष्टिमा खम्पा विद्रोह' सोही तथ्यको खोजमूलक विवरण हो ।

सन् १९४९ मा चिनमा कम्युनिस्ट क्रान्ति सफल भयो । सत्ताको बागडोर माओ जेदोङको हातमा पुग्यो । चिनियाँ कम्युनिस्ट पार्टीको सर्वोच्च नेता उनी जनमुक्ति सेनाको पनि सर्वोच्च कमान्डर थिए । उनको सेना छिन्नभिन्न चिनलाई समेट्न आक्रामक ढंगले अघि बढ्दै थियो । यही क्रममा उनीहरू तिब्बततर्फ अघि बढे । २३ मे १९५१ मा भएको १७ बुँदे सम्झौता भयो । त्योसँगै तिब्बत वैधानिक तवरले चीनमा समेटिन पुग्यो । तिब्बतमा खम्पा विद्रोह त्यही दिनबाट सुरु भयो ।

दोस्रो विश्वयुद्ध सकिएलगत्तै अमेरिका र तत्कालीन सोभियत युनियनबिच शीतयुद्ध सुरु भयो । अमेरिकी पक्षधर चीन कित्ता परिवर्तन गरेर सोभियत युनियनको पक्षमा उभिनपुग्यो । घटनाबाट अमेरिका झस्किन पुग्यो । उ चीनलाई कुनै हालतमा चेक गर्न चाहन्थ्यो । जसका लागि आवश्यक थियो, उसको कमजोरी । सिआइएका जासुस सूचना संकलनका लागि तिब्बत छिरे । यही क्रममा जब दलाई लामाका दाई ग्यालो थोन्डुप उनीहरूको सम्पर्कमा आए, खम्पा विद्रोहमा अमेरिकी प्रवेश त्यही विन्दुबाट सुरु भयो । लेखक कुँवरले यो तथ्यलाई पुस्तकमा रोचक ढंगले समेटेका छन् ।

उनले पुस्तकमा लेखेका छन्,'उनीहरूले दलाई लामाका दाजुको सहयोगमा ६ जना खम्पालाई छनोट गरेर आफ्नो एजेन्ट बनाए । पहिले सिआइए निर्देशक एलनलाई खर्च जुटाउन गाह्रो परेको थियो । तर, पछि विदेशमन्त्री जोन डुलास र उपविदेशसचिव हर्बट होभर जुनियरको सहयोगले पूर्ण अधिकार पाए । सिआइएले छनोट गरेको ६ जना खम्पालाई सन् १९५७ मा जापानको सीमानजिकै रहेको टापु साइपोन पुऱ्याएर सैन्य तालिम उपलब्ध गराएका थिए ।'



खम्पा विद्रोहका कमान्डर वाङ्दीको यो अवसान एउटा सामान्य परिघटना मात्रै थिएन, न संयोगवश नेपाली सेनासँग टकराउन पुग्दा उत्पन्न क्षतिको परिणाम नै थियो । यो त्यस्तो विद्रोहको अन्त्य थियो, जसलाई जुन शक्तिले जन्मायो, संहारमा पनि उही सहभागी थियो । त्यो थियो, अमेरिका ।

सिआइएले तिब्बती स्वतन्त्रतालाई सघाउने निर्णय सन् १९५६ मा नै गरिसकेको थियो । जब अमेरिकी सत्तामा राष्ट्रपतिका रूपमा आइजनहावर आए, उनले अपरेसन तिब्बतलाई अझ सशक्त बनाउने निर्णय गरे । ६ भाइ खम्पा लडाकुका लागि उपलब्ध पहिलो लटको तालिम त्यसैको उपज थियो । नेपाली सेनाको फायरिङमा मारिएका वाङ्दी सोहीमध्येका एक थिए ।

वाङ्दी नेपाली सेनाका तत्कालीन जम्दार दानबहादुर चन्दको गोलीले रणमैदानमै ढलेका थिए । त्यहीं उनको अन्त्य भयो । लेखक कुँवरले गोली प्रहारमा संलग्न चन्दलाई मात्र होइन, उनीसँगै लडाइँमा खटिएका सैनिक जवान नारायणदत्त भट्ट, नेपाल प्रहरीका तत्कालीन असइ वीरबहादुर चन्द, प्रत्यक्षदर्शी जितसिंह बोहरा, चन्द्रसिंह बोहरालगायतलाई प्रत्यक्ष भेटेका छन् ।

उनीहरू मार्फत २४ भदौ ०३१ को बिहान ९:४५ देखि साँझ ५:०० सम्म चलेको सैनिक कारबाहीलाई सचित्र उतार्न सकेका छन् । जसले १८,५०० फिट उचाइमा सात दिन सात रातसम्म खम्पा विद्रोह दबाउन थापिएको एम्बुसको मात्रै वर्णन गरेको छैन, एक थान एसएमजी र केही थ्रिनटथ्री राइफलको भरमा अत्याधुनिक हतियारधारी खम्पा गुरिल्लाविरुद्ध सफलतापूर्वक चालिएको सैनिक कारबाहीलाई सचित्र उतार्न सकेका छन् ।

गोली प्रहारमा संलग्न सेनाका तत्कालीन जमदार चन्दले पुस्तकमा भनेका छन्,'मैले एसएमजी हतियारबाट फायर खोल्नेबित्तिकै पट्याङट्याङ अरूले पनि खोले । खोलापारि रहेका खम्पाले पनि फायर खोले । लामो समय दोहोरो भिडन्त भयो । हामीलाई परास्त गर्न ६०६५ को हाराहारीमा खम्पाहरू अत्याधुनिक हतियार बोकेर पहाडतर्फ चढे र हामीमाथि लगातार आक्रमण भयो । हामीले पनि नरोकी फायर खोल्यौं । हामीसँग सामान्य थ्रिनट राइफल मात्रै थियो । मसँग मात्रै एउटा सट गन थियो ।'

जनमुक्ति सेनाको आक्रामक आगमनका सामु दलाई लामा समर्थक सेनाको केही चलेन । सिआइएबाट तालिम लिएका ४९ गुरिल्लामध्ये ३७ को ज्यान गयो । बाँचेका १२ मध्ये एकजना पक्राउ परे । अर्कोले आत्मसमर्पण गरे । बाँकी १० भाइ दलाई लामा पदचाप पछ्याउँदै भारत छिरे । सोहीमध्येका एक थिए, वाङ्दी ।

भारतको पुर्वोत्तर कालेङबुङ त्यसवेला सिआइको अखडा थियो । उनीहरू सोही क्षेत्रआसपास बस्न थाले । त्यसवेला अमेरिका खम्पा विद्रोह सशक्त बढाउने वा स्थगित गर्ने दुविधामा थियो । जसको असर खम्पा लडाकुमा पऱ्यो । बेरोजगार झैं भएका उनीहरूलाई सिआइएकै योजनामा कालिङबुङ र दार्जिलिङस्थित सडक खन्ने काममा प्रयोग गरियो ।

फ्री तिब्बतका लागि लडिरहेका लडाकुको हातमा बन्दुकको सट्टा बेल्चा थमाइयो । घटनाले लडाकुमा घोर निराश पैदा गरिदियो । लडाकुका कमान्डरहरू ग्यान्तोकमा बैठक बसे । सोही बैठकले चीनविरुद्ध लड्न नेपाली भूमि प्रयोग गर्ने निर्णय लियो । त्यो ठाउँ थियो, मुस्ताङ । र, अपरेसनको नाम राखिएको थियो, एसटी सर्कस (शर्मा, ०८१, पृ.२०१) ।

मुस्ताङको जोमसोमस्थित निलगिरि हिमालनजिकै खम्पा लडाकुका लागि कैसाङ क्याम्प निर्माण गरिएको थियो । जसका कमान्डर थिए, बाबा यशी । कालिङबुङ बैठकपछि उनको ठाउँमा वाङ्दी बहाल भए । र, उनकै कमान्डमा झन्डै २० वर्ष खम्पाले चीनविरुद्ध छापामार युद्ध लडे । अत्याधुनिक हतियारले सुसज्जित खम्पा लडाकुको उपद्रो चीनकेन्द्रित मात्रै थिएन, स्थानीयलाई पनि उनीहरूले हैरानी दिएका थिए । लुटपाट मच्चाउनु, चेलीबेटी बलात्कृत हुनु, सामान्य विवादमै मान्छे मार्नु उनीहरूका लागि सामान्य बनेको थियो ।

पुस्तकमा अपरेसन कमान्डर राणाले भनेका छन्,'नेपाली सेना क्याम्पभित्र प्रवेश गर्दा खम्पा हतियारसहित गेटमा तैनाथ थिए । क्याम्पको मुख्य द्वारदेखि २५ मिटर दूरीमा देब्रेपट्टि खाना पकाउने भान्सा थियो । ५० मिटरको दूरीमा खम्पा बस्ने ब्यारेक । दाहिलेपट्टि ड्युटीमा खटिएका खम्पाहरू हतियारले सुसज्जित देखिन्थे । पानीको खोल्सो कटेर ५० मिटर देब्रेपट्टि सानो थुम्कोमा कमान्डर वाङ्दी बस्थे ।'

सेनाको अपरेसनपछि वाङ्दीसहितका लडाकु भागेर हुम्लातर्फ लागे । यही क्रममा उनीहरूले मुचुस्थित प्रहरीचौकी पनि घेरा हालेका थिए । चौकीका तत्कालीन इन्चार्ज सइ जंगबहादुर बोहरा, घटनाका प्रत्यक्षदर्शी हुम्ला यांगरका तत्कालीन प्रधानपञ्च कुमार लामालगायतसँग लिइएको बयान अझ रोचक छन् । मिसनका क्रममा खटिएका नेपाल प्रहरीका तत्कालीन इन्सपेक्टर मोतीलाल बोहरा, सेनाका तत्कालीन क्याप्टेन राजेन्द्र थापा, मुस्ताङका स्थानीय कृष्णलाल थकालीलगायतसँग गरिएका कुराकानीले खम्पा विद्रोह बुझ्न अझ सहज बनाउँछ ।

फोटो कथा



● संजित परियार



भोजपुरको झ्याउँपोखरी गाउँ ।

भोजपुर : परम्परा, प्रकृति र पहिचानको संगम

प्राकृतिक देन, मानवीय श्रम र सीपको खानी भोजपुरले पर्यटक पर्खिरहेको छ

भोजपुर केवल भौगोलिक नाम मात्र होइन, यो इतिहास, संस्कृति, श्रम र पहिचानको जिउँदो दस्ताबेज पनि हो । सहरीकरणको बढ्दो चापका बाबजुद भोजपुर पुग्दा अझै तीन-चार दशकअघिको नेपालमा पुगेजस्तो महसुस हुन्छ । त्यहाँ सुन्दर डाँडाकाँडा, खोलानाला र हरियालीबिच उभिएका मौलिक शैलीका पुराना घर अझै देख्न सकिन्छ । सुन्तलाका बगैंचा, हाटबजारको चहलपहल, रुद्राक्ष खेती र विश्वप्रसिद्ध भोजपुरे खुकुरीसम्मले भोजपुर एउटा जिउँदो खुला संग्रहालयजस्तो देखिन्छ ।

भोजपुरका गाउँ-बस्तीमा आज पनि ढुंगा, माटो र काठले बनेका पुराना घर भेटिन्छन् । ती पुराना घर इतिहासका मौन साक्षीजस्ता लाग्छन् । ढुंगाको छाना, काठका झ्यालढोकाले बनेका ती कलात्मक घर तत्कालीन जीवनशैली र सीपका प्रतीक हुन् । नेपालका धेरै ठाउँमा आधुनिक भवनको भिडले पुराना घर हराउँदै गएका छन्, तर भोजपुरका झ्याँउपोखरी, भिरगाउँजस्ता ठाउँमा पुग्दा अझै पनि मौलिक नेपालको आत्मा बोकेर ती गाउँले बसेको अनुभूति हुन्छ ।

भोजपुरमा किसानको भरोसा सुन्तला रहेछ । भोजपुर सुन्तला उत्पादनका लागि पूर्वी नेपालकै परिचित स्थान पनि हो ।



इ्याउँपोखरीमा लाग्ने बुधबारे हाट

यहाँको माटो र हावापानीले सुन्तलालाई स्वादिलो र रसिलो बनाएको छ । हिउँद लागेसँगै पहँेलपुर सुन्तलाले भरिएका बगैंचाले भोजपुरको पहिचान झनै उज्यालो बनाउँछ । सुन्तला खेतीले हजारौं किसानको जीविकोपार्जनमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ ।

ती सुन्तला बजार झर्छन् । कतिपय ठुला सहरसम्म पुग्छन् । भोजपुरको ग्रामीण जीवनको धड्कन हाटबजार लाग्यो । भोजपुरका हाटबजार ग्रामीण अर्थतन्त्रका मेरुदण्ड नै मान्न सकिने रहेछ । हप्तामा एक-दुई दिन लाग्ने हाटमा किसानले आफ्ना उत्पादन बेच्ने गर्छन् ।

साप्ताहिक राशिफल

३ माघ (शनिबार)
९ माघ (शुक्रबार)



● सुरेशचन्द्र रिजाल
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष
(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

राजनीतिक भेटघाट तथा बैठकमा समय बित्नेछ । अरूको मन जित्न सकिनेछ । नयाँ काम र जिम्मेवारी मिल्ने समय छ । धार्मिक, सामाजिक तथा परोपकारजन्य क्रियाकलापमा मन जाला । राजनीति र नोकरीमा उन्नति होला । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । प्रतिनिधिमूलक यात्रा सम्भावना छ । पुराना साथीभाइसँग भेटघाट गर्ने मौका छ । बिहीबारदेखि खर्च अलि बढ्नेछ ।

वृष
(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

सार्वजनिक पदमा बसेर सेवाप्रवाह गर्नेहरूले तपाईंको काम समयमा गरिदिने हुनाले समय र रुपैयाँ पैसाको बचत हुनेछ । अधुरा काम बन्ने समय छ । रमाइलो यात्रा र मनोरञ्जनमा सहभागी भइएला । व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला । बिहीबारदेखि केही झमेला, विवाद र चोटपटकको योग छ, सचेत रहनुहोस् । कामको दायित्व बढे पनि प्रयत्न गर्दा इच्छाएको वस्तु प्राप्त होला ।

मिथुन
(का, कि, कु, घ, ङ, छ, के, को, ह)

न्यायिक निर्णय तपाईंकै पक्षमा हुनेछ । चुनौतीलाई किनारा लगाउँदै काम बनाउन सकिनेछ । व्यापार-व्यवसायमा फाइदा होला । शिक्षा र बौद्धिक क्षेत्रमा उन्नति हुनेछ । शत्रुबाधा समाप्त होला । प्रशस्त धनलाभ हुनेछ । अप्ठ्यारा चुनौतीलाई पनि सजिलै पन्छाउन सकिनेछ । प्रेम र मित्रताको गाँठो कसिनेछ । व्यवसायमूलक भ्रमण सम्भावना छ । आतिथ्यपूर्ण सम्मान पनि पाइएला ।

कर्कट
(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

नयाँ काम गरी आम्दानी बढाउन सकिनेछ भने भौतिक सम्पत्ति तथा स्थायी सम्पत्ति जोड्न सकिनेछ । महत्त्वाकांक्षी योजना गोप्य राख्नुमै बुद्धिमानी हुनेछ । बुधबारदेखि व्यापार-व्यवसायमा फाइदा हुनेछ । पढाइलेखाइमा प्रगति होला । गुरुजनको साथ मिल्नेछ । प्रतिस्पर्धीहरू पराजित होलान् । आर्थिक पक्ष पनि सबल बन्नेछ । काममा उत्साह थपिनेछ । चुनौती सजिलै पार लाग्नेछन् ।

सिंह
(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

यायालयबाट हुने न्यायसम्पादन तपाईंकै पक्षमा फैसला हुनेछ । यात्राको प्रबल सम्भावना रहेको छ । सहयोगीहरूले साथ दिनेछन् र उत्साह पनि बढ्नेछ । प्रशस्त धनआर्जन गर्ने मौका छ । बिहीबार भने समय अलि कमजोर रहला । पढाइलेखाइको गतिमा कमी आउने देखिन्छ । आफ्नो प्रतिभा अरूलाई देखाउन सकिनेछ । सप्ताहान्तमा व्यवसायबाट लाभ होला ।

कन्या
(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

राजनीति तथा सामाजिक काममा आलोचनासहितको समर्थन र पदप्राप्तिको योग रहेको छ । मानसम्मान बढ्नेछ । बोलीकै प्रभावले महत्त्वपूर्ण काम सम्पादन हुने समय छ । आत्मबल बढ्नेछ । गरेका कामबाट प्रशस्त फाइदा हुने योग रहेको छ । आँटेका काममा सहयोगीहरूले साथ दिनेछन् र थप हौसला मिल्नेछ । प्रतिस्पर्धीहरूले हार खालान् । कृषि र व्यापारमा लाभ मिल्नेछ ।

तुला
(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

खाद्यान्न तथा गरगहनाको व्यापारमा उल्लेख्य वृद्धि हुनेछ । राजनीति तथा सामाजिक काममा आलोचनाको सामना गर्नुपर्नेछ । कामबाट विश्राम लिने मौका छ । प्रियजनसँग भेटघाटको समय छ । विभिन्न उपहारसमेत पाइएला । तपाईंको विचारलाई धेरैले मन पराउनेछन् । बोलीकै भरमा काम बन्ने देखिन्छ । आतिथ्यपूर्ण सम्मान र सहयोगीहरूबाट साथ पाइनेछ । कर्मयोगमा अभिवृद्धि हुनेछ ।

वृश्चिक
(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

सुरुमा अलि दौडधुप गर्नुपर्ला, खर्चको मात्रा पनि बढ्नेछ । तापनि, अनुकूल स्थानान्तरण र यात्राको सम्भावना रहेको छ । शरीरमा आरोग्य एवं स्फुर्ती बढ्नेछ । विशिष्ट व्यक्तित्वसँग भेटघाट गर्ने अवसर जुट्ला । मन पर्ने वस्त्र, अलंकार आदि लाभ होलान् । बोलीको प्रभावले महत्त्वपूर्ण काम बन्न सक्छ । मानसम्मान पाइनेछ । आम्दानी पनि प्रशस्तै हुनेछ । सहयोगीहरू जुट्नेछन् ।

धनु
(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

सामाजिक तथा कल्याणकारी काम गरी समाजमा नाम कमाउन सकिनेछ । थोरै बोलेर वा बोलीकै माध्यमबाट धेरै काम गर्न सकिनेछ । श्रमको उचित मूल्यांकन हुनेछ । बुधबार भने आकस्मिक खर्च बढ्नेछ । वैदेशिक क्षेत्रबाट लाभ लिने मौका छ । बिहीबारदेखि काममा उत्साह, आरोग्य एवं स्फूर्ति बढ्नेछ । भेटघाटले प्रसन्नता मिल्नेछ । राजनीतिमा प्रतिस्पर्धीहरू हाबी हुनेछन् ।

मकर
(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

प्रेममा एक-अर्कालाई विश्वास गर्न सकिनेछ भने जीवनसाथीको सहयोगले राम्रो काम गर्न सकिनेछ । नयाँ काम गर्ने मौका छ । रोकिएका काम बन्ने समय आएको छ । आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला । अरूलाई प्रभावित पारेर काम बन्ने समय रहेको छ । व्यवसायबाट सोचेको लाभ मिल्नेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । आम्दानी पनि प्रशस्तै हुनेछ ।

कुम्भ
(गु, गे, गो, सा, सि, सु, से, सो, द)

नयाँ कामको प्रस्ताव आउनेछ भने नोकरीमा पदोन्नति हुनेछ । शत्रु तथा प्रतिस्पर्धीहरू परास्त हुनेछन् । मनोरञ्जनपूर्ण क्रियाकलापमा सहभागी भइएला । मंगलबारपछि भने केही समस्या पर्नेछ । चोटपटक लाग्ने, अस्वस्थ भइने र सानातिना काममै अल्झिनुपर्ने समस्या आउला । बिहीबार साँझदेखि स्थितिमा सुधार आई समय अनुकूल बन्नेछ । धर्मकर्ममा मन जाला ।

मीन
(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

साताको प्रारम्भबाटै बिस्तारै नयाँ जिम्मेवारी पाइनेछ । धार्मिक क्रियाकलापमा रुचि जाग्नेछ । मानसम्मान बढ्नेछ, प्रशंसा पाइएला । रमाइलो भ्रमण सम्भावना छ । नयाँ काम गर्ने मौका छ । आफ्नो क्षेत्रको नेतृत्व गर्दै यात्रा गर्ने मौका आउला । आय-आर्जनमा सुधार आउनेछ । अरूको मन जित्न सफल भइनेछ । कर्मसिद्धिको समय छ ।

यात्रा

● टिएन भट्ट, पथप्रदर्शक

यात्राका क्रममा कहिलेकाहीं स्वास्थ्य समस्या पनि आउन सक्छ । यात्रालाई एकै दिनमा सीमित बनाउन खोज्ने अर्थात् सकेसम्म यात्रालाई छिटो सकाउने हतारोमा कतिपय मानिस रहन्छन् । यो राम्रो होइन । पहिलो दिनमै अति धेरै हिँड्दा भोलिपल्टै थाक्ने हुन्छ । मानिसहरू एकै दिनमा तीन-चार हजार मिटर उचाइमा पुग्न खोज्छन्, वातावरणमा घुलमिल हुन नसकेर बिरामी पनि पर्छन् । भौगोलिक अवस्था र वातावरणले गर्दा पनि थकान र स्वास्थ्यमा समस्या देखिन्छ ।

एक दिनमा एक हजार मिटरको उचाइ पार नगर्ने भन्ने नियम नै छ । १३ सय मिटरको उचाइमा बसेको मान्छे एकै दिनमा २५ सय मिटरको उचाइमा पुग्नुहुँदैन । दिनको अधिकतम एक हजार मिटर उचाइ पार





मानापाथी



संखुवासभा र भोजपुर जोड्ने सेतीघाटस्थित अरुण नदीमा फेरीबाट सवारीसाधन तार्दै

उपभोक्ताले आवश्यक सामग्री खरिद गर्छन् । हाटबजार केवल व्यापारको केन्द्र मात्र होइन, सामाजिक भेटघाट, सूचना आदान-प्रदान र सम्बन्ध सुदृढ गर्ने थलो पनि रहेछ । धार्मिक अध्यात्मिक दृष्टिले रुद्राक्षको आफ्नै महत्त्व छ । भोजपुर रुद्राक्ष खेतीका लागि समेत चर्चित छ ।

त्यहाँको अर्थतन्त्रमा रुद्राक्षको ठुलो देन छ । यहाँ उत्पादन हुने रुद्राक्ष धार्मिक तथा सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिन्छ । पछिल्लो समय रुद्राक्ष खेती व्यावसायिक बन्दै गएपछि किसान यसतर्फ आकर्षित भएका छन् । यसले धार्मिक पर्यटन र स्थानीय अर्थतन्त्रलाई समेत टेवा पुऱ्याएको स्थानीयको भनाइ छ ।



भोजपुरे खुकुरी देखाउँदै स्थानीय



रुद्राक्ष



कोदो सुकाउँदै स्थानीय



सुन्तला

भोजपुरको अर्को जबर्जस्त परिचय हो, भोजपुरे खुकुरी । शौर्यको प्रतीक खुकुरी भोजपुरको सान पनि हो । भोजपुरमा पुस्तौंदेखि खुकुरी बनाउँदै आएका कालीगढको सीप आज पनि जीवित छ । धारिलो फलाम, सन्तुलित बनावट र बलियो पकडका कारण भोजपुरे खुकुरी नेपाली सेनादेखि विदेशी संग्रहकर्तासम्मको रोजाइमा पर्छ ।

भोजपुर पुग्ने एउटा गन्तव्यमा अझै नदीमा फेरीबाट गाडी तार्नुपर्छ । यस्तो परिस्थितिबाट भोजपुर मुक्त हुन चाहन्छ । विकासको गतिमा अघि बढ्न चाहान्छ, तर आफ्नो परम्परा मासिने सर्तमा होइन । स्थानीयका अनुसार भोजपुर परम्परागत सौन्दर्य नमासिने विकासको पक्षमा छ । पुराना घरहरूको संरक्षण, कृषि र घरेलु उद्योगको प्रवर्द्धन तथा पर्यटनको विकास गर्न सके भोजपुर अझ समृद्ध र चिनिएको गन्तव्य बन्न सक्ने देखिन्छ । प्राकृतिक देन, मानवीय श्रम र सीपको खानी भोजपुरले पर्यटक पर्खिरहेको छ ।

पदयात्रामा के खाने के नखाने ?

गर्ने तरिकाले यात्राको योजना बनाउनुपर्छ । जसले गर्दा स्वास्थ्यमा प्रतिकूल असर पर्दैन ।

कतिपय ग्रामीण क्षेत्रमा इन्टरनेटको सुविधा नहुन सक्छ । मोबाइल नेटवर्क पनि नटिप्न सक्छ । बत्तीको पहुँच पनि नहुन सक्छ । डिभाइस चार्ज गर्न सकिँदैन । यात्रा गर्ने ठाउँको जानकारी लिन असहज हुन सक्छ । डाटा केबल, टर्च, पावरबैंकलगायत उपकरण यात्रामा हिँड्दा आफूसँग बोक्दा राम्रो हुन्छ । यतिबेला चिसोको मौसम छ । झोलामा डाउन ज्याकेट, पन्जा, प्राथमिक उपचारका सामग्रीलगायत बोक्नुपर्छ ।

कपितयको पेटभरि खाएर हिँड्ने बानी हुन्छ । तर, पदयात्रा गर्दा सकेसम्म पेटभरि खाना खानुहुँदैन । पेट अटसमटस भयो भने हिँड्न गाह्रो हुन्छ, जसले यात्रालाई विलम्ब गराउँछ । पाचन समस्या आयो भने यात्रा रमाइलो नहुन सक्छ । पदयात्राका क्रममा पसिना र पिसाबमार्फत पानी बाहिरिएको हुन्छ । त्यसकारण पानी धेरै चाहिन्छ । त्यसलाई ख्याल गरी झोलिलो पदार्थ बढी खानुपर्छ ।

पदयात्रामा शरीरको शक्ति क्षीण भइरहेको हुन्छ । त्यसैले पोषणयुक्त खानेकुरामा ध्यान दिनुपर्छ । शरीरमा स्फूर्ति ल्याउन पनि पोषणयुक्त खाना आवश्यक पर्छ । पदयात्रामा ग्लुकोज बोक्नुपर्छ र चकलेट बोक्नुपर्छ ।

हिँड्ने वेला सकेसम्म केरा नखाएकै राम्रो । केरा पच्न समय लाग्ने हुनाले यात्रामा समस्या आउन सक्छ । यात्राको क्रममा स्याउ खाँदा राम्रो हुन्छ । स्याउ पचाउन गाह्रो हुँदैन । शरीरमा स्फूर्ति बढाउन स्याउले सहयोग गर्छ । एसिडिटी नहुने खानेकुरा खानुपर्छ ।

यात्रा थाल्नुअघि गेडागुडी नखाँदा राम्रो हुन्छ । किनकि गेडागुडी पचाउन समय लाग्छ । तर, गेडागुडीको झोल खान सकिन्छ । त्यसैले शरीरलाई तागत दिन्छ । उमालेको पानी बोक्ने वा कुनै औषधि मिलाएर बोक्ने गर्दा राम्रो हुन्छ । यात्रा गर्दा जथाभावी पानी पिउनुहुँदैन । पेट गडबड हुन सक्छ ।

वास बस्ने ठाउँको होटेलको किचन पनि ख्याल गर्नुपर्छ । होटेलको किचन कति सफा छ त्यसलाई पनि विशेष ध्यान दिनुपर्छ । पदयात्राको क्रममा खानेकुरा साथमा बोक्नुपर्छ । हिँड्ने वेला पेटभरि नखाएकाले तलतल लाग्न सक्छ । त्यसैले बाटोका लागि खानेकुरा जोहो गर्नुपर्छ । बरु पटक-पटक खाने, थकाइ मार्ने बसेको वेलामा थोरै खाँदा हुन्छ ।

पदयात्रामा पहिले पकाएको वा बासी खाना नखाने । चाउचाउ पनि नखाने बरु पानीमा उमालेर खाने । त्यसले शरीरलाई पानीको मात्र पनि पूरा हुन्छ । बिस्कुट पनि पानीमा भिजाएर खाँदा उपयुक्त हुन्छ ।

दुःख सुनाउन काठमाडौं गएको कवि गाउँ फर्किनुपर्छ



गाउँ-संवाद

तस्बिर सौजन्य आरके अदीप्त गिरी

कवि हाङयुग अज्ञात इलाममा बस्छन् । टिनको छाना र बाँसको भित्ता भएको घरलाई उनले नाम दिएका छन्, कवि-कुञ्ज : हाङयुग अज्ञात निवास । 'रंगीन आविष्कार', 'ढुंगामुडाको मान्छे,' 'करङको हिरासत,' 'आधा रातको तङसिङ'जस्ता रुचाइएका वैचारिक कवितासंग्रहका सर्जक अज्ञातले भर्खरै आफ्ना प्रतिनिधि कविताको संग्रह पनि प्रकाशित गरेका छन् । लामो समय हङकङ बसेका उनी आधा दशकदेखि गाउँमा बस्दै आएका छन् । उनीसँग ***राजु स्याङ्तान****ले गरेको गाउँ-संवाद :*

पश्चिमा दर्शनको राम्रो जानकार एकजना खरो कविलाई इलामले कसरी 'थेगिरहेको' होला ?

पाँचथर, झापा, काठमाडौं र हङकङमा आफ्नो जीवनकै ऊर्जाशील समय बिताएर इलाम फर्किएको पाँच वर्षजति भो होला । 'तपाईंजस्तो मान्छे काठमाडौंमै बस्नु नि अवसर त्याँ धेरै छन्' भनेर इलामका नेताले मलाई सुझाव नि दिएका थिए । मैले उहाँहरूलाई भनैं, 'अनि तपाईंहरू चैं किन काठमाडौंको मेयर बन्न नजानुभाको ?' इलाममा कसैको कुर्सी खोस्न आएकोजस्तो व्यवहार गरिएकै हो मलाई । तर, म इलामका दुःख, अभाव र श्रमिक वर्गसँग मेरो अनुभव बाँड्न आएको हुँ । यो अर्थमा मलाई 'पागल' भन्दारहेछन् । एउटा 'पागल'लाई थेगिरहेको छ इलामले ।

इलाम सानो भयो जस्तो लाग्दैन ?

नेपालभरिमा इलाम मात्रै त्यस्तो जिल्ला होला, जहाँ हिमाल, पहाड र मधेश छ । इलाममा कर्णाली पनि छ, काठमाडौं पनि छ । भूगोलको विविधता त छँदै छ, त्योभन्दा पनि महत्त्वपूर्ण कुरा भनेको इलाममा सांस्कृतिक विविधता छ, विभिन्न जातजाति र सम्प्रदाय आआफ्ना थातथलोमा मिलेर बसेका छन् । भूपि शेरचनले देखेको तर नभोगेको इलामको यो विशालतामा म ब्रह्माण्डमा एउटा तोरीको गेडाजस्तो मात्रै हुँ ।

गाउँबारे कविता लेख्ने कविहरू सहरमा अटाइ नअटाइ छन् । ग्रिक मिथकको जोकास्टाबारे कविता लेख्ने तपाईंचाहिं गाउँमा हुनुहुन्छ । यो संयोग मात्रै हो कि यसमा केही दर्शन लुकेको छ ?

'घरतिर जाँदा वनतिर मुख, वनतिर जाँदा घरतिर मुख' भनेजस्तै हामी अधिकांश कवि-लेखकको बाध्यता भनौं कि वैचारिकी भनौं, अहिलेसम्मको तथ्यांकअनुसार जति पनि राज्यद्वारा विभूषितहरू जो छन्, ती सप्पै काठमाडौंमा भुम्मिएका गाउँबाटै गएकाहरू छन् । केन्द्र भक्तिनुपर्छ भन्नेहरू पनि केन्द्रमै । खै ! के ढुकेर बसेका हुन् ? तर, मलाई लाग्छ, देश संघीयतामा गइसकेपछि काठमाडौंमा गाउँको दुःख सुनाउन गएको कवि आफ्नै गाउँमा फर्किनु जरुरी छ । नत्र, सिद्धान्त गुल्टिन्छ । सिद्धान्त एकातिर, व्यवहार अर्कोतिर भयो भने आफूले लेखेका रचना आउने पुस्ताले पत्याउनेछैनन् ।

दुःख मुग्लिनको पहिरोजस्तो हो, हरेक वर्ष आइरहन्छ । त्यसैले केन्द्रमै बसेर हस्तक्षेप गरिरहने हो भन्ने पनि होला कि !

केन्द्रमै बसेर हस्तक्षेप गरिरहने अवधारणा त बहत्तर सालको संविधानअगाडिको विचार भयो । किन संघीयता फ्लप हुँदै छ भन्दा एउटा प्रमुख कारण त हामीमा अझै काठमाडौंको ह्याङओभर छ । ठिकै छ, केन्द्रमै बसेर केन्द्रसँग प्रतिरोध गर्दा हुन्छ, तर यहाँ के भैराछ भन्दा केन्द्रमा बसेर गाउँ केही होइन, प्रदेश केही होइन भनिराछन् । केन्द्र नै सर्वेसर्वा हो, केन्द्रविना बाँकी भ्रम हो भन्ने जुन मनोविज्ञानको विकास भएर गाको छ, यसमा मेरो असहमति छ । गाउँमा दुःख छ भनेर काठमाडौं जानु भनेको नेपालमा दुःख पहिचानका धेरै आयाम छन् । राजनीतिक रूपमा तत्कालीन माओवादीले देशभर एकप्रकारको चेतना प्रसारण गरेकै हो । तर, यता मैले बाँचेको समाजमा जनयुद्धभन्दा अगाडिदेखि नै पहिचानको मुद्दा भुसको आगोजस्तो भित्रभित्रै सल्किरहेको नै थियो । किनभने, लिम्बुवान राज्य गोर्खाराज्यसँग पराजित भएको थिएन । नुनपानीको सम्झौता गरेर किपट व्यवस्थाद्वारा स्वायत्त राज्य लिम्बुवान थियो । बिस्तारै गोर्खाराज्यले जालझेल गर्दै महेन्द्रको पालासम्म आइपुग्दा त भूमिसुधारका नाममा किपट जमिनलाई रैकरमा परिवर्तन गरिदियो, अब हामीले गोर्खाराज्यलाई कर तिर्नुपर्ने भो । अघि गरिएका वाचा एकतर्फी रूपमा उनीहरूले तोड्दै गए । जेन-जी पुस्तालाई यी कुरा बुझाउन पनि हामीले आराम गर्ने वेला भएको छैन । हाम्रो संघर्षलाई अझै संगठित गर्दै सत्य र न्यायको पक्ष उभिरहनुपर्छ । धरानका मेयर हर्कजीले बुझाउन खोजेको पहिचान फेरि अर्कै खालको हो ।

छ भनेर विदेश जानुजस्तै हो । दुःखले रूप मात्रै फेर्छ, दुःख सबैसँग सबै ठाउँमा हुन्छ । काठमाडौं नै अन्तिम सत्य होइन भन्ने मेरो जिकिर हो ।

ढुंगा बोक्नेदेखि ढुंगा बेच्नेसम्मका नेताहरू हामीसँग उपलब्ध छन् । एकजना कविको अन्तरदृष्टिबाट हेर्दा गाउँका ढुंगाहरूको, हावा, रुख, पातपतिंगरहरूको खास मर्म, भाषाचाहिं के रहेछ ?

ढुंगा त गाउँका मान्छेले बोकेका, फुटाएका, लडाएका तीन सय वर्ष पुग्न लाग्यो होला । ढुंगा बेच्नेले चैं ढुंगा मात्रै बेचेनन्, सिंगै नदी बेचे, पहाड बेचे । गाउँमा हाम्रा खोलामा हाइड्रोपावर खोलिएका छन्, तर ती हाइड्रोपावरका मालिक बाहिरका छन्, बाहिरकाले हाम्रो गाउँको खोलानालाको शोषण गरिरहेका छन् । प्राकृतिक स्रोतसाधनमाथिको अधिकार स्थानीयको हुनुपर्ने होइन र ? त्यसकारण, ढुंगा बोक्ने र बेच्ने दुवैथरिका नेताहरूका निम्ति म उपलब्ध छैन ।

गाउँ खुम्चिँदै छ, सहर फैलिँदै छ । नेताहरू भन्छन्, गाउँ नसिध्याइ विकास हुँदैन, अभियन्ता भन्छन्, गाउँ सिध्याउनु भनेको सभ्यता सिध्याउनु हो । यो विषयलाई तपाईंले कसरी हेरिरहनुभएको छ ?

मैले बुझेको गाउँ प्रकृति र संस्कृतिको संगम हो । र, मलाई लाग्छ सहर भनेको संस्कृति हो । संस्कृति मानव निर्मित हुन्छ । भौतिक रूपमा हेर्दा गाउँ, गाउँ नै छैन अब । अनि सहर त संसार भइसक्यो । तर, मलाई लाग्छ, हिजोआज सहरले पनि गाउँ बन्ने नाटक गर्दैं छ, गमलामा अकबरे र साग रोपेर गाउँ हुने प्रयास गर्दैं छ । तब यसो सोच्छु, गाउँको पनि संसार छ । मूलतः नब्बेको दशकमा भएको मासमिडिया क्रान्तिले सहरमा गाउँलाई पुऱ्यायो र गाउँमा सहरलाई पुऱ्यायो । त्यसकारण, अहिलेको अवस्थामा गाउँलाई सिध्याएर विकास हुन्छ भन्ने विचार डोजरवादी नेताको होला । गाउँ सिद्धिँदै फेरि सभ्यता नै सिद्धिन्छ भन्ने कुरो पनि अतिरञ्जित हो कि ! किनभने यो पृथ्वीबाट धेरै सभ्यता गाउँबाट सिद्धिएका छैनन् । जस्तो- माया सभ्यता कसरी सिद्धियो ? मोहेनजो दारो र हडप्पा सभ्यताहरू सहरमा सिद्धिए नि ! त्यसो भए हाम्रो सभ्यता खतराउन्मुख छ कि हामी ठिकै बाटोमा गइरहेका छौं ?

हाम्रो आफ्नै मौलिक दर्शन अतिक्रमणमा छन् । चाहे गाउँमा होस्, या सहरमा । पुँजी र उपभोक्तावादी संस्कृतिले हामीलाई खतरापूर्ण अवस्थामा पुऱ्याएको छ । प्रतिरोधात्मक चेतनाको विकासले मात्रै हाम्रो मौलिक संस्कृतिलाई प्रकृतिसम्मत अगाडि लान सकिन्छ, यसो गरियो भने मात्रै समानता र न्यायमूलक समाजको निर्माण हुन्छ भन्ने लाग्छ ।

प्रकृतितिर फर्क भन्ने धारणा संसारमा बढ्दै गएको देखिन्छ । तपाईं हङकङ छाडेर धेरै वर्षदेखि गाउँतिरै हुनुहुन्छ । प्रकृतितिर फर्किएपछि कविता-कर्ममा के-कस्तो फरक पर्दो रहेछ ?

कविता-कर्मभन्दा पनि गाउँमा मेरा कविताका पात्रसँग प्रत्यक्ष हिँड्छु, डुल्छु, सुखदुःख साट्छु, जसका कारण मैले कृत्रिमताको फुलबुट्टा भर्नुपरेको छैन । कवि भनेको यही हाम्रै समाजवरिपरिको हामीजस्तै हाम्रै संघर्ष र विद्रोह ओकल्ने मान्छे न रहेछ भन्ने आत्मविश्वास गाउँलेमा पलाएको देखेर मैले गाउँ फर्किएर ठिकै गरेछु जस्तो लाग्दै छ ।


एआईले कविता-गीत लेख्न-गाउन थाल्यो । संगीतकर्मी चिन्तित छन् । तपाईंले भर्खरै गाउँतिरै बसेर छानिएका कविताको संग्रह निकाल्नुभयो । यो उत्तरआधुनिक समयको रफ्तारले अबको कविता लेखनमा के-कस्तो प्रभाव पार्ने देख्नुहुन्छ ?

एआईले लेखेको कविता र कम्पोज गरेर गाएको गीतले एक किसिमको आनन्द प्रदान गरे पनि साहित्यकलामा हुनुपर्ने विशेष तत्त्व मिसिङ भएझैं लाग्छ । त्यो विशेष तत्त्व भनेको मानवीय संवेदना नै हो । सुगाले गोपी कृष्ण को हो भनेर बोले झैं मात्रै हो एआई । गाउँमा लेखिनुपर्ने कुरा धेरै छन्, अन्वेषण गर्नुपर्ने विषयवस्तु थुप्रै छन्, जो एआईले गर्न सक्दैन । हामी भोगेर लेखिराछौं, त्यो भोगाइ एआईले भोग्न सक्दैन । समय आफ्नै रफ्तारमा हुन्छ, कवि-लेखकले समयभन्दा अलि अगाडि गएर सोच्नुपर्छ जस्तो लाग्छ । जे चलिरहेको छ, त्यसैमा भुलिन थालियो भने सामाजिक विभेद र असमानताबारे कसले लेख्ने ? भिडकै पछि हिँड्न थाल्ने हो भने गोपालप्रसाद रिमालको 'आमा' कविता जलाइदिए भो ।

> गाउँमा मेरा कविताका पात्रसँग प्रत्यक्ष हिँड्छु, डुल्छु, सुखदुःख साट्छु, जसका कारण मैले कृत्रिमताको फूलबुट्टा भर्नुपरेको छैन । कवि भनेको यही हाम्रै समाजवरिपरिको हामीजस्तै हाम्रै संघर्ष र विद्रोह ओकल्ने मान्छे न रहेछ भन्ने आत्मविश्वास गाउँलेमा पलाएको देखेर मैले गाउँ फर्किएर ठिकै गरेछु जस्तो लाग्दै छ ।

साहित्यमा 'सिर्जनशील अराजकता' अभियान चलाउनुभयो । जेन-जी आन्दोलनपछि अब पहिचानको आन्दोलन उठ्नै नसक्ने गरी माटोमा बिलायो भन्ने निष्कर्ष यदाकदा सुनिन्छ । यसबारे के भन्नुहुन्छ ?

साहित्यमा 'सिर्जनशील अराजकता' अभियान चलाउनुभयो । जेन-जी आन्दोलनपछि अब पहिचानको आन्दोलन उठ्नै नसक्ने गरी माटोमा बिलायो भन्ने निष्कर्ष यदाकदा सुनिन्छ । यसबारे के भन्नुहुन्छ ?



अस्तित्वको संघर्ष

नेपालमा बढ्दो एन्टी-जेन्डर आन्दोलनको असर केवल वैचारिक बहसमा मात्र सीमित छैन, यसले समुदायको आधारभूत जीवनयापनमा समेत गम्भीर धक्का पुऱ्याएको छ

यौनिकता



● टीकाराम भुसाल
अधिकारकर्मी

नेपाललाई अन्तर्राष्ट्रियस्तरमा समावेशीकरण, समानता र मानव अधिकारप्रति प्रगतिशील राष्ट्रको रूपमा प्रशंसा गरिन्छ। महिला अधिकारदेखि लैंगिक समानता र यौनिक तथा लैंगिक अल्पसंख्यकको अधिकारलाई संवैधानिक मान्यता दिनु मात्र होइन, लैंगिक द्वैसांख्यिकको सीमाभन्दा बाहिरको गरिमालाई स्वीकार गरेकोले नेपाल दक्षिण एसियामा आशाको दियो भएर उभिएको छ। तर, हाल यी उपलब्धि गम्भीर खतरामा पर्न थालेका छन्। बढ्दो एन्टी-जेन्डर आन्दोलनले विशेषगरी पारलैंगिक तथा विविध लैंगिक पहिचान भएका व्यक्तिले कठिन संघर्षबाट प्राप्त गरेका अधिकारलाई क्रमशः कमजोर बनाउँदै लगेको छ। जसले नेपालमा स्थापित प्रगतिशील उपलब्धिलाई चुनौती दिँदै समावेशी समाज निर्माणको यात्रालाई जोखिममा पारेको देखिन्छ।

एन्टी-जेन्डर आन्दोलन अर्थात् लैंगिक समानताविरोधी अभियान एक विश्वव्यापी राजनीतिक र सामाजिक अभियान हो। जसले लैंगिक विचारधाराको विरोध गर्छ। यो आन्दोलनले लैंगिक समानता, लैंगिक तथा यौनिक अल्पसंख्यकको अधिकार, यौन तथा प्रजनन स्वास्थ्य र अधिकारजस्ता विषयले परम्परागत परिवार, धर्म र प्राकृतिक व्यवस्थालाई खतरामा पार्ने दाबी गर्छ। यसले लैंगिक समानताको अवधारणालाई अस्वीकार गरिरहेको पाइन्छ। यस्ता अभियान चलाइरहेका व्यक्तिले लैंगिकतालाई स्वअनुभूतिको आधारमा निर्धारण गर्दैन। केवल महिला र पुरुषमा मात्र सीमित गरिनुपर्छ भन्ने मान्यता राख्छ। नेपालमा केही त्यस्ता व्यक्ति तथा संस्था/समूहले समग्र एलजिबिटीक्युए + समुदायलाई तेस्रो लिंगीको रूपमा सम्बोधन गरिनुपर्छ भन्ने अभियान चलाइरहेको पाइन्छ। अधिकारमुखी अभियानलाई बाह्य वा पश्चिमी एजेन्डाका रूपमा चित्रण गर्दै यसले बालबालिकाको भविष्य र समाजको नैतिक जग बिगार्ने कुतर्क गरिरहेको पाइन्छ।

हिजोआज नेपालमा लैंगिक समानताविरोधी गतिविधि, खासगरी पारलैंगिक अधिकारविरोधी गतिविधिमा सूक्ष्म तरिकाले वृद्धि भइरहेको छ। कोभिड-१९ महामारीपछि पारलैंगिक पहिचान र अधिकारलाई लक्षित गरी विभिन्न नकारात्मक अभियान संगठित रूपमा सुरु भएको पाइन्छ।


छिटपुट भाषण, लेख-रचना र अन्तर्वार्तामा सीमित रहेका यस्ता गतिविधि हाल मिडिया एड्भोकेसी र सरकारी र राजनीतिकस्तरमा भ्रम फैलाउने तहसम्म विस्तार भएका छन्। यस्ता संगठित प्रयत्न व्यक्तिगत तथा सार्वजनिक हुने भौतिक र मानसिक आक्रमणका रूपमा रूपान्तरण भइरहेका छन्। जसले सीधा रूपमा ट्रान्सजेन्डर (पारलैंगिक) समुदायको पहिचान र उनीहरूले प्राप्त गरेका संवैधानिक अधिकारलाई नै सिध्याउने लक्ष्य राखेको देखिन्छ।

नेपालमा सक्रिय 'एन्टी-जेन्डर' आन्दोलनका पक्षधरले व्यक्तिको स्व-अनुभूतिमा आधारित लैंगिक पहिचानलाई अस्वीकार गर्दै एक संकुचित भाष्य निर्माण गरिरहेका छन्। यी समूहले लैंगिकतालाई केवल 'महिला, पुरुष वा तेस्रोलिंगीको सीमित घेराभित्र मात्र खुम्च्याउन खोजेको देखिन्छ। यस अभियानमा केही परम्परावादी समूह मात्र नभई, दुर्भाग्यवश एलजिबिटिक्युए+ समुदायकै केही व्यक्तिसमेत संलग्न हुनु थप चुनौतीपूर्ण बनेको छ। सम्पूर्ण विविधतायुक्त पहिचानलाई 'तेस्रोलिंगी'को एउटै डालोमा राखेर पारलैंगिक महिलालाई 'महिला' र पारलैंगिक पुरुषलाई 'पुरुष'को रूपमा अस्वीकार गरिरहेको देखिन्छ। यसले व्यक्तिको वास्तविक जीवनका अनुभव र स्थापित अन्तर्राष्ट्रिय मानव अधिकारका सिद्धान्तलाई प्रत्यक्ष चुनौती दिएको छ।

यस आन्दोलनको अर्को डरलाग्दो पक्ष भनेको लैंगिकता पुष्टि गर्ने स्वास्थ्य सेवाप्रतिको आक्रामक विरोध हो। नेपालमा यो समूहले 'ट्रान्सजेन्डर' व्यक्तिहरूको हर्मोन थेरापी र अन्य आवश्यक स्वास्थ्य सेवामाथि निरन्तर प्रहार गरिरहेको छ। उनीहरूले व्यक्तिको 'शारीरिक स्वायत्तता' र आत्मनिर्णयको अधिकारलाई 'अप्राकृतिक' र 'अमानवीय'जस्ता आपत्तिजनक शब्दावलीमार्फत प्रश्न गरिरहेका छन्। 'शारीरिक अंगका आधारमा मात्र लैंगिकता निर्धारण हुन्छ भन्ने उनीहरूको तर्कले दशकौंदेखि स्थापित चिकित्सकीय, मनोवैज्ञानिक र मानव अधिकारसम्बन्धी विश्वव्यापी सहमतिलाई पूर्णतः उपेक्षा गरेको छ।

व्यक्तिको लैंगिक पहिचान उसको स्व-अनुभूतिको आधारमा कायम हुन्छ भन्ने आधारभूत मान्यतालाई लत्याइँदै छ। यस्ता अभियानले अन्ततः ट्रान्स-जेन्डर समुदायको सुरक्षा र अस्तित्व नै गम्भीर संकट पैदा गर्छ।

सन् २०२४ मा नेपालमा लैंगिक समानताविरोधी लहर झन् जटिल र चुनौतीपूर्ण बनेर देखापरेको थियो। विशेषगरी, दुईजना सांसदले संघीय संसद्को बैठकमा हर्मोन थेरापी, लैंगिकता पुष्टि गर्ने स्वास्थ्य सेवा र ट्रान्स-जेन्डर व्यक्तिहरूले स्व-अनुभूतिको आधारमा नागरिकता प्राप्त गर्न पाउने अधिकारविरुद्ध दिएको अभिव्यक्तिले अधिकारवादी आन्दोलनलाई स्तब्ध बनाएको छ। राज्यको नीति-निर्माण गर्ने थलोमा बसेका जनप्रतिनिधिबाट आएका विभेदकारी वक्तव्यले समाजमा विद्यमान लाञ्छना र भेदभावलाई सरकारी वैधता दिने जोखिम बढाएको देखिन्छ। यस्तो अभियान केवल वैचारिक बहसमा मात्र सीमित छैन। केही व्यक्ति र संस्थाले कार्यशाला, नीतिगत वकालत र सामाजिक सञ्जालका विभिन्न माध्यम प्रयोग गरी आफूलाई आक्रामक रूपमा प्रस्तुत गरियो। र, यो अभियानलाई सशक्त बनाउनतिर लागेको देखिन्छ। स्थानीय तथा राष्ट्रिय अनलाइन मिडियामा दिइने अन्तर्वार्ता र लेखमार्फत पारलैंगिक अधिकारविरोधी भाष्य निर्माण गर्ने प्रयास भइरहेका छन्।



नेपालमा सक्रिय 'एन्टी-जेन्डर' आन्दोलनका पक्षधरले व्यक्तिको स्व-अनुभूतिमा आधारित लैंगिक पहिचानलाई अस्वीकार गर्दै एक संकुचित भाष्य निर्माण गरिरहेका छन्। यी समूहले लैंगिकतालाई केवल 'महिला, पुरुष वा तेस्रोलिंगीको सीमित घेराभित्र मात्र खुम्च्याउन खोजेको देखिन्छ।

यस क्रममा ट्रान्स-जेन्डर र गैर-द्वयसांखिक व्यक्तिलाई लक्षित गरी धम्की र घृणात्मक अभिव्यक्ति दिने कार्य तीव्र भएको छ। विशेषगरी, ट्रान्स व्यक्तिको गोपनीयताको हकलाई ठाडो चुनौती दिँदै उनीहरूको 'मृत नाम' जानाजानी सार्वजनिक गरिदिने प्रवृत्ति बढेको छ। यसले पारलैंगिक व्यक्तिको गोपनीयता भंग हुनुको साथै उनीहरूलाई सामाजिक रूपमा अपमानित मात्र नगरेर स्वयं व्यक्तिको सुरक्षामा समेत गम्भीर जोखिम पैदा गर्छ। यो अभियान चलाइरहेका व्यक्तिले स्थानीय सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत फैलाइरहेको छ। यस्ता गलत सूचनाले लैंगिक विविधतालाई एक प्राकृतिक मानवीय अनुभवको सट्टा सामाजिक खतराको रूपमा चित्रण गर्ने घातक प्रयत्न गरिरहेको देखिन्छ।

नेपालमा बढ्दो एन्टी-जेन्डर आन्दोलनको असर केवल वैचारिक बहसमा मात्र सीमित छैन। यसले समुदायको आधारभूत जीवनयापनमा समेत गम्भीर धक्का पुऱ्याएको छ।

यस आन्दोलनको भ्रम र दबाबका कारण मानव अधिकार, सशक्तीकरण र स्वास्थ्यका क्षेत्रमा दातृ निकायबाट प्राप्त हुने आर्थिक तथा प्राविधिक सहयोगमा समेत कटौती हुन थालेको छ। यसको प्रत्यक्ष प्रभाव लैंगिक तथा यौनिक अल्पसंख्यक समुदायका लागि सञ्चालित एचआइभी तथा यौनजन्य रोगसम्बन्धी निःशुल्क सेवा दिइरहेका क्लिनिक आर्थिक अभावले बन्द हुन थालेका छन्।

आर्थिक स्रोतको संकुचनले गर्दा अधिकांश सामाजिक संस्था संकटमा परेका छन्। जसका कारण यसै समुदायका धेरै व्यक्तिले आफ्नो रोजगारी गुमाउनुपरेको छ। साथै मानव अधिकार र सशक्तीकरणसम्बन्धी विभिन्न जनचेतनामूलक अभियानमा पनि कमी आएको देख्न सकिन्छ। विशेषगरी, ट्रान्स-जेन्डर व्यक्तिका लागि यो समय अत्यन्तै क्रूर साबित भइरहेको छ।

वर्षौं लामो संघर्षपछि प्राप्त पहिचान, सुरक्षा र सेवाका केही उपलब्धि अहिले पुनः खोसिने जोखिममा छन्। ट्रान्सहरूको अस्तित्वलाई आज अस्वीकार गर्ने अवस्थामा पुऱ्याएको छ। साथै उनीहरूको शरीरलाई सार्वजनिक बहसको वस्तु बनाइएको छ। र, उनीहरूको नैसर्गिक अधिकारलाई विभिन्न सर्तसँग तुलना गरिएको छ। मानवीय गरिमा र अधिकारको दृष्टिकोणले यो स्थिति अत्यन्तै आपत्तिजनक र चिन्ताजनक छ।

कुनै पनि व्यक्तिको लैंगिक पहिचान उसको स्व-अनुभूतिको आधारमा निर्धारण हुन्छ। २०८० कात्तिकमा सर्वोच्च अदालतको फैसलाले पारलैंगिक महिलाको पहिचान 'महिला' नै हुने स्पष्ट पारेको छ। उच्च अदालतका विभिन्न फैसला, संयुक्त राष्ट्रसंघीय मानव अधिकार आयोग र अन्तर्राष्ट्रिय अदालतका निर्णयले पनि पारलैंगिक व्यक्तिको अधिकारलाई सुरक्षित गरेका छन्। यसबाट के स्पष्ट हुन्छ भने कुनै पनि व्यक्ति वा संस्थालाई अर्को व्यक्तिको लैंगिक पहिचान तोक्ने अधिकार छैन। पारलैंगिक पुरुषहरू पुरुष हुन् र पारलैंगिक महिलाहरू महिला हुन्।

यो विषय लैंगिक तथा यौनिक अल्पसंख्यक समुदाय मात्र होइन, समग्र मानव अधिकारसँग सम्बन्धित मुद्दा हो। त्यसैले, राज्यका निकाय र राष्ट्रिय मानव अधिकार आयोगले यस्ता मानव अधिकारविरोधी गतिविधिको सूक्ष्म निरीक्षण गरी आवश्यक कदम चाल्नुपर्छ। नेपाल सरकारले भेदभाव र गलत सूचना फैलाउने अभियानविरुद्ध स्पष्ट जवाफ दिनुपर्छ। त्यस्तै, सञ्चार माध्यमले जनचेतना फैलाउने सामग्री प्रसारण गर्नुपर्ने देखिन्छ। नेपालको संविधानले सबैलाई समानताको हक दिएको हुनाले यस समुदायको रक्षा गर्नु नैतिक, संवैधानिक र लोकतान्त्रिक दायित्व हो।

विश्व



● भिक्टोरिया बिसेट

अमेरिकाले किनेको हो ४० प्रतिशत भूभाग



आजको अमेरिकी भूमिको झन्डै ४० प्रतिशत हिस्सा अमेरिकाले कुनै न कुनै समय खरिद गरेर आफूमा गाभेको इतिहास छ। सामान्यतया युद्धमार्फत भूमि विस्तार गर्ने युरोपेली तथा एसियाली देशको अनुभवभन्दा यो अमेरिकी अभ्यास पृथक् देखिन्छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको जसरी पनि ग्रिनल्यान्डलाई अमेरिकामा गाभ्ने अडानले अहिले पश्चिमी गठबन्धन तरंगित छ। डेनमार्कको स्वशासित क्षेत्र ग्रिनल्यान्ड अमेरिकी सुरक्षाका लागि महत्त्वपूर्ण रहेको दाबी गर्दै ट्रम्पले जुनसुकै उपायबाट भए पनि लिइछाड्ने खुला घोषणा गरेका छन्। उता अमेरिकी घोषणाले युरोपेली मित्रशक्ति चिढिएका छन्। युरोपेली नेताले ग्रिनल्यान्डलाई बलपूर्वक नियन्त्रण लिने प्रयास गरे पश्चिमी शक्तिबिचको सैन्य गठबन्धन नेटो नै भंग हुने चेतावनीसम्म दिइरहेका छन्। यसबिच अमेरिकाले ग्रिनल्यान्डलाई डेनमार्कबाट खरिद गर्ने प्रस्तावसमेत अघि सारेको छ। उसो पनि अमेरिकाले विदेशी भूमि पैसामा किनेको धेरै ऐतिहासिक उदाहरण पनि छन्। आजको अमेरिकी भूमिको झन्डै ४० प्रतिशत हिस्सा अमेरिकाले कुनै न कुनै समय खरिद गरेर आफूमा गाभेको इतिहास छ। सामान्यतया युद्धमार्फत भूमि विस्तार गर्ने युरोपेली तथा एसियाली देशको अनुभवभन्दा यो अमेरिकी अभ्यास पृथक् देखिन्छ। यहाँ अमेरिकाले खरिद गरेको प्रमुख भूमिबारे चर्चा गरिएको छ :

■ सन् १८०३ : १.५ करोड अमेरिकी डलरमा फ्रान्सबाट लुइसियाना

सन् १७८३ मा भएको 'पेरिस सम्झौता'ले अमेरिकी महादेशमा रहेका १३ ब्रिटिस उपनिवेश र औपनिवेशिक शक्ति बेलायतबिचको अमेरिकी स्वतन्त्र संग्राम अन्त्य गऱ्यो। साथै त्यही सम्झौताअनुरूप ती १३ पूर्वब्रिटिस उपनिवेश संयुक्त राज्य अमेरिकाको नाममा एक स्वतन्त्र देश बने। त्यो देशले ब्रिटिस शासनबाट स्वतन्त्रता हासिल गरेको बीस वर्षपछि एक खरिद सम्झौतामार्फत आफ्नो भूमि दोब्बर बनायो। 'लुइसियाना खरिद' नामले चिनिने सो सम्झौताअनुरूप संयुक्त राज्य अमेरिकाले १.५ करोड अमेरिकी डलर (अहिलेको मूल्यमा करिब ३४ देखि ३८ करोड अमेरिकी डलर) तिरेर फ्रान्सको स्वामित्वमा रहेको लुइसियाना क्षेत्रलाई किनेको थियो।

यस सम्झौताले मिसिसिपी नदी र रकी पर्वतीबचको जम्मै भूमि अमेरिकी शासनमा आयो। पछि यस भेगलाई अहिलेका १५ वटा राज्यमा विभाजित गरियो। त्यस समय फ्रान्सका सम्राट् नेपोलियन बोनापार्ट युरोपका विभिन्न युद्धमा संलग्न थिए। आर्थिक कठिनाइका समय रकम चाहिएकाले उनले त्यो भूमि बेचेको मानिन्छ।

■ सन् १८१९ : ५० लाख अमेरिकी डलरमा स्पेनबाट फ्लोरिडा

संयुक्त राज्य अमेरिकाको नियन्त्रणमा आउनुअघिका फ्लोरिडा बेलायत र स्पेनबिच तानातानमा परेको थियो। सन् १७६३ सम्म स्पेनको स्वामित्वमा रहेको सो भूमि त्यस वर्ष स्पेनले क्युबा र फिलिपिन्स लिएर बेलायतको अधीनमा पुग्यो। तर, बीस वर्षपछि नै सो भूमिको स्वामित्व फेरि स्पेनकै हातमा आयो।

बीस वर्षको शासनकालमा बेलायतले फ्लोरिडालाई पूर्वी र पश्चिम फ्लोरिडा नामक दुई प्रकासनिक एकाइ (उपनिवेश)मा बाँडेका थिए। त्यसमध्ये पश्चिम फ्लोरिडामा दिन-प्रतिदिन छिमेकी संयुक्त राज्य अमेरिकाका नागरिकको जनसंख्या बढ्दै गएको थियो। तिनले सन् १८१० मा विद्रोह गरेर सो भूमिलाई स्पेनबाट स्वतन्त्र भएको घोषणा गरे। उता अमेरिकी सरकारले भने पश्चिम फ्लोरिडा 'लुइसियाना खरिद'कै हिस्सा भएको भन्दै सो भेग अमेरिकाकै भएको दाबी गरिरहेको थियो। विवादबिच सन् १८१८ मा अमेरिकी जनरल एन्ड्रयू ज्याक्सनले स्पेनी किल्लामाथि अचानक आक्रमण गर्दै स्पेनलाई सम्पूर्ण क्षेत्रमाथिको दाबी त्याग्न माग गरे।

दबाब बढ्दै गएपछि स्पेनले संयुक्त राज्य अमेरिकासँग 'एडम्स-ओनिस सन्धि'मा हस्ताक्षर गऱ्यो, जसअनुरूप स्पेन पूर्वी र पश्चिम फ्लोरिडा दुवैमाथिको दाबी त्याग्यो। दुई वर्षपछि दुवै देशका सरकारले त्यस सन्धिलाई अनुमोदन गरे। संयुक्त राज्य अमेरिकाले त्यस भूमिकाका लागि प्रत्यक्ष भुक्तानी त गरेको थिएन। तर, फ्लोरिडाका अमेरिकी नागरिकले स्पेनिस औपनिवेशिक शक्तिलाई तिर्नुपर्ने करिब ५० लाख डलर (करिब १० करोड डलर)को ऋण तिरेकाले यो रकमलाई सो भूमिको मूल्य मानिने गरिन्छ। फ्लोरिडा सन् १८४५ मा औपचारिक रूपमा अमेरिकाको राज्य बन्यो।

■ सन् १८४८ : डेढ करोड डलरमा मेक्सिकोबाट क्यालिफोर्निया, नेभाडा, युटा, न्यू मेक्सिको र थप

सन् १८३६ मा मेक्सिकोबाट अलग भएर स्वतन्त्र बनेको गणतन्त्र टेक्सासले लगत्तै अमेरिकाको हिस्सा बन्न अनुरोध गरेको थियो। तर, राष्ट्रपति एन्ड्रयु ज्याक्सनको विदेश मन्त्रालयले यसलाई अस्वीकार गरिदिएको थियो। पछि सन् १८४५ मा अर्का राष्ट्रपति जोन टाइलरले त्यस भूभागलाई अमेरिकाको हिस्सा बनाउने गरी सम्झौता गरे। तर, टेक्ससलाई अझै आफ्नो भूमि मान्दै आएको मेक्सिको यस कदमबाट क्रुद्ध बन्यो। दुई देशबिच विवाद बढ्दै गएपछि सन् १८४६ देखि दुई देशबिच युद्ध सुरु भयो।

युद्धमा मेक्सिको अमेरिकासामु निरीह देखियो। अमेरिकी फौजले मेक्सिकोको राजधानी नै कब्जा गर्ने स्थितिका बिच सन् १८४८ फेब्रुअरीमा दुई देशबिच 'ग्वाडालुप हिडाल्गो सन्धि' भयो। यसले दुई वर्षदेखि दुई छिमेकीबिच चलिरहेको युद्ध त अन्त्य गऱ्यो। तर, बदलामा मेक्सिकोले आफ्नो झन्डै ५५ प्रतिशत भूमि अमेरिकालाई बुझाउनुपऱ्यो। आज अमेरिकाका राज्यहरू क्यालिफोर्निया, नेभाडा, युटाको सम्पूर्ण भूभाग, न्यू मेक्सिको, एरिजोना र कोलोराडोको ठुलो भूभाग र वायोमिङका केही भाग यही मेक्सिकोबाट लिइएको जमिनलाई छुट्याएर बनाइएको हो। बदलामा अमेरिकाले 'अमेरिकाले विस्तार गरेको भूमिको सन्दर्भ'मा मेक्सिकोलाई १.५ करोड अमेरिकी डलर (जुन आजको मूल्यमा करिब ५० देखि ५५ करोड अमेरिकी डलरबिच हुन आउँछ) भुक्तानी गरेको थियो। सम्झौतामा अमेरिकी नागरिकलाई मेक्सिकोले तिर्नुपर्ने रकम पनि अमेरिकी सरकारले नै तिरिदिने विषय पनि थियो।

■ सन् १८५४ : मेक्सिकोबाट एक करोड डलरमा एरिजोना र न्यू मेक्सिकोका केही भाग

सन् १८४८ को 'ग्वाडालुप हिडाल्गो सन्धि'ले अमेरिका मेक्सिकोबिच युद्ध अन्त्य त गऱ्यो। तर, दुई देशको सीमा क्षेत्रको सबै विवाद टुंगिएन। यही विवाद बढ्दै जादा फेरि युद्ध भड्किने डर बढ्न थाल्यो। युद्ध टार्न दुई देशका कूटनीतिज्ञबिच भएको छलफलपछि सन् १८५४ जुनमा 'मेसिला सन्धि' भयो। यसअनुरूप ६ वर्षअघि दुई देशबिचको सीमा विवाद टुंगियो। र, बदलामा संयुक्त राज्य अमेरिकाले मेक्सिकोबाट ७६ हजार ७६८ वर्गकिलोमिटर जमिन हात पाऱ्यो। हाल एरिजोना र न्यू मेक्सिकोको तल्लो भागको त्यस जमिनका लागि अमेरिकाले एक करोड अमेरिकी डलर (सन् २०२४ को मूल्यमा २७ करोड अमेरिकी डलर) तिरेको थियो। 'ग्याड्सडेन खरिद' नामले समेत चिनिने यस सम्झौताले संयुक्त राज्य अमेरिकाको हालको दक्षिणी सीमा टुंगो लगायो।

■ सन् १८६७ : ७२ लाख अमेरिकी डलरमा रुसबाट अलास्का

युरोपेली शक्ति रुसको साम्राज्य कुनै वेला युरोप, एसिया हुँदै उत्तर अमेरिकासम्म फैलिएको थियो। उत्तर अमेरिकी भूमिमाथि रुसी चासो जार पिटर महान्कै शासनमा सुरु भएको थियो। पिटर महान्ले अठारौं शताब्दीको सुरुतिरै (सन् १७२५) अन्वेषक भिटस बेरिङलाई अलास्का तटमा पठाएदेखि नै रुसको गतिविधि बढेका थिए। त्यस शताब्दीको अन्त्यसम्ममा, केही भागमा स्थायी रुसी बस्ती र व्यापारिक चौकी निर्माण भइसकेको थियो। तर, सन् १८६० को दशकमा घट्दो भुवाको व्यापार र सन् १८५६ मा क्रिमियामा पराजयका कारण उत्पन्न आर्थिक दबाबबिच रुसलाई केन्द्रबाट धेरै टाढाको अलास्का टिकाइराख्न गाह्रो भइरहेको थियो। यही समयमा अमेरिकी सरकारले ७२ लाख अमेरिकी डलर (सन् २०२४ को मूल्यमा करिब १३.२ करोड अमेरिकी डलरमा) बेच्न सहमत भयो। लामो समय केन्द्र शासित रहेको अलास्का सन् १९५९ मा औपचारिक रूपमा अमेरिकाको राज्य बन्यो।

*(पत्रकार बिसेटले क्याम्ब्रिज विश्वविद्यालयबाट अरबिक तथा मध्यपूर्व अध्ययन पूरा गरेकी थिइन्। वाशिंटन पोस्टमा प्रकाशित उनको यो लेख **श्रवण उप्रेती**ले अनुवाद गरेका हुन्।)*

अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार ३ माघ ०८२

लगानी जुटाउने अन्तिम चरणमा पुगेको दुधकोशीमा वनको अवरोध

परियोजनाको इआइए प्रतिवेदन ढिलो प्राप्त भएको भन्दै मन्त्रालयले गऱ्यो अस्वीकृत, पुनः सुरुदेखि गर्नुपर्ने

मिलन विश्वकर्मा / नयाँ पत्रिका

एसियाली विकास बैंक (एडिबी)सँग वित्तीय व्यवस्थापन सम्झौता प्रक्रिया अन्तिम चरणमा पुगेको ६ सय ७० मेगावाटको दुधकोशी जलाशययुक्त जलविद्युत् परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) पुनः सुरुदेखि गर्न वन तथा वातावरण मन्त्रालयले भनेको छ। दातृ निकायबाट ऋण लिएर नेपाल विद्युत् प्राधिकरणले बनाउन लागेको उक्त परियोजनाको इआइए प्रतिवेदन ढिलो प्राप्त भएको भन्दै मन्त्रालयले अस्वीकृत गरी पुनः सुरुदेखि गर्न भनेको हो।

नेपालमा सबै परियोजनाको वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदन वन तथा वातावरण मन्त्रालयबाट स्वीकृति गराउनुपर्छ। वनको स्वीकृतिपछि मात्रै परियोजना निर्माणको काम अघि बढाउन पाइन्छ। कार्यदिश (टिओआर) स्वीकृति भएको दुई वर्षभित्र इआइए प्रतिवेदन पेस हुनुपर्ने व्यवस्था छ। त्यसपछि मन्त्रालयले आवश्यक मूल्यांकन गरेर प्रतिवेदन स्वीकृत तथा अस्वीकृत गर्न सक्छ।

प्राधिकरणले 'दुधकोशी हाइड्रोपावर कम्पनी' नामक सहायक कम्पनी स्थापना गरेर यो परियोजना अघि बढाएको छ। कम्पनीले विद्युत् विकास विभागमा टिओआर लिएको दुई वर्षभित्रै इआइए प्रतिवेदन बुझाएको थियो। २०७५ मा टिओआर लिएको कम्पनीले २०७७ मै इआइए प्रतिवेदन विभागमा बुझाएको थियो। विभागले त्यसमा आवश्यक मूल्यांकन गरेर मन्त्रालय पठाउँदा भने समय लागेको हो। तर, मन्त्रालयले ढिलो बुझाएको भन्दै इआइए प्रतिवेदन अस्वीकृत गरेर पुनः सुरुबाट गर्न भनेको प्राधिकरणका एक उच्च अधिकारीले बताए। कम्पनीका सिइओ वसन्तध्वज श्रेष्ठले वन तथा वातावरण मन्त्रालयबाट परियोजनाको इआइए पुनः गर्नुपर्ने निर्णय आएको जानकारी दिए।

तर, वन तथा वातावरण मन्त्रालयका प्रवक्ता विशाल घिमिरेले यसबारे जानकारी प्राप्त भइनसकेको बताउँदै थप बुझेर खबर गर्ने बताए। मन्त्रालयको वातावरण तथा जैविक विविधता महाशाखाको वातावरणीय प्रभाव अध्ययन शाखा एक अधिकारीले भने दुधकोशी जलविद्युत्लाई पुनः इआइए गर्न भनिएको स्वीकार गरे।

यता ऊर्जासचिव चिरञ्जीवी चटौतले यसमा उचित निकास निकाल्ने प्रयास भइरहेको बताए। 'वन तथा वातावरण मन्त्रालयले दुधकोशी जलविद्युत् परियोजनाको इआइए पुनः गर्नुपर्ने भनेर निर्णय दिएको जानकारी ऊर्जा मन्त्रालयमा पनि आएको छ। इआइए प्रतिवेदन ढिलो बुझाएको भनेर यस्तो निर्णय भएको भन्ने बुझिएको छ। कम्पनीले भने विद्युत् विकास विभागमा समयमै प्रतिवेदन बुझाएको देखिन्छ। विभागले आवश्यक मूल्यांकन गरेर मन्त्रालय पठाउँदा थप समय लाग्यो। परियोजनाले समयमै इआइए प्रतिवेदन बुझाएको भनेर गरेको दाबी ठिक छ। तर, कुन निकायमा बुझाउने भन्नेमा द्विविधा देखियो,' उनले भने, 'इआइए आफैंमा जटिल हो। सबै प्रक्रिया पूरा गर्दा धेरै नै समय लाग्छ। तसर्थ, मन्त्रिपरिषद्बाट निर्णय गरेर केही निकास निकाल्न सकिन्छ कि भनेर छलफल पनि गरिरहेका छौं।'



विद्युत् विकास विभागका महानिर्देशक मनदेवी श्रेष्ठले परियोजनाबाट इआइए प्रतिवेदन समयमै प्राप्त भएको बताइन्। 'परियोजनाले टिओआर स्वीकृति भएको दुई वर्षभित्रै विभागमा इआइए प्रतिवेदन बुझाएको हो। त्यसमा विभागले आवश्यक अध्ययन गरेर थप कागजपत्र मगाउनेलगायतका काम बिचमा गरेको हो। त्यसपछि विभागले स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा इआइए प्रतिवेदन पठाएको हो,' उनले भनिन्, 'त्यसमा मन्त्रालयले ढिलो बुझाएको भन्दै पुनः इआइए गर्नुपर्ने भनेर निर्णय गरेको भन्ने जानकारी आएको छ। तर, विभागमा पत्र प्राप्त भइसकेको छैन।'

जलाशययुक्त परियोजना भएका कारण नेपालको प्रणालीलाई यो परियोजना आफैंमा महत्त्वपूर्ण छ। सकेसम्म छिटो बनाउन सकेमा हिउँदको विद्युत् माग धान्नलाई धेरै सहयोग पुग्ने देखिन्छ। एडिबीको नेतृत्वमा विदेशी ऋण लिएर यो परियोजना बनाउने तयारी छ। त्यसमा एडिबीसँग वित्तीय व्यवस्थापन सम्झौता गर्ने प्रक्रिया अन्तिम चरणमा छ। यस्तो समयमा पुनः इआइए गर्नुपरेमा परियोजना निर्माणमा थप झमेला हुने देखिन्छ।

सार्वजनिक सुनुवाइलगायतका काम गर्दा इआइए गर्न लगभग दुई वर्ष समय लाग्नेछ। पहिलो पनि दुई वर्ष समय लागेको थियो। त्यसपछि आवश्यक अध्ययन तथा मूल्यांकन गरेर वन तथा वातावरण मन्त्रालयले स्वीकृति गर्दा थप समय लिनेछ। त्यसले परियोजनाको निर्माण थप अन्योलमा पर्ने कम्पनीका कर्मचारीहरू बताउँछन्। 'एडिबीका लागि पनि छुट्टै इआइए गरेको हो। सरकार र एडिबीलाई बुझाउने इआइए सँगसँगै गरेको हो। हामीले समयमै विद्युत् विकास विभागमा इआइए बुझाएको हो, जुन सरकारी निकाय नै हो,' कम्पनीका एक कर्मचारीले भने, 'ढिलो बुझायो भनेर इआइए प्रतिवेदन अस्वीकृत गर्दै पुनः सुरुबाट गर्नु भन्ने निर्णय तर्कसंगत छैन। न्यायपूर्ण पनि छैन।'

खोटाङ, ओखलढुंगा र सोलुखुम्बुमा बन्ने ६ सय ७० मेगावाटको दुधकोशी जलाशययुक्त जलविद्युत् परियोजनाको लागत अनुमान दुई अर्ब २० करोड डलर छ। यसमध्ये एक अर्ब ६८ करोड डलर ऋणबाट र बाँकी स्वपुँजीबाट जुटाएर वित्तीय व्यवस्थापन गर्ने गरी तयारी भइरहेको छ। यसमा एडिबीले आफैंले ५५ करोड डलरसहित अन्य दातृनिकायबाट थप स्रोत जुटाएर एक अर्ब ५० करोड डलरहाराहारीमा ऋण लगानी गर्दै छ। यसको प्रक्रिया अहिले द्रुत गतिमा अघि बढेको छ। यो वेला पुनः इआइए गर्नुपरेमा परियोजनाको निर्माण पनि पछि धकेलिनेछ।

सन् १९८५ मा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)ले यस परियोजनाको पहिचान गरेको थियो। सन् १९९८ मा नेपाल विद्युत् प्राधिकरणले यस परियोजनाको सम्भाव्यता अध्ययन गरेको थियो। त्यसपछि सन् २०१३ मा सम्भाव्यता अध्ययनको रिभ्यु गरिएको थियो। त्यसपछि यसको निर्माण अघि बढाउने प्रयास गरिएको थियो। आयोजनाबाट वार्षिक रूपमा तीन अर्ब ४४ करोड युनिट विद्युत् उत्पादन हुने छ। यसमध्ये सुक्खायाममा एक अर्ब ३६ करोड र वर्षायाममा दुई अर्ब आठ करोड युनिट विद्युत् उत्पादन हुनेछ।

यो परियोजना दुधकोशी नदी र यसका अन्य सहायक खोलाहरूको पानीलाई उपयोग गर्ने गरी डिजाइन गरिएको छ। यस जलाशययुक्त आयोजनाको मुख्य बाँध खोटाङ र ओखलढुंगा जिल्लाको सिमानामा पर्ने रबुवा बजारभन्दा करिब एक किमि दक्षिणमा निर्माण हुनेछ। आयोजनाका दुईवटा विद्युत्गृह हुनेछन्।

■ प्रक्रिया पूरा गर्दा धेरै समय लाग्छ

● **चिरञ्जीवी चटौत**, सचिव ऊर्जा मन्त्रालय



वन तथा वातावरण मन्त्रालयले दुधकोशी जलविद्युत् परियोजनाको इआइए पुनः गर्नुपर्ने भनेर निर्णय दिएको जानकारी ऊर्जा मन्त्रालयमा आएको छ। इआइए प्रतिवेदन ढिलो बुझाएको भनेर यस्तो निर्णय भएको भन्ने बुझिएको छ। कम्पनीले भने विद्युत् विकास विभागमा समयमै प्रतिवेदन बुझाएको देखिन्छ। विभागले आवश्यक मूल्यांकन गरेर मन्त्रालय पठाउँदा थप समय लाग्यो। परियोजनाले समयमै इआइए प्रतिवेदन बुझाएको भनेर गरेको दाबी ठिक छ। तर, कुन निकायमा बुझाउने भन्नेमा द्विविधा देखियो। इआइए आफैंमा जटिल हो। सबै प्रक्रिया पूरा गर्दा धेरै नै समय लाग्छ। तसर्थ, मन्त्रिपरिषद्बाट निर्णय गरेर केही निकास निकाल्न सकिन्छ कि भनेर छलफल पनि गरिरहेका छौं।

ठुलाभन्दा साना उद्योगमा विदेशी लगानीको आकर्षण

६ महिनामा चार सय ६० साना परियोजनामा प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता

नयाँ पत्रिका

पछिल्लो समय वैदेशिक लगानी ठुलाभन्दा साना प्रकारका उद्योगमा केन्द्रित हुन थालेको तथ्यांकले देखाएको छ। चालू आर्थिक वर्ष ०८२/८३ को साउनदेखि पुससम्म आएका लगानीमध्ये साना उद्योगमा चार सय ६०, मझौला उद्योगमा आठ र ठूला उद्योगमा सातवटा लगानी प्रतिबद्धता भएका छन्। समग्र तथ्यांकले वैदेशिक लगानी साना उद्योगतर्फ बढी केन्द्रित हुँदै गएको छ। जबकि, ठुला उद्योगमा अपेक्षितस्तरको आकर्षण देखिन सकेको छैन।

पुस महिनामा आएको सम्पूर्ण लगानी साना उद्योगमा केन्द्रित छ। तथ्यांकअनुसार ३६ वटै लगानी प्रतिबद्धता साना उद्योगका लागि आएका हुन् भने मझौला र ठुला उद्योगमा कुनै पनि नयाँ लगानी प्रतिबद्धता देखिएको छैन।

चालू आर्थिक वर्षको पुस महिनामा नेपालमा ५९ करोड ९५ लाख रुपैयाँबराबरको प्रत्यक्ष वैदेशिक लगानी (एफडिआई) प्रतिबद्धता आएको छ। उद्योग विभागको तथ्यांकअनुसार पुसमा कुल ३६ वटा परियोजनामार्फत लगानी प्रतिबद्धता प्राप्त भएको हो।

पुस महिनामा प्रत्यक्ष वैदेशिक लगानीतर्फ सामान्य प्रक्रियामार्फत २८ वटा परियोजनाबाट २१ करोड ९५ लाख रुपैयाँ प्रतिबद्धता आएको छ। त्यसैगरी, एप्रुभल रुटमार्फत आठवटा परियोजनाबाट ३८ करोड रुपैयाँबराबरको लगानी प्रतिबद्धता प्राप्त भएको विभागले जनाएको छ।

यस अवधिमा सेयर खरिद-बिक्री सम्झौतामार्फत चारवटा परियोजनामा १४ करोड २६ लाख २५ हजार दुई सय ७० रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ भने प्रविधि हस्तान्तरण सम्झौतामार्फत नौवटा सम्झौता भएका छन्। पुसमा आएको लगानीले पाँच सय २६ जनालाई रोजगारी सिर्जना गर्ने प्रतिबद्धता जनाएको छ।

साउनदेखि पुससम्म ३९ अर्बभन्दा बढी एफडिआई प्रतिबद्धता

चालू आर्थिक वर्षको सुरुवातदेखि पुस मसान्तसम्मको समग्र अवस्था हेर्दा नेपालमा ३९ अर्ब २३ करोड ६१ लाख रुपैयाँबराबरको प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता आएको छ। यस अवधिमा कुल चार सय ७५ वटा परियोजनामार्फत एफडिआई प्रतिबद्धता प्राप्त भएको छ।

साउनदेखि पुससम्म सामान्य प्रक्रियामार्फत तीन सय १४ वटा परियोजनाबाट दुई अर्ब ८० करोड ९९ लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ। एप्रुभल रुटमार्फत भने एक सय ६१ वटा परियोजनाबाट ३६ अर्ब ४२ करोड ६१ लाख रुपैयाँबराबरको लगानी प्रतिबद्धता प्राप्त भएको छ। यस अवधिमा सेयर खरिद-बिक्री सम्झौतामार्फत ३२ वटा परियोजनामा तीन अर्ब ९८ करोड ६६ लाख १२ हजार चार सय १४ रुपैयाँबराबरको लगानी प्रतिबद्धता आएको छ भने प्रविधि हस्तान्तरण सम्झौतामार्फत ३१ वटा सम्झौता भएका छन्। यी लगानी प्रतिबद्धताबाट २० हजार एक सय २२ जनालाई रोजगारी सिर्जना हुने अनुमान गरिएको छ।

सूचना प्रविधिमा बढ्दो आकर्षण

संख्याका आधारमा सबैभन्दा बढी लगानीको आकर्षण सूचना प्रविधिमूलक उद्योगमा देखिन्छ। ६ महिनामा दुई सय ५७ वटा परियोजनामा वैदेशिक लगानीको प्रतिबद्धता आएको विभागले जनाएको छ। जसमा कुल एक अर्ब सात करोड लगानीको प्रतिबद्धता प्राप्त भएको विभागको भनाइ छ। दोस्रोमा पर्यटन क्षेत्र छ। यस क्षेत्रमा एक सय ४५ वटा परियोजना प्रस्ताव भएका छन्। यसका लागि कुल १० अर्ब ५४ करोड लगानीको प्रतिबद्धता गरिएको छ। मूल्यमा हेर्ने हो भने सर्वाधिक लगानी प्रतिबद्धता कृषि तथा वनसम्बन्धी उद्योगमा छ। १३ वटा मात्रै प्रस्तावित परियोजनामा २१ अर्ब ८८ करोड लगानी प्रतिबद्धता जनाइएको छ।

उद्योगको प्रकारअनुसार प्रत्यक्ष वैदेशिक लगानी प्रतिबद्धता

उद्योगको प्रकार	परियोजनाको संख्या	लगानी प्रतिबद्धता (रु.)
उत्पादनमूलक	२७	२,०३,२३,५८,५५२
ऊर्जामूलक	१	१८,४२,५०,०००
कृषि तथा वन	१३	२१,८८,८०,००,०००
पर्यटन	१४५	१,०५,४२,०५,००,०००
खनिज	१	४,५०,००,०००
सेवा	३१	३,४६,६०,००,०००
पूर्वाधारमूलक	०	०
सूचना प्रविधि	२५७	१,०७,८४,८६,०००
जम्मा	४७५	३९,२३,६१,४४,५५२

स्रोत : उद्योग विभाग

सुनचाँदीको मूल्यमा ऐतिहासिक रेकर्ड कायम

काठमाडौं/ यो साता नेपाली बजारमा सुनचाँदीको मूल्यमा ऐतिहासिक रेकर्ड कायम भयो। सुनको मूल्य पहिलो दिन आइतबार प्रतितोलाको दुई लाख ७० हजार ६ सय रुपैयाँ रहेकोमा सोमबार, मंगलबार एकपछि अर्को उच्च मूल्य बनाउँदै बुधबार आइपुग्दा हालसम्मकै उच्च प्रतितोला ग्राम दुई लाख ७८ हजार कायम भयो। साताको अन्तिम कारोबार दिन शुक्रबार भने उच्च मूल्यबाट केही घट्यो। समग्रमा शुक्रबार आइपुग्दा आइतबारको तुलनामा तोलामा ६ हजार ६ सय रुपैयाँ बढी हो।

त्यस्तै, चाँदीको मूल्यले पनि यो साता ऐतिहासिक रेकर्ड कायम गरेको छ। साताको पहिलो दिन आइतबार नै प्रतितोला ४,९९० कायम भएर उच्च मूल्य रहन पुगेकोमा सोमबार, मंगलबार निरन्तर बढ्दै बुधबार आइपुग्दा प्रतितोलाको ५,६५५ रुपैयाँ कायम भयो। बिहीबार उच्च मूल्यबाट घटेर कारोबार भएकोमा शुक्रबार बिहीबारको मूल्यमा केही बढेर प्रतितोला चाँदीको ५,६४५ रुपैयाँ कायम भएको छ। समग्रमा साताभर चाँदी तोलामा ६५५ रुपैयाँ बढी हो।

बार	सुनको मूल्य (प्रतितोला)	चाँदीको मूल्य (प्रतितोला)
आइतबार	२,७०,६००	४,९९०
सोमबार	२,७४,७००	५,१९५
मंगलबार	२,७६,५००	५,३४०
बुधबार	२,७८,०००	५,६५५
बिहीबार	२,७६,५००	५,४८५
शुक्रबार	२,७७,२००	५,६४५

स्थिर बन्यो नेप्से : 'पर्ख र हेर'मा लगानीकर्ता

काठमाडौं/ यो साता सेयर बजारमापक नेपाल स्टक एक्सचेन्ज (नेप्से) स्थिर बनेको छ। २१ फागुनमा तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको विषयमा अन्योलता बढिरहेको र राजनीतिक घटनाक्रममा उतारचढाव देखिएकाले लगानीकर्ता पर्ख र हेरको अवस्थामा रहेको जानकारको विश्लेषण छ।

बैंक तथा वित्तीय संस्थामा अधिक तरलता कायम रहेको र निक्षेपको ब्याजदर निरन्तर घटिरहेको सन्दर्भमा पनि सेयर बजारमा आकर्षण बढ्न सकेको छैन। साताको पहिलो दिन आइतबार सार्वजनिक बिदा रहेकाले सोमबारबाट सुरु भएको नेप्से ५.५४ अंकले घटेर २६४०.५४ विन्दुमा पुगेको थियो। मंगलबार ४.९ अंकले बढेको थियो। बुधबार पनि सार्वजनिक बिदा रहेकाले अन्तिम कारोबार बिहीबार मात्रै भएको थियो। १.५२ अंकले बढेर बजार परिसूचक २६४१.४३ विन्दुमा पुगेको थियो।

साताको तीन दिन मात्रै भएको कारोबारमा मंगलबार सर्वाधिक कारोबार भएको थियो। त्यस दिन ६ अर्ब ९४ करोड रुपैयाँको सेयर किनबेच भएको थियो। बिहीबार ६ अर्ब १७ करोडमा सीमित बन्यो। बजार पुँजीकरण ४४ खर्ब ३५ अर्ब कायम भएको छ।



■ केन्द्रीय बैंकको एकीकृत निर्देशन

निष्क्रिय कर्जाबाट बाहिरिन थप तीन महिना नियमित किस्ता तिर्नुपर्ने

नयाँ पत्रिका

भाका नाघेको कर्जाको साँवा-ब्याज तिर्नेबित्तिकै तुरुन्तै ऋणीले निष्क्रिय कर्जाको वर्गीकरणबाट बाहिरिन नपाउने भएको छ। नेपाल राष्ट्र बैंकले शुक्रबार एकीकृत निर्देशन २०८२ जारी गर्दै यस्तो व्यवस्था गरेको हो।

नयाँ निर्देशनअनुसार निष्क्रिय कर्जामा परेका ऋणीले सम्पूर्ण साँवा र ब्याज तिरेपछि पनि कम्तीमा तीन महिना नियमित किस्ता तिर्नुपर्ने भएको छ। त्यस अवधिसम्म कर्जा पहिले जुन वर्गमा थियो (कमसल, शंकास्पद वा खराब), त्यही वर्गमै रहनेछ। यसले ऋणीलाई अनुशासित बन्न प्रेरित गर्ने केन्द्रीय बैंकका अधिकारीहरू बताउँछन्।

बैंक तथा वित्तीय संस्थाबाट ऋण लिएका सर्वसाधारण, उद्योगी र व्यवसायीलाई प्रत्यक्ष असर गर्ने गरी कर्जासम्बन्धी व्यवस्था परिमार्जन गरेको हो। जेन-जी आन्दोलन, प्राकृतिक विपत्ति र आर्थिक सुस्तताका कारण प्रभावित बनेका व्यवसायलाई लक्षित गर्दै कर्जा पुनर्संरचना, ब्याजदर र कर्जा वर्गीकरणमा लचिलो व्यवस्था गरिएको हो।

ऊर्जा र ठुला पूर्वाधार आयोजनाका लागि केही सहजता दिइएको छ। यस्ता आयोजनामा कर्जा तिर्न सुरु गर्न धेरै समय लाग्ने भएकाले ग्रेस अवधिमा एकैपटक ठुलो कर्जा नोक्सानी व्यवस्था गर्नुपर्ने बाध्यता हटाइएको छ। अब ग्रेस अवधिभर वर्षैपिच्छे क्रमशः नोक्सानी व्यवस्था बढाउँदै अन्तिम वर्षमा एक प्रतिशत पुऱ्याउन पाइनेछ, जसले परियोजनाको नगद प्रवाह व्यवस्थापनलाई सहज बनाउने अपेक्षा गरिएको छ।

रेशम, जुट, कपास तथा व्यावसायिक फलफूल खेतीमा प्रवाहित कर्जामा सुरुका वर्ष न्यून कर्जा नोक्सानी व्यवस्था गर्न पाइने भएपछि किसान र कृषि उद्यमीलाई राहत पुग्ने देखिन्छ। पहिलो वर्ष अत्यन्तै कम, दोस्रो वर्ष केही बढाएर र तेस्रो वर्षदेखि मात्र एक प्रतिशत नोक्सानी व्यवस्था लागू हुने भएकाले दीर्घकालीन कृषि लगानी प्रोत्साहित हुने विश्वास गरिएको छ।

साना उद्योग, होटेल र रेस्टुरेन्टका लागि ब्याजदरमा पनि कडाइ गरिएको छ। हुलाकी र मध्यपहाडी राजमार्गआसपास सञ्चालनमा रहेका तीन करोड रुपैयाँसम्मका उत्पादनमूलक उद्योग तथा खाद्य स्वच्छताको प्रमाणपत्र लिएका होटेल-रेस्टुरेन्टलाई कर्जा दिँदा आधार दरमा बढीमा दुई प्रतिशत मात्रै ब्याज लिन पाइने व्यवस्था गरिएको छ। यसले ग्रामीण र राजमार्गकेन्द्रित अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुग्ने अपेक्षा छ।

जेन-जी आन्दोलनका कारण प्रत्यक्ष रूपमा प्रभावित व्यवसायका लागि निर्देशन अझ लचिलो बनेको छ। व्यवसाय पुनः सञ्चालनमा आउँदासम्म आधार दरमा आधा प्रतिशतभन्दा बढी ब्याज लिन नपाइने र केही कडा निगरानी व्यवस्था एक वर्षका लागि स्थगित गरिएको छ। आन्दोलन, बाढीपहिरो, भूकम्प तथा सीमावर्ती नाकामा अवरोधबाट प्रभावित क्षेत्रका ऋणीलाई कर्जा पुनर्संरचना गर्न दिने व्यवस्था गरिएको छ।

निर्देशनले निर्माण व्यवसायीलाई पनि सम्बोधन गरेको छ। सरकारी भुक्तानी पाउन बाँकी रहेका ठेकेदारले लिएको कर्जामा पेनाल ब्याज नलाग्ने र एकपटकका लागि पुनर्संरचना गर्न पाइने व्यवस्था गरिएको छ। तर, कर्जा जोखिम पूर्ण रूपमा बेवास्ता नगर्रिदै न्यूनतम कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्ने प्रावधान राखिएको छ।

ऋण नतिर्ने र ऋण नतिर्न उक्साउनेलाई कारबाही गर्न माग



काठमाडौं/ पछिल्लो समय बैंक तथा वित्तीय संस्था र तिनका कर्मचारीमाथि बढेको सुरक्षा चुनौती चिर्न त्रिपक्षीय छलफल भएको छ। नेपाल राष्ट्र बैंकको अगुवाइमा नेपाल प्रहरी र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधिबिच भएको छलफलमा यस्ता कार्यमा संलग्नलाई अविलम्ब कानुनी दायरमा ल्याउने सहमति भएको छ।

नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले बैंकिङ क्षेत्रमा देखिएका सुरक्षा चुनौती चिर्न 'फोकल युनिट' बनाइने विषयमा छलफल भएको बताए। नेपाल प्रहरी, नेपाल राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि संलग्न भई एउटा कार्यदल बनाउने विषयमा समेत छलफल भएको उनले बताए। नेपाल बैंकर्स संघका सदस्य तथा नबिल बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले बैंकिङ क्षेत्रको शान्ति सुरक्षाका लागि समन्वय गर्ने विषयमा छलफल केन्द्रित भएको बताए। 'अहिले बैंक लुट्ने, कर्मचारीलाई अभद्र व्यवहार गर्नेलगायातका गतिविधि बढिरहेका छन्, यसले काम गर्ने वातावण बिगारेको छ, सुरक्षा चुनौती बढाएको छ,' उनले भने, 'यस सन्दर्भमा यस्ता घटना हुन नदिन कसले के गर्ने ? कसरी सूचना आदानप्रदान गर्ने ? बैंकरको भूमिका के ? भन्नेलगायत विषयमा छलफल भयो।' बैंक तथा वित्तीय संस्था पनि जिम्मेवार हुने, राष्ट्र बैंकले नीतिगत सहजीकरण गर्ने र नेपाल प्रहरीले यस्ता घटना रोक्न र संलग्नलाई छिटोभन्दा छिटो कानुनी दायरामा ल्याउने विषयमा छलफल भएको उनले बताए।

कार्यालय भवनको आवश्यकता

(प्रथम पटक प्रकाशित मिति : २०८२/१०/०३)

यस बैंकलाई निम्न प्रस्तावित स्थानहरुको प्रमुख व्यापारिक तथा बजार क्षेत्रमा शाखा कार्यालय संचालानार्थ भूई तल्ला वा पहिलो तल्लाको निम्नानुसारको क्षेत्रफल भएको भवन भाडामा उपलब्ध गराउन ईच्छुक घरधनीहरुबाट यो शिलबन्दी प्रस्ताव आव्हान गरिएको छ।

प्रस्तावित क्षेत्र	क्षेत्रफल (वर्ग फिट)	प्रदेश
बैतडी जिल्ला, पञ्चेश्वर गाँउपालीका वडा नं. ४, आमचौरा क्षेत्र	१,०००-१,२००	सुदुरपश्चिम

शर्तहरु :

१) प्रस्तावित भवनमा पानी, बिजुली तथा पार्किङको सुविधासहित घटीमा ६ मिटर चौडाईको मोटर बाटो हुनुपर्नेछ।
२) प्रस्तावित भवन सडक विस्तार योजनामा नपरेको हुनुपर्नेछ।
३) भूकम्प प्रतिरोधात्मक भवनलाई प्राथमिकता दिइनेछ।
४) भवनको भूई तल्लामा ATM तथा जेनेरेटर राख्नको लागि स्थान उपलब्ध गराउनु पर्नेछ।
५) शाखा कार्यालय संचालानार्थ घटीमा १५ (पन्ध्र) वर्षको लागि भवन उपलब्ध गराउनु पर्नेछ।
६) बैंकले घरभाडा भुक्तानी गर्दा प्रचलित कानून अनुसार सम्पूर्ण कर कट्टी गर्नेछ।

शिलबन्दी प्रस्तावमा खुलाउनु पर्ने विवरणहरु :

१) शिलबन्दी बोलपत्र बुझाउँदा चाहिने सम्पुर्ण कागजातहरु कार्यालय भवन भाडामा दिने सम्बन्धी प्रस्ताव फाराममा उल्लेखित छन्। ईच्छुक घरधनीहरुले सो प्रस्ताव फाराम, बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभाग वा सम्बन्धित शाखा कार्यालयबाट निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ वा बैंकको website: www.nabilbank.com बाट डाउनलोड पनि गर्न सक्नु हुनेछ।
२) शिलबन्दी बोलपत्र खामबन्दी सहित खाम बाहिर **"भवन भाडामा दिने सम्बन्धी शिलबन्दी बोलपत्र प्रस्ताव"** प्रष्ट रुपमा लेखि **प्रस्तावित ठाँउको नाम, घरधनीको नाम, सम्पर्क व्यक्तिको नाम र सम्पर्क नम्बर** समेत उल्लेख आफुलाई पाएक पर्ने नबिल बैंकको निम्न लिखित कार्यालयमा मिति २०८२ माघ १८ गते (तदनुसार 1st February, 2026) दिनको ३:०० बजे भित्र आई पुग्ने गरि बुझाउनु पर्नेछ।

प्रदेश	कार्यालय/ शाखा
सुदुरपश्चिम	धनगढी रातोपुल शाखा स्थित सुदुरपश्चिम केन्द्रिय क्लस्टर कार्यालय
बागमती	प्रशासन विभाग, घण्टाघर, काठमाडौं

३) प्राप्त शिलबन्दी बोलपत्र प्रस्तावहरु मिति २०८२ माघ १९ गते बैंकको घण्टाघर, काठमाडौं स्थीत प्रशासन विभागमा समय बिहान ११.०० बजे बैंक कर्मचारी तथा बोलपत्र दाता र/वा निजका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्र दाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४) म्याद नाघी वा रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन।
५) कुनै पनि प्रस्ताव स्वीकार गर्ने वा नगर्नेसम्पूर्ण अधिकार बैंकसगं सुरक्षित रहने छ। साथै अस्वीकृत कुनै पनि प्रस्तावमा कारण दिन बैंक बाध्य हुने छैन।

NABIL BANK®
प्रशासन विभाग, घण्टाघर, काठमाडौं फोन नं. ०१-५९७१८७१

टी-२० महिला विश्वकप ग्लोबल छनोट

यस्ता छन् नेपाली खेलाडी

श्रीलोचन राजोपाध्याय / नयाँ पत्रिका

नेपालले पहिलोपटक आइसिसी टी-२० महिला विश्वकप ग्लोबल छनोट क्रिकेट प्रतियोगिता आयोजना गर्दै छ। त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान र मूलपानीमा ग्लोबल खेल आगामी १८ जनवरीदेखि १ फेब्रुअरीसम्म चल्नेछन्। छनोटमा १० राष्ट्रले प्रतिस्पर्धा गर्दै छन्। एसियन छनोटमा उपविजेता हुँदै नेपाल पहिलोपटक ग्लोबल छनोटमा पुगेको हो। आइसिसीले सहभागी टोलीलाई दुई समूहमा विभाजन गरेको छ। नेपाल रहेको समूह 'बी'मा नेदरल्यान्ड्स, स्कटल्यान्ड, थाइल्यान्ड र जिम्बावे छन्। 'ए' र 'बी' समूहमा शीर्ष तीन टोली सुपर सिक्समा पुग्नेछन्। सुपर सिक्सबाट शीर्ष चार टोलीले आगामी जुनमा इंग्ल्यान्डमा आयोजना हुने टी-२० विश्वकप खेल्नेछन्। प्रमुख प्रशिक्षक हर्षल पाठकले इन्दु बर्माको कप्तानीमा नेपाली टोली घोषणा गरिसकेका छन्। छनोटमा सहभागी हुने अन्तिम १५ खेलाडी यस्ता छन् :



इन्दु बर्मा (कप्तान)

इन्दुकै कप्तानीमा नेपालले पहिलोपटक आइसिसी ग्लोबल टी-२० विश्वकप छनोट स्थान बनाएको हो। पछिल्लो समयमा उनको कप्तानीमा नेपालले अन्तर्राष्ट्रिय खेलमा गतिलो प्रदर्शन गरिरहेको छ। पुरुषजस्तै महिला टोलीसमक्ष पनि टी-२० विश्वकप खेल्ने अवसर जुरेको छ। यसमा इन्दुले आफ्नो कप्तानीमा घरेलु मैदानमा हाँक्नेछिन्। २८ वर्षीया दायाँहाते ब्याट्सम्यान इन्दुले ७८ टी-२० आईमा एक अर्धशतकसहित १,०४१ रन बनाएकी छिन्। महिला क्रिकेटमा नेपालबाट एक हजार रन पूरा गर्ने उनी पहिलो खेलाडी पनि हुन्। स्पिन बलिङ गर्ने उनले ४६ इनिङ्समा ४० विकेट हात पारेकी छिन्।

पूजा महतो (उपकप्तान)

उमेर समूहदेखि अलराउन्ड प्रदर्शन गरेकी पूजा टोलीकै महत्त्वपूर्ण खेलाडीमा पर्छिन्। छोटो समयमै सिनियर टोलीकै उपकप्तानको जिम्मेवारी पाएकी पूजाले आइसिसी यू-१९ टी-२० विश्वकपमा नेपालको कप्तानी गरेकी थिइन्। उनले सन् २०२३ मा हङकङविरुद्ध टी-२० आईमा डेब्यु गरेकी थिइन्। उनले ४२ खेलमा पाँच सय ३९ रन बनाउनुका साथै ४१ इनिङ्समा २८ विकेट लिएकी छिन्। उनले यू-१९ विश्वकपमा नौ विकेट लिएकी थिइन्।

रुबिना क्षेत्री

नेपाली महिला टोलीकै पहिलो पुस्ताकी क्रिकेटर रुबिना हुन्। सन् २००९ देखि उनी सिनियर टोलीमा छिन्। सन् २०१९ मा चीनसँगको टी-२० आईमा उनले डेब्यु गरेकी थिइन्। नेपाली टोलीकी पूर्वकप्तानसमेत रहेकी रुबिना बलिङ र ब्याटिङमा एकनासको प्रदर्शन गर्न सक्छिन्। सिनियर महिला टोलीमा उनले समान एक शतक तथा अर्धशतक बनाएकी छिन्। महिला सिनियर टोलीमा अन्तर्राष्ट्रिय शतक लगाउने उनी एक्ली खेलाडी हुन्। ७९ टी-२० आईमा उनले नौ सय ५१ रन तथा ४२ विकेट हात पारेकी छिन्।

सीता रानामगर

ग्लोबल टी-२० विश्वकप छनोटमा सीताले पुनरागमन गरेकी हुन्। डेढ वर्षपछि टोलीमा स्थान बनाउँदा सीता पनि पहिलो पुस्ताकै खेलाडी हुन्। ३३ वर्षीया सीताले ६३ टी-२० आईमा नौ सय ६५ रन बनाएकी छिन्। बलिङ क्रममा बायाँहाते स्पिनर खेलाडीले ५८ अन्तर्राष्ट्रिय विकेट लिएकी छिन्। उनले एकपटक टी-२० आईमा अर्धशतकीय इनिङ्स खेलेकी छिन्। रुबिनापछिकी सिनियर खेलाडी सीताको आगमनले टोली उत्साहित भएको छ।

काजल श्रेष्ठ

ग्लोबल छनोटमा पुनरागमन गरेकी खेलाडीमध्ये काजल पनि हुन्। विकेटकिपर ब्याट्सम्यान काजलले अन्तिमपटक महिला एसिया कप खेलेकी थिइन्। दायाँहाते ब्याट्सम्यान खेलाडीले विकेटपछाडि राम्रो प्रदर्शन गर्छिन्। राष्ट्रिय टोलीबाट सन् २०१९ मा उनले चीनविरुद्ध टी-२० आईमा डेब्यू गरेकी थिइन्। उनले ४८ खेलमा तीन सय एक रन बनाएकी छिन्। उनले विकेटकिपरपछाडिबाट १३ क्याच र १५ स्टम्पिङ गरेकी छिन्।

कविता कुँवर

कविताले पनि राष्ट्रिय टोलीमा पुनरागमन गरेकी हुन्। उनले सन् २०१९ मा टी-२० आईमा चीनविरुद्ध डेब्यु गरेकी थिइन्। टोलीमा उनको भूमिका अलराउन्डर रहेको छ। अहिलेसम्म ६१ टी-२० आईमा उनले तीन सय ४७ रन बनाएकी छिन्। बलिङका क्रममा उनले ६१ इनिङ्समै ५६ विकेट हात पारेकी छिन्। उनको इकोनोमी ३.९६ रहेको छ। चालू अभ्यास खेलमा उनको प्रदर्शन खराब रह्यो। आयरल्यान्ड र अमेरिकाविरुद्ध उनी विकेटविहीन भइन्।

सम्झना खड्का

डेढ वर्षदेखि सम्झनाले नेपाली टोलीको ओपनिङ गर्दै आएकी छिन्। सन् २०२३ मा उनले मलेसियाविरुद्ध टी-२० आईमा डेब्यु गरेकी थिइन्। २६ वर्षीया दायाँहाते ब्याट्सम्यान सम्झनाले अहिलेसम्म ४१ टी-२० आईमध्ये ३६ इनिङ्समा ब्याटिङ गरी चार सय रन बनाएकी छिन्। उनले एकपटक अर्धशतकीय इनिङ्स खेलेकी थिइन्। ग्लोबल टी-२० छनोटमा उनले ओपनिङ गर्ने सम्भावना छ।

विन्दु रावल

महिला सिनियर टोलीमा विन्दुको भूमिका मध्यक्रमको हो। २९ वर्षीया विन्दुले सन् २०१९ मा चीनविरुद्ध टी-२० आईमा डेब्यु गरेकी थिइन्। अहिलेसम्म उनले ४३ टी-२० मध्ये ३० इनिङ्समा ब्याटिङ गरी दुई सय ७४ रन बनाएकी छिन्। उनको उच्च प्रदर्शन २५ रन रहेको छ। नेपाललाई ग्लोबल छनोट स्थान बनाउनमा उनले थाइल्यान्डमा गतिलो प्रदर्शन गरेकी थिइन्। उनको काँधमा केही समय उपकप्तानीको जिम्मेवार पनि आएको थियो।

कविता जोशी

वर्तमान सिनियर महिला टोलीमा कविता सिनियर खेलाडीमा पर्छिन्। २९ वर्षीया कविताको मुख्य भूमिका अलराउन्ड प्रदर्शन गर्नु हो। उनी दायाँहाते ब्याट्सम्यानसँगै बलर पनि हुन्। सन् २०२१ मा उनले कतारविरुद्ध टी-२० आईमा डेब्यु गरेकी थिइन्। उनले अहिलेसम्म ५४ टी-२० आईमा दुई सय ७१ रन बनाउनुका साथै २१ विकेट हात पारेकी छिन्।

राजमती ऐरी

गत वर्ष राजमतीले सिनियर महिला टोलीमा डेब्यु गरेकी थिइन्। नेपालमै भएको त्रिकोणात्मक सिरिजमा उनले थाइल्यान्डविरुद्ध डेब्यु गर्ने अवसर पाइन्। उनले अहिलेसम्म १० टी-२० आई खेलेकी छिन्। उनले १० टी-२० आई खेलमा आठ विकेट हात पारेकी छिन्। ब्याटिङ र बलिङमा उनले ग्लोबल टी-२० आईमा योगदान दिन सक्छिन्।

रोमा थापा

नेपाली टोलीमा रोमाको भूमिमा विकेटकिपर ब्याट्समान हो। अहिलेको टोलीमा उनी पनि सिनियर खेलाडीमै पर्छिन्। सन् २०१९ मा उनले चीनविरुद्ध टी-२० आईमा डेब्यु गरेकी थिइन्। दायाँहाते ब्याट्समान रोमाले ३२ अन्तर्राष्ट्रिय खेलमा एक सय २० रन बनाएकी छिन्। उनले करिअरमा सात चौका प्रहार गरेकी छिन्। ग्लोबल छनोटको अभ्यास खेलमा उनले अमेरिकाविरुद्ध १६ रन तथा आयरल्यान्डसँगको खेलमा पाँच रन बनाएकी थिइन्।

सोमु विष्ट

गत अक्टोबरपछि सोमुले टोलीमा स्थान बनाएकी हुन्। उनको विशेषता नै अफ स्पिन बलिङ गर्नु हो। दायाँहाते अफ स्पिनर सोमुले सन् २०२३ मा तान्जानियाविरुद्ध टी-२० आईमा डेब्यु गरेकी थिइन्। अहिलेसम्म सात टी-२० आई खेलमा उनले चार विकेट हात पारेकी छिन्। घरेलु मैदानमा उनको बलिङमाथि टोलीले आशा गरेको छ।

मनीषा उपाध्याय

यू-१९ को उमेर समूहदेखि सिनियर टोलीसम्मको यात्रामा मनीषाको प्रदर्शन अब्बल छ। बायाँहाते स्पिनर मनीषाले गत वर्ष सिनियर टोलीमा डेब्यु गरेकी थिइन्। उनले अहिलेसम्म आठ टी-२० आई खेलमा १२ विकेट लिएकी छिन्। एसियन विश्वकप छनोटमा गतिलो प्रदर्शनपछि उनी लगातार टोलीमा छिन्। सिनियर टोलीमा मनीषा उदयीमान खेलाडीका रूपमा छिन्।

रिया शर्मा

गत वर्ष नेपालले यू-१९ महिला विश्वकप खेल्दा रिया पनि प्रमुख सदस्य थिइन्। उनले त्यसवेला उपकप्तानी जिम्मेवारी सम्हालेकी थिइन्। उमेर समूहदेखि सिनियर टोलीसम्म सहजै स्थान बनाएकी रियाले गत वर्ष युगान्डामा भएको चारदेशीय सिरिजमा नामिबियाविरुद्ध डेब्यु गरेकी थिइन्। अहिलेसम्म उनले १६ टी-२० आईमा तीन विकेट लिएकी छिन्। उनले अन्तिमपटक नेपाली टोलीबाट मलेसियामा भएको टी-२० आई खेलेकी थिइन्।

रचना चौधरी

यू-१९ विश्वकप टोलीकी सदस्य रचनाले गत वर्ष सिनियर टोलीमा डेब्यु अवसर पाइन्। रचनाले थाइल्यान्डसँगको खेलमा टी-२० आईमा डेब्यु गरेकी हुन्। बायाँहाते स्पिनर उनले अहिलेसम्म १३ टी-२० आई खेलमा पाँच विकेट लिएकी छिन्। ब्याटिङका क्रममा उनले दुई रन मात्र बनाएकी छिन्। उनले यू-१९ विश्वकपमा ६ विकेट लिएकी थिइन्।

नीरजद्वारा सूर्य नेपाल इस्टर्न ओपनको उपाधि रक्षा



नयाँ पत्रिका

साबिक विजेता नीरज तामाङले शुक्रबार सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गतको सूर्य नेपाल इस्टर्न ओपनको उपाधि रक्षा गरेका छन्। नेपालका नम्बर एक गल्फर नीरजले लगातार दोस्रोपटक उपाधि जित्ने क्रममा पार ७० को धरान गल्फ क्लबमा अन्तिम राउन्डमा तीन अन्डर ६७ को कार्ड बनाए। उनले समग्रमा ५४ होलको खेल १५ अन्डर एक सय ९५ को लोभलाग्दो स्कोर गरेका छन्। उनले एमेच्योर गल्फर राहुल विश्वकर्मालाई ६ स्ट्रोकले पछि पार्दै करिअरकै चौथो उपाधि जिते। उपाधिसँगै नीरजले एक लाख ७० हजार रुपैयाँ प्राप्त गरे।

राहुलले अन्तिम दिन दुई अन्डर ६८ खेल्दै समग्रमा नौ अन्डर दुई सय एक स्कोर गरी दोस्रो स्थान रक्षा गरेका छन्। अनुभवी गल्फर बलभद्र राईले समग्रमा ६ अन्डर दुई सय चारको स्कोरसहित प्रोफेसनलतर्फ दोस्रो भएका छन्। उनले एक लाख २५ हजार रुपैयाँ जितेका छन्। दिनेश प्रजापतिले चार अन्डर दुई सय ६ को स्कोर गरी प्रोफेसनलमा चौथो स्थान हात पार्दै एक लाख रुपैयाँ पाए।

टंकबहादुर कार्की (७१) र पूर्व नेपाल नम्बर एक प्रोफेसनल गल्फर भुवन नगरकोटी (६९) ले तीन अन्डर दुई सय सातको स्कोरसहित चौथो स्थान बाँडे। पूर्वशीर्ष खेलाडी रवि खड्काले एक अन्डर दुई सय नौको स्कोरसहित प्रोफेसनलतर्फ छैटौं स्थान रक्षा गरे। एमेच्योरतर्फ पदमहाङ लिम्बूले अन्तिम राउन्डमा तीन अन्डर ६९ खेल्दै दुई सय ११ को स्कोरसहित उपविजेता बने।

फ्रन्ट र ब्याक नाइनमा उत्कृष्ट प्रदर्शन

उपाधि रक्षा गर्ने क्रममा नीरजले फ्रन्ट नाइनमा तीन अन्डर ३३ स्कोर गरेका थिए। उनले दोस्रो, तेस्रो र चौथो होलमा लगातार बर्डी प्रहार गरे। ब्याक नाइनमा उनले १०औं, १३औं, १४औं र १५औं होलमा बोगी खेपेका थिए। त्यसपछि ११औं, १२औं, १६औं र १८औं होलमा उनले बर्डीको सफलतामा इभन पार ३४ खेलेका थिए। दोस्रो स्थानमा रहेका राहुलले फ्रन्ट नाइनको तेस्रो, छैटौं र नवौं होलमा बर्डी निकाले। उनले सातौं होलमा बोगीसहित दुई अन्डर ३४ स्कोर गरेका थिए। उनले ११औं होलमा बोगी र १८औं होलको बर्डीले ब्याक नाइन इभन पार ३४ को कार्ड बनाए।

स्थानीय खेलाडी बलभद्रले आठ बर्डी प्रहार गर्दै फ्रन्ट नाइनमा दुई अन्डर ३४ र ब्याक नाइनमा तीन अन्डर ३१ स्कोर गरेका थिए। उनले दोस्रो, तेस्रो, चौथो र आठौं होलमा बर्डी प्रहार गरेका थिए। बलभद्रले ब्याक नाइनमा १५औं होलमा एक सट खेर फाले पनि ११औं, १२औं, १७औं र १८औं होलमा बर्डी प्रहार गरेका थिए। पिजिए नेपालद्वारा सूर्य नेपाल प्रालिको प्रायोजनमा आयोजित ५४ होलको प्रतियोगितामा ३० प्रोफेसनल र २२ एमेच्योर गरी कुल ५२ खेलाडीले सहभागिता जनाएका थिए।

पुरुष साफ फुटसलमा नेपाल विजयी



काठमाडौं/ नेपालले दक्षिण एसियाली फुटबल महासंघ (साफ) फुटसल च्याम्पियनसिपमा शुक्रबार पहिलो खेलमा श्रीलंकालाई २-१ ले हराएको छ। पुरुषतर्फको पहिलो खेलमै नेपालले तीन अंक जोडेको छ। श्रीलंकाको यो पहिलो हार हो। यसअघि श्रीलंकाले भुटानसँग ३-३ को बराबरी खेलेको थियो। थाइल्यान्डको नोन्थाबुरी रंगशालामा नेपाललाई जित दिलाउन सरोज तामाङले दुवै गोल गरेका थिए। श्रीलंकाका मोहम्मद साजानले खेलमा १-० को अग्रता दिलाएका थिए। पहिलो हाफमै सरोजले नेपाललाई १-१ को बराबरीमा ल्याए। उनले दोस्रो हाफमा थप गोल गर्दै नेपालको जित सुनिश्चित गरे। उनले खेलको १५औं र २१औं मिनेटमा गोल गरेका हुन्।

खेल संक्षेप

चेल्सी र रिब्स उपाधिनजिक

काठमाडौं/ चेल्सी वर्ल्ड स्कुल र साबिक विजेता रिब्स पाँचौं केएमसी अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको सिनियर महिलातर्फ शुक्रबार फाइनलमा प्रवेश गरेका छन्। चेल्सीले आयोजक केएमसीलाई २९-११ ले पराजित गऱ्यो। चेल्सीकी तेन्जिङ कुसाङले १० स्कोरको योगदान गरिन्। रिब्सले द चाँदबाग स्कुललाई २७-१९ ले हरायो। रिब्सकी सुप्रिया मल्लले १२ स्कोर गरेकी थिइन्। सिनियर पुरुषमा गोल्डेनपिक र बालदीक्षा सदनले उपाधि भिडन्त पक्का गरेका छन्। गोल्डेनपिकले मार्वलसलाई ६८-५८ ले पाखा लगायो। गोल्डेनपिकको जितमा विजयी तामाङले १८ स्कोर गरेका थिए। बालदीक्षाले काठमाडौं जेभियर्स पब्लिकलाई ५३-२७ ले सहजै पाखा लगायो। बालदीक्षाका सयल महर्जनले २८ स्कोरको योगदान गरे। जुनियर पुरुषमा ग्रिनफिल्ड र इडेन ब्रिज एकेडेमी (इबिए) फाइनलमा पुगेका छन्। ग्रिनफिल्डले ग्रिन लन्समाथि २२-१२ को जित दर्ता गऱ्यो। ग्रिनफिल्डका अजय मगरले १२ स्कोर गरे। इबिएले गोल्डेनपिकलाई २७-२२ ले हरायो।

अभिकको लगातार पाँचौं जित

काठमाडौं/ सेन्ट जेभियर्स कलेजका अभिक शाहले हिमालयन च्यालेन्जर्स फिडे रेटिङ क्लासिकल बुद्धिचालमा लगातार पाँच खेल जित्दै शीर्ष स्थान बलियो बनाएका छन्। हिमालयन चेस एकेडेमीको आयोजनामा भइरहेको प्रतियोगितामा १९१८ रेटेड अभिकले पाँचौं चरणमा सात्विकमान तुलाधरलाई हराए। सजल न्यौपाने, लियोन महर्जन, अरिज राई, निहाना श्रेष्ठ, अभिक रेग्मी, निवा राई, ईश्वर लामा र अरण्य तुलाधर पनि विजयी भएका छन्। ९० मिनेट र ३० सेकेन्डको इन्क्रिमेन्ट समय रहेको प्रतियोगिता युवा खेलाडीको स्तरोन्नतिका लागि आयोजना भएको एकेडेमीकी संस्थापक मोनालिसा खम्बूले बताइन्।

हिमालयन च्यालेन्जर्स क्लासिकलमा प्रत्येक जितमा ३ अंक र बराबरीमा १ अंक दिइने नियम छ। अभिक शाह ५ जितसहित १५ अंक बनाएर शीर्ष स्थानमा रहे। सजल, आशीर्वाद र लियोन समान ४ जितसहित १२ अंकमा छन्।

बंगलादेशलाई फकाउँदै आइसिसी

एजेन्सी

अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले बंगलादेश क्रिकेट बोर्ड (बिसिबी)सँग वार्ताको तयारी गरेको छ। आइसिसी टी-२० पुरुष विश्वकपमा आफ्ना खेलहरू भारतमा नखेल्ने र श्रीलंकामा गएर प्रतिस्पर्धा गर्न पाउनुपर्ने अडान बंगलादेशले राखेको छ। विश्वकपअगाडि बंगलादेशको यस निर्णयले आइसिसी द्विविधामा परेको छ। आइसिसीले विश्वकपलाई सफल बनाउन दुई पक्षलाई सामानान्तर रूपमा व्यवहार गर्नुपर्नेछ।

विश्वकपको विवाद सुल्झाउन आइसिसीका दुई प्रमुख अधिकारीले बिसिबीसँग वार्ताको तयारी गरेको एजेन्सीले जनाएको छ। बिसिबीका डाइरेक्टर इफतेखार रहमानले पनि शुक्रबार आइसिसीका पदाधिकारी बंगलादेश आउन लागेको जानकारी दिएका छन्। 'आइसिसीका प्रतिनिधि शनिबारसम्म ढाका आउनेछन्,' रहमानले भने, 'आइसिसीका जिम्मेवार अधिकारीले विवाद सुल्झाउने आशा छ।'

सेर ए बंग्ला राष्ट्रिय रंगशालामा हुने विशेष बैठकमा बंगलादेश क्रिकेट बोर्डका अधिकारी र सरकारबाट मोहमद युनिस रहनेछन्। गत १३ जनवरीमा आइसिसीका प्रतिनिधिले बिसिबीका अधिकारीसँग भिडियो कलमा छलफल गरेका थिए। सो वार्तामा कुनै निष्कर्ष निस्केन। दुई साताअघि भारतीय क्रिकेट बोर्ड (बिसिसिआई)ले कोलकाता नाइट राइडर्सका बंगलादेशी खेलाडी रहमानलाई निकाल्न निर्देशन दिएपछि बंगलादेश र भारतबिचको सम्बन्ध चिसिएको हो।

बंगलादेशले आफ्ना खेलाडीलाई अपमान गरेको जनाउँदै विश्वकपमा भारतीय भूमिमा प्रतिस्पर्धा नगर्ने निर्णय गरेको थियो। आइसिसीलाई तत्काल पत्रमातर्फ उनीहरूले श्रीलंकाली भूमिमा आफ्ना खेल राख्न आग्रह गरेको थियो। तर, आइसिसीले उल्टै माग सम्बोधन गर्नुको सट्टा बंगलादेशलाई भारतमै आएर खेल्नुपर्ने र प्रतिस्पर्धामा सहभागी नहुँदा दुई अंक काटिने भनी चेतावनी दिएको थियो।

आइसिसीको यस्तो चेतावनीपछि बंगलादेश थप रुष्ट भयो। त्यसपछि बिसिबीले राष्ट्रियता सम्बन्धमा कसैसँग सम्झौता नगर्ने बतायो। 'हाम्रा लागि सबैभन्दा ठुलो राष्ट्र र खेलाडी हो। त्यसपछि मात्र विश्वकप हो। यदि यी दुवै पक्षमा आइसिसीले विचार गरेन



श्रीलंकामा आफ्ना खेल नहुँदा आइसिसी टी-२० विश्वकपसमेत बहिष्कार गर्ने चेतावनी दिएको बंगलादेशसँग विवाद सुल्झाउन आइसिसीका दुई पदाधिकारी शनिबार ढाकामा छलफल गर्दै

भने बंगलादेशले विश्वकप नखेल्न सक्छ,' बिसिबीले आइसिसीलाई पठाएको पत्रमा भनिएको थियो, 'यस पक्षमा सम्बन्धित निकायले गम्भीर भएर निर्णय गर्नुपर्छ।'

बंगलादेशले पाकिस्तानको उदाहरण आइसिसीसमक्ष राखेको छ। एसिया कप तथा च्याम्पियन्स ट्रफीमा पाकिस्तानमा आफ्ना खेलाडी असुरक्षित रहेको भनी भारतले श्रीलंका र दुबईमा प्रतिस्पर्धा गरेको थियो। 'यदि भारत पाकिस्तानमा नगएर अन्य राष्ट्रमा प्रतिस्पर्धा गर्न मिल्छ भने हामी पनि हाम्रा खेलाडीको सुरक्षाका कारण भारतमा जान सक्दैनौं र अन्य तटस्थ भूमिमा खेल्न पाउनुपर्छ,' बिसिबीले भनेको छ।

बंगलादेश पछि नहट्ने

दुईवटा क्रिकेट बोर्डबिचको विवाद सुल्झाउन विशेष प्याकेजका साथ आइसिसीका प्रतिनिधि शनिबार ढाका पुग्दा बंगलादेशले आफू पछाडि नहट्ने जनाएको छ। आइसिसीले बारम्बार बंगलादेशलाई निर्णयमाथि पुनर्विचार गर्न भनेको छ। तर, बिसिबीले भने भारतसँग घुँडा नटेक्ने र जस्तोसुकै कारबाही भोग्न तयार भएको प्रस्ट रूपमा आइसिसीलाई जवाफ दिइसकेको छ। यो केवल उनीहरूबिचको भिडियो-वार्तामा भएको थियो। अब प्रत्यक्ष रूपमा फेस टु फेस हुँदा दुई पक्ष नै केही लचिलो हुन सक्ने एजेन्सीले जनाएको छ। 'खेलाडी, अफिसियल र स्टाफहरूको सुरक्षा हुनुपर्छ। हामीलाई लाग्दैन कि भारतमा हाम्रा खेलाडी सुरक्षित छन्,' बिसिबीका डाइरेक्टर रहमानले भने, 'हामी यस पक्षमा निर्धक्क हुन सक्दैनौं।'

रहमानबाट सुरु भएको विवाद

बंगलादेशमा एक हिन्दुको हत्या भएपछि दुई राष्ट्रबिच राजनीति टकराव भएको थियो। यसको असर क्रिकेटसम्म पुग्यो। बिसिसिआईले तत्काल आइपिएलको फ्रेन्चाइज टोली कोलकाता नाइट राइडर्सलाई बंगलादेशी खेलाडी मुस्तफिजुर रहमानलाई निकाल्न निर्देशन दियो। कोलकाताले पनि बिसिसिआईको निर्देशनअनुसारै उनलाई टोलीबाट हटाइयो। अघिल्लो महिना दुबईमा भएको आइपिएलको अक्समा कोलकाताले रहमानलाई नौ करोड २० लाख भारुमा अनुबन्ध गरेको थियो। बंगलादेशले पनि प्रतिशोध लिँदै आफ्नो देशमा आइपिएल खेल प्रसारण नहुने निर्णय गऱ्यो। आइपिएलबाट रहमानलाई हटाएको घटना अब विश्वकपसम्म पुगेको छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com